सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

११ असार २०८२, बुधबार (25 June 2025, Wednesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ७३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ रानीपौवा-त्रिशूली सडक ११ वर्षदेखि बेहाल

## पुरानो ठेक्का तोडिएको चार वर्ष बित्यो, नयाँ ठेक्का अझै अनिश्चित



काठमाडौंलाई नुवाकोटसँग जोड्ने मुख्य पासाङल्हामु सडकखण्ड ११ वर्षदेखि अस्तव्यस्त, दुई खण्डमा सडक विस्तार र कालोपत्रेको काम थालिए पनि हाल एउटा खण्डमा मात्रै काम, अर्को खण्ड भने बेहाल

(विस्तृत पृष्ठ ३)

## विद्या–ओली संवादको अन्तर्य



अग्रलेख

● प्रकाश थापा

केपी ओली-विद्या भण्डारी भेट एमाले पार्टी र समग्र नेपालको राजनीतिक शक्ति संरचनाभित्र फेरि उब्जन लागेको हलचलको पूर्वसंकेत हो

(विस्तृत पृष्ठ ४)

## युद्धविराम स्विकारेपछि पनि इरान र इजरायलले रोकेनन् मिसाइल आक्रमण



इजरायलविरुद्ध अमेरिकी राष्ट्रपतिको दुर्लभ सार्वजनिक आक्रोश

(विस्तृत पृष्ठ ५)

## उपत्यकाका अधिकांश स्थानीय तहले ल्याए बजेट




मेयर बालेन शाह, उपमेयरसहितका अन्य प्रतिनिधि र कर्मचारीबिच विवाद हुँदा काठमाडौं महानगर नीति-कार्यक्रम र बजेटविहीन

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ भिजिट भिसाको आवरणमा मानव तस्करी प्रकरण

# अनुसन्धानको घेरामा रहेका गृहमन्त्री लेखककै छनोट र प्रस्तावमा छानबिन समिति गठन



● **विमल कोइराला**, पूर्वमुख्यसचिव

भिजिट भिसा राजनीतिक विषय हो। यसलाई प्रशासनिक समाधानबाट टुंग्याउन सकिँदैन। छानबिनको कुरा हो भने कानुनविद् चाहिन्छ। छानबिन र सुधार दुई फरक पाटो हुन्। सरकारको उद्देश्य अनियमितताको छानबिन हो भने त्यसअनुसार कानुनी संयन्त्र चाहिन्छ। केवल प्रशासनिक सुधार हो भने अहिलेको समिति ठिक छ। तर, दुवै गर्न खोजिएको हो भने संयोजन आवश्यक पर्छ। सहकारी प्रकरणजस्तै छानबिन चाहिएको हो भने यो संरचना पर्याप्त हुँदैन। राजनीतिक रूपमै सर्वस्वीकार्य ढंगले समाधान खोज्नुपर्छ।



● **स्वर्णिम वाग्ले**, उपसभापति, रास्वपा

शंकरदास बैरागी अहिलेका निगाह प्राप्त नेताहरूको गुडबुक्समा रहनुपर्ने र स्वार्थको द्वन्द्वबाट भेलिएका पात्र हुनुहुन्छ। त्यसैले, उहाँले यो जिम्मेवारी लिनुहुन्न भन्ने हाम्रो मत छ। सुनील पौडेल, विकल पौडलहरू जोडिएको टेलिकमसँग सम्बन्धित घोटालामा कतै न कतै बैरागीको साइनो देखिन्छ। उहाँ स्वयं सक्षम निकायहरू (अख्तियार)को राडरमा हुनुहुन्छ। राडरमा भएका व्यक्तिले कसको छानबिन गर्छ ?

**कमलराज भट्ट**/नयाँ पत्रिका

भिजिट भिसाको आवरणमा भएको मानव तस्करीमा शंकाको घेरामा रहेका गृहमन्त्री रमेश लेखककै छनोट र प्रस्तावमा सरकारले पूर्वमुख्यसचिव शंकरदास बैरागीको नेतृत्वमा छानबिन समिति गठन गरेको छ। उनी आफैंले आफ्नै प्रस्तावमा मन्त्रिपरिषद्दले समिति गठन गरेको संसद्मा बताएका छन्। तर, गृहमन्त्रीकै मातहतका कर्मचारीसमेत राखेर बनाइएको समितिले निष्पक्ष छानविन गर्नुको सट्टा गृहमन्त्रीलाई उन्मुक्ति मात्रै दिने भन्दै संसद्का चौथो र पाँचौं दलले विरोध जनाएका छन्।

संसदीय छानविन समिति वा न्यायिक समितिको माग गर्दै आएको राष्ट्रिय स्वतन्त्र पार्टीले सरकारले बनाएको छानविन

» पृष्ठ ७ मा क्रमशः

■ गृहमन्त्री लेखकले संसद्मा भने-

अध्यागमन र भिजिट भिसाका सम्बन्धमा विगतदेखि नै देखिएका सबै समस्याको समग्रतामा कसरी समाधान हुन सक्छ भनेर मैले नै प्रस्ताव गरेर मन्त्रिपरिषद्ले एउटा निर्णय गरेको छ। अख्तियारबाट भइरहेको अनुसन्धानमा असर नपर्ने गरी मन्त्रिपरिषद्को निर्णयअनुसार उच्चस्तरीय अध्ययन एवं छानबिन समिति गठन गरिएको छ।



रमेश लेखक



पूर्वमुख्यसचिव **शंकरदास बैरागी**

## अध्यागमनमा अहिले पनि सेटिङ जारी

अख्तियारले विमानस्थलमा भिजिट भिसामा हुने असुलीको विस्तृत अनुसन्धान गरिरहँदा पनि विमानस्थलमा सेटिङ अझै रोकिएको छैन। कर्मचारीको सेटिङमा व्यक्तिहरू उडिरहेको सूचना अख्तियारसँग छ। 'पहिलेजस्तो संगठित छैन, तर केही कर्मचारीले अहिले पनि सेटिङमा प्रस्थान अनुमति दिइरहेको सूचना आएको छ,' अख्तियारका एक अधिकारीले भने। अख्तियारले गत ७ जेठमा सहसचिव तीर्थराज भट्टराईलाई नियन्त्रणमा लिई अनुसन्धान थालेको थियो। हालसम्मको अनुसन्धानमा उनले सिंगो अध्यागमनलाई नै भिजिट भिसाको सेटिङमा परिचालन गरी असुली गरेको प्रमाण भेटिसकेको छ। सेटिङमा नेपाली मात्र होइन, भारतीय र बंगलादेशी नागरिकलाई एनओसीविना नै नेपालबाट तेस्रो मुलुक पठाउँदा पनि मोटो रकम असुलीको प्रमाण भेटिएको छ। अख्तियारले सहसचिव भट्टराईसँग प्रत्यक्ष कारोबारमा देखिएका अध्यागमनका अन्य अधिकृतलाई समेत बयानमा बोलाइसकेको छ।

प्रमुख फेरिए पनि विमानस्थलस्थित अध्यागमन कार्यालयमा कर्मचारीको पुरानै सेट छ। जसमध्ये धेरैको भिजिट भिसामा विदेश पठाउने ट्राभल एजेन्सी, म्यानपावर सञ्चालकलगायतसँग सेटिङ छ। अन्य कर्मचारीको सेटिङ केही दिन रोकिएकोमा फेरि चल्न थालेको स्रोत बताउँछ। यस विषयमा प्रहरीमा समेत प्रमाणसहित उजुरी परेका छन्। तर, प्रहरीले अनुसन्धान गर्न सकेको छैन। त्यसो त अध्यागमन प्रमुखका रूपमा पठाइएका सहसचिव विष्णुप्रसाद कोइरालालाई पनि गृह मन्त्रालयले सेटिङकै लागि पठाएको मन्त्रालय स्रोतको दाबी छ।

■ अध्यागमनको तस्करी

## छानबिन हुन्छ, प्रतिवेदन हराउँछ, अर्को समिति बन्छ

**काठमाडौं**/ सरकारले पूर्वमुख्यसचिव शंकरदास बैरागीको अध्यक्षतामा अध्यागमनबाट हुने मानव तस्करीको छानबिन गर्न फेरि समिति बनाएको छ। तर, विगतका समितिका महत्वपूर्ण प्रतिवेदन दराजमै थन्क्याइएको अनुभवले यस समितिप्रति सुरुमै आशंका जन्मिएको छ। गृह मन्त्रालयका एक अधिकारी भन्छन्, 'दिनमै एक करोडसम्म असुली हुने भएकाले अध्यागमनमा सेटिङको सञ्जाल बलियो भइसकेको छ। शक्तिकेन्द्रसम्म पैसा पुग्ने भएकाले पूर्ण सुधार सम्भव छैन। छानबिन समिति बन्दैमा ढुक्क हुन सकिँदैन।'

अध्यागमनको छाडापन देशकै लागि खतरा छ

● **विज्ञानराज शर्मा**
पूर्वएआइजी



छानबिन समितिले सुधार हुँदैन, नियत सुध्रिनुपर्छ

● **फणीन्द्रमणि पोखरेल**
पूर्वसहसचिव



समिति बनाउने र प्रतिवेदन कार्यान्वयन नगर्ने डरलाग्दो अभ्यास छ। ०७८ यता बनेका तीन समितिका प्रतिवेदनको प्रभावकारी कार्यान्वयन भएन। र, अहिले चौथो समिति बनाइएको छ।

०७८ माघमा भिजिट भिसामा संयुक्त अरब इमिरेट्स (युएई) पुगेका सयौं नेपाली नागरिक सडकमै अलपत्र परे। अध्यागमनमै भएको मिलेमतोका आधारमा उनीहरू विदेश पुगेको सूचना बाहिरिएपछि गृह मन्त्रालयले तत्कालीन सहसचिव फणीन्द्रमणि पोखरेलको संयोजकत्वमा अध्ययन समिति गठन गऱ्यो। तर, उक्त समितिले अध्यागमन कर्मचारीको मिलेमतोबारे छानबिन नगरी भिजिट भिसामा कडाइ गर्न मात्र सिफारिस गऱ्यो। त्यसकै आधारमा न्यूनतम एसएलसी प्रमाणपत्र र बैंक ब्यालेन्स

» पृष्ठ ७ मा क्रमशः

■ खुला विश्वविद्यालयका कानुनका विद्यार्थीमाथि बार काउन्सिलको छेकबार

## अधिवक्ता लाइसेन्सको परीक्षा दिन वञ्चित

■ **०७७ देखि नै परीक्षामा वञ्चित गरेकामा गत वर्ष सर्वोच्च अदालतको स्टे अर्डरपछि मात्रै सहभागी हुन पाए, यसपालि फेरि रोक्ने सूचना**

■ **खुला विश्वविद्यालयले अनलाइन कक्षामा पठनपाठन गराउँछ, काउन्सिलले त्यही अनलाइन कक्षामाथि प्रश्न तेर्स्यायो**



**शिवहरि घिमिरे**/नयाँ पत्रिका


खुला विश्वविद्यालयबाट कानुन पढेका विद्यार्थीलाई नेपाल बार काउन्सिलले अधिवक्ता लाइसेन्सको परीक्षाबाट वञ्चित गराएको छ। विश्वविद्यालय ऐनअनुसार सरकारले नै सञ्चालन गर्दै आइरहेको खुला विश्वविद्यालयको अनलाइन कक्षामाथि प्रश्न तेर्स्याउँदै काउन्सिलले परीक्षामै वञ्चित गरेको हो।

काउन्सिलको परीक्षामा खुला विश्वविद्यालयका विद्यार्थीलाई सहभागी नगराइने भनेर सूचना जारी गरेपछि उनीहरू अन्योलमा परेका छन्। काउन्सिलले ०७७ देखि नै खुला विश्वविद्यालयका विद्यार्थीलाई परीक्षामा वञ्चित गराउँदै आएकामा यस वर्ष पनि उही प्रवृत्ति दोहोऱ्याएको हो। यस वर्ष ५० विद्यार्थी परीक्षा फारम भर्नबाट वञ्चित हुने अवस्थामा छन्। अधिवक्ताको लाइसेन्सका लागि काउन्सिलले लिने परीक्षाको फारम भर्ने मिति २१ असारसम्म मात्रै छ। गत वर्ष पनि सर्वोच्चबाट स्टे अर्डरपछि मात्रै विद्यार्थी काउन्सिलको परीक्षामा सामेल हुन पाएका थिए। काउन्सिलबाट अन्यायमा परेका विद्यार्थीले रिट दायर गरेपछि सर्वोच्चको संवैधानिक इजलासले ६ पुस ०८० मा स्टे अर्डर दिएको थियो। त्यसपछि बल्ल विद्यार्थीले परीक्षा फारम भर्न पाएका थिए। त्यतिबेला खुला विश्वविद्यालयका नौजना विद्यार्थी सहभागी भएकामा सातजना अधिवक्ताको लाइसेन्स निकाल्न सफल भएका थिए।

» पृष्ठ ७ मा क्रमशः

# रिजाल क्यानिङ कम्पनीको जग्गा जफत गर्नुपर्ने प्रतिवेदन भूमि मन्त्रालयमै अलपत्र





रिजाल क्यानिङ एण्ड कम्पनिले हदबन्दी छुटमा प्राप्त गरेको जग्गा उदेश्य अनुरुप प्रयोग भए नभएको सम्बन्धमा छानविन

प्रतिवेदन

प्रतिवेदन प्रस्तुतकर्ता
निर्देशक गुरु प्रसाद रेग्मी
प.ना.अ. बिनोट कुमार पोखरेल
मु.सु अ. नरेन्द्र पौडेल
प.ना.अ. शशिकान्त झा
शाखा अधिकृत पवनराज कोइराला

**नवराज मैनाली**/नयाँ पत्रिका

इटहरीस्थित रिजाल क्यानिङ एन्ड कम्पनी प्रालिले हदबन्दी छुट पाएको जग्गा तोकिएको उद्देश्यअनुसार प्रयोग नगरेपछि सरकारको एक समितिले १० वर्षअघि नै जफत गर्न सिफारिस गरेको थियो। तर, अहिलेसम्म कार्यान्वयन भएको छैन। सो कम्पनीका नाममा ५० बिघा ११ कट्ठा जग्गा छ। यो कम्पनी पूर्वप्रधानमन्त्री नरेन्द्रप्रसाद रिजालको परिवारका सदस्यको हो।

फलफूल प्रशोधन उद्योगका नाममा छुट पाएको जग्गा सोही प्रयोजनमा प्रयोग नभएको भन्ने सूचनाका आधारमा भूमि व्यवस्था, सहकारी

» पृष्ठ ७ मा क्रमशः

### हदबन्दी छुटको साढे चार बिघा जग्गा बिक्रीमा मन्त्रिपरिषद्कै दुरुपयोग

मन्त्रिपरिषद्कै निर्णयका आधारमा विराटनगरस्थित रिजाल क्यानिङ एन्ड कम्पनी प्रालिको चार बिघा पाँच कट्ठा नौ धुर जग्गा सट्टापट्टाका नाममा बिक्री भएको देखिन्छ।

१६ मंसिर ०६६ मा बसेको मन्त्रिपरिषद् बैठक र १७ पुस ०६६ मा बसेको मन्त्रिपरिषद्को सामाजिक समितिको बैठकको निर्णयका आधारमा सो जग्गा सट्टापट्टा भएको थियो। पतञ्जली योगपीठको जग्गामा जस्तै यसमा पनि मन्त्रिपरिषद्बाट गलत निर्णय भएको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गरिरहेको छ।

माधवकुमार नेपाल प्रधानमन्त्री भएकै समयमा त्यसरी जग्गा बिक्री गरिएको थियो। पछि मन्त्रिपरिषद्को सामाजिक समितिबाट त्यसलाई अनुमोदन गरी कार्यान्वयनका लागि ६ पुस ०६६ मा भूमि व्यवस्था मन्त्रालयमा पत्राचार भएको थियो। प्रधानमन्त्री कार्यालयका तत्कालीन सचिव रामचन्द्रमान सिंहले यस्तो पत्राचार गरेका थिए। सिंह मन्त्रिपरिषद्को सामाजिक समितिका सचिव थिए।

स्रोतका अनुसार यसरी बिक्री गर्न दिइएको जग्गाको तत्कालीन मूल्य करिब ५० करोड रुपैयाँ छ। सोही कारण त्यसमा ठुलो चलखेल भएको थियो। विराटनगरको बजार क्षेत्रको जग्गा बिक्री गरी ग्रामीण क्षेत्रमा पर्ने तत्कालीन बनिगामा गाविस वडा नम्बर ३ मा जग्गा सट्टापट्टा गर्न दिने निर्णय गरिएको थियो। पछिल्ला वर्ष गिरीबन्धु टी इस्टेटको जग्गा पनि यसैगरी सट्टापट्टा गर्न दिने चलखेल अघि बढेकोमा सर्वोच्च अदालतले रोकिदिएको थियो।

# बलात्कार मुद्दामा सफाइ पाएको भोलिपल्टै डिएसपीनिवासमा पार्टी

## सफाइ पाएका व्यक्तिले गरे अनुसन्धान अधिकृतको 'बर्थ डे सेलेब्रेसन'



■ वरिष्ठ अधिवक्ता शैलेन्द्र अम्बेडकर भन्छन्- प्रहरी नेतृत्व यसप्रति गम्भीर बन्नुपर्छ

एक तहको अदालतले सफाइ दिएको भोलिपल्टै प्रहरी नेतृत्व र अनुसन्धान अधिकारीले सोही व्यक्तिसँग डिएसपीको निवासमा पार्टी गर्नुलाई जायज मान्न सकिन्न। प्रहरीको केन्द्रीय नेतृत्व यस विषयमा गम्भीर बन्नुपर्छ।



■ मधेश प्रहरी प्रमुख डिआइजी उमाप्रसाद चतुर्वेदी भन्छन्- छानबिन भइरहेको छ

तपाईंले चासो राख्नुभएको विषयबारे जानकार छु। यस विषयमा छानबिन भइरहेको छ।

राजविराजमा **सौरभ यादव**

जबर्जस्ती करणीको मुद्दामा सफाइ पाएको भोलिपल्टै आरोपीले जिल्ला प्रहरी कार्यालय सप्तरीपरिसरमा डिएसपी जितेन्द्रकुमार बस्नेतको क्वार्टरमा भव्य पार्टी आयोजना गरेका छन्। बलात्कार मुद्दामा जिल्ला अदालत सप्तरीबाट गत ४ जेठमा सफाइ पाएका राजविराज नगरपालिका- ६ का आकाश आदर्शले भोलिपल्टै मुद्दाको अनुसन्धान अधिकृत रहेका प्रहरी निरीक्षकको 'बर्थ डे सेलेब्रेसन' गरेका हुन्।

यो मुद्दामा तत्कालीन अनुसन्धान अधिकृत रहेका जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक मनीष श्रेष्ठको जन्मदिन सेलेब्रेसन

» पृष्ठ ७ मा क्रमशः



फोटोमा सुन्तला रङको टिसर्ट लगाएका व्यक्ति बलात्कार मुद्दामा जिल्ला अदालत सप्तरीबाट ४ जेठमा सफाइ पाएका आकाश आदर्श हुन्। उनीविरुद्ध पीडित पक्ष माथिल्ला दुई तहका अदालतमा जान सक्ने प्रावधान कायमै छ। तर, आदर्शले जिल्लाबाट सफाइ पाएको भोलिपल्टै आफ्नै मुद्दाको अनुसन्धान अधिकृत रहेका प्रहरी निरीक्षक मनीष श्रेष्ठ (मैनबत्ती बोकेका)को 'बर्थ डे सेलेब्रेसन' गरे। पार्टी पनि अन्त भएको होइन, सिराहा प्रहरी कार्यालयपरिसरमै डिएसपी जितेन्द्रकुमार बस्नेत (सेतो टिसर्ट लगाएका)को क्वार्टरमा। बर्थ डे पार्टीमा मोबाइलबाट फोटो खिचिरहेका व्यक्ति पनि जिल्ला प्रहरी कार्यालयकै इन्स्पेक्टर उदयकुमार राई हुन्।

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५३६७६२५/५३५८८६०, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-५३६७६२५/५३५८८६० (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

# धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

## तपसिल

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १ | **ऋणी कम्पनी: सलोमी कृषि फार्म प्रा.लि.,** संचालक/शेयरधनी तथा जमानीकर्ता: प्रकाश बलामी, नारायण कुमार भट्टराई, संगम पौडेल र सरोज बुढाथोकी क्षेत्री<br>दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं: २५४१६७/०७७/०७८, दर्ता मिति २०७७/१०/१५, ठेगाना: जिल्ला मकवानपुर, थाहा न.पा. वडा नं. १ |
| | **धितोको विवरण** |
| | १) बुद्धि बहादुरको नाति, श्यामलाल बलामीको छोरा, मकवानपुर जिल्ला, बज्रबाराहि गाउँ पञ्चायत वडा नं. ७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, थाहा न.पा. वडा नं. १ मा बस्ने वीर बहादुर बलामीको नाममा मालपोत कार्यालय शिखरकोट, मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पालुङ गा.वि.स. वडा नं. २ (हाल थाहा न.पा. वडा नं. १) स्थित कित्ता नं. ९५७ को क्षेत्रफल २-११-०-० (रोपनी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं २५४१६७/०७७/०७८ अन्तर्गत मिति २०७७/१०/१५ मा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको मकवानपुर जिल्ला, थाहा न.पा. वडा नं. १ स्थित सलोमी कृषि फार्म प्रा.लि.को नाममा मालपोत कार्यालय शिखरकोट, मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पालुङ गा.वि.स. वडा नं. २ (हाल थाहा न.पा. वडा नं. १) स्थित कित्ता नं. ९५९ र ९५८ को क्षेत्रफल क्रमश: २-११-०-० र २-१०-०-२ (रोपनी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>३) सलोमी कृषि फार्म प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| २) | **१) ऋणी फर्म: महेन्द्र कपडा पसल,** प्रोप्राईटर तथा जमानीकर्ता: भिम बहादुर शाही<br>दर्ता नं.: उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, बिरेन्द्रनगर, सुर्खेतमा प्रा.फ.र.नं.२८६/०६४/०६५, दर्ता मिति: २०६४/०५/०५, ठेगाना: जिल्ला सुर्खेत, बिरेन्द्रनगर न.पा. वडा नं. ६ |
| | **२) ऋणी: मिमकोशा शाही**<br>स्थायी ठेगाना: कालिकोट जिल्ला, चिल्खाया गा.वि.स. वडा नं. ०९, हालको ठेगाना: सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा वडा नं. ०४<br>बाबु: मान बहादुर सिंह, ससुरा: रनदलशाही, पति: भिम बहादुर शाही |
| | **धितोको विवरण** |
| | १) मान बहादुर सिंहकी छोरी, रनदल शाहीकी बुहारी, भिम बहादुर शाहीकी पत्नी, कालिकोट जिल्ला, चिल्खाया गा.वि.स. वडा नं. ९ बस्ने मिमकोशा शाहीको नाममा मालपोत कार्यालय सुर्खेतकोलगतमा दर्ता कायम रहेको, सुर्खेत जिल्ला,गोठीकाँडा गा.वि.स वडा नं. २क स्थित कित्ता नं. ३१५६ को क्षेत्रफल १९८.०२ (ब.मि)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत<br>२) महेन्द्र कपडा पसलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण। |
| ३) | **१) ऋणी फर्म: पर्फेक्ट होम एण्ड सप्लायर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: रेनुका कार्की (दंगाल)<br>दर्ता नं.: वाणिज्य विभाग, फर्म तथा अभिलेख व्यवस्थापन शाखामा प्रा.फ.र.नं: १३७००७६/०७४/७५, दर्ता मिति २०७४/०५/२१, ठेगाना: जिल्ला भक्तपुर, मध्यपुर थिमी न.पा. वडा नं. १६ |
| | **२) ऋणी: भैरब दंगाल**<br>स्थायी ठेगाना: सिन्धुपाल्चोक जिल्ला, भीमटार गा.वि.स वडा नं. १, हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३५<br>बाबु: तुला प्रसाद दंगाल, बाजे: सुर्य कान्त दंगाल |
| | **धितोको विवरण** |
| | १) सुर्य कान्त दंगालको नाति, तुला प्रसाद दंगालको छोरा, सिन्धुपाल्चोक जिल्ला, भीमटार गा.वि.स वडा नं. १ बस्ने भैरब दंगालको नाममा मालपोत कार्यालय सिन्धुपाल्चोकको लगतमा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, भिमटार न.पा./गा.पा. वडा नं. १ (हाल इन्द्रावती गा.पा. वडा नं. ११) स्थित कित्ता नं. १९२८, १९२४ र १९२६ को क्षेत्रफल क्रमश : २५४.३७, ६०६.१२ र ७९४.९१ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) पर्फेक्ट होम एण्ड सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| ४) | **ऋणी फर्म : सृष्टी स्टोर्स,** प्रोप्राईटर तथा जमानतकर्ता : महेन्द्र वरदेवा<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर, झापामा प्रा.फ.र.न.: २११/१००७५ ९, दर्ता मिति : २०७४/०५/२०, ठेगाना : जिल्ला झापा, बुद्धशान्ती गा.पा. वडा नं.३ |
| | **धितोको विवरण** |
| | पदम बहादुर वरदेवाको नाति, ज्ञान ब. दमाईको छोरा, ताप्लेजङ्ग जिल्ला, साव्लाखु गा.वि.स वडा नं. ६ बस्ने महेन्द्र वरदेवा को नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, बुधवारे गा.वि.स. वडा नं. ९ख (हाल बुद्धशान्ती गा.पा. वडा नं. ३), स्थित कित्ता नं. ३८४७ र ३८५५ को क्षेत्रफल क्रमश: ०-०-७.५-० र ०-०-०.७५-० (विगाह)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । |
| ५) | **ऋणी फर्म: हुगो बोस कलेक्शन,** प्रोप्राईटर तथा जमानीकर्ता: कमला राई<br>दर्ता नं.: उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा, प्रा.फ.र.नं. २२६३८/०७७/७८, दर्ता मिति: २०७७/१२/२२, ठेगाना: जिल्ला कास्की, पोखरा म.न.पा. वडा नं. १७ |
| | **धितोको विवरण** |
| | १) ज्ञान बहादुर राईकी छोरी, भक्त बहादुरकी बुहारी, धर्मेन्द्र महर्जनकी पत्नी, भोजपुर जिल्ला, रानिवास गा.वि.स. वडा नं. ९ बस्ने कमला राईको नाममा मालपोत कार्यालय कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १७ स्थित कित्ता नं. २६ को क्षेत्रफल १००.०० (ब.मि) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) हुगो बोस कलेक्शनको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण। |
| ६) | **१) ऋणी फर्म: सोहनुह फेन्सी पसल,** प्रोप्राईटर तथा जमानीकर्ता: सुन बहादुर खड्का<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर, रुपन्देहीमा प्राइभेट फर्म दर्ता ०६३७–२०७९/८०, दर्ता मिति: २०७९/०९/०४, ठेगाना: जिल्ला रुपन्देही, तिलोत्तमा न.पा. वडा नं. १ |
| | **२) ऋणी: सुन बहादुर खड्का**<br>स्थायी ठेगाना: स्याङ्ज्जा जिल्ला, पेलाकोट गा.वि.स.वडा नं. ३, हालको ठेगाना: रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. १, बाबु: भवीलाल खड्का, बाजे: खडक बहादुर खड्का |
| | **धितोको विवरण** |
| | १) खडक बहादुरको नाती, भवीलालको छोरा, स्याङ्ज्जा जिल्ला, पेलाकोट गा.वि.स.वडा नं. ३ बस्ने सुन बहादुर खड्काको नाममा भुमिसुधार तथा मालपोत कार्यालय परासी, नवलपरासीको लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, सुनवल गा.वि.स. वडा नं. ४ख (हाल सुनवल न.पा. वडा नं. ४) स्थित कित्ता नं. २२९ को क्षेत्रफल ०–३–४–० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) सोहनुह फेन्सी पसलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| ७) | **१) ऋणी फर्म: प्रत्यूष इलेक्ट्रोनिक्स एण्ड फोटो सेन्टर,** प्रोप्राइटर तथा जमानीकर्ता: लिला गिरि<br>दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय, धादिङमा प्रा.फ.र.नं. ३५७२/०७४/०७५, दर्ता मिति: २०७४/०८/२०, ठेगाना: जिल्ला धादिङ, गल्छी गा.पा. वडा नं. ७ |
| | **२) ऋणी: पविन गिरी**<br>स्थायी ठेगाना : धादिङ जिल्ला, गजुरी गा.वि.स. वडा नं. १, हालको ठेगाना : धादिङ जिल्ला, गल्छी गा.पा. वडा नं. ७<br>बाबु: राम बहादुर गिरी, बाजे : मोहन गिरी |
| | **धितोको विवरण** |
| | १) रामहरी पाण्डेकी छोरी, राम बहादुरकी बुहारी, पविन गिरीकी पत्नि, धादिङ जिल्ला, गजुरी गा.वि.स. वडा नं. १ बस्ने लिला गिरीको नाममा मालपोत कार्यालय धादिङको लागतमा दर्ता कायम रहेको धादिङ जिल्ला, कल्लेरी गा.वि.स. वडा नं. २ घ (हाल गल्छी गा.पा. वडा नं. १) स्थित कित्ता नं. ५७८ को क्षेत्रफल ०-६-०-० (रोपनी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) महानन्द गिरीकी छोरी, मोहन गिरीकी बुहारी, राम बहादुर गिरीकी पत्नि, धादिङ जिल्ला, गजुरी गा.वि.स. वडा नं. १ बस्ने नानी मैया गिरीको नाममा मालपोत कार्यालय धादिङको लागतमा दर्ता कायम रहेको धादिङ जिल्ला, गजुरी गा.वि.स. वडा नं. १ क (हाल गजुरी गा.पा. वडा नं. १ क) स्थित कित्ता नं. ४०८ र ८५२ को क्षेत्रफल क्रमश: ०-१-२-० र ०-१-१-२ (रोपनी)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>३) प्रत्यूष इलेक्ट्रोनिक्स एण्ड फोटो सेन्टरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| ८) | **१) ऋणी फर्म: आर.वि. ह्याण्डिक्राफ्ट एण्ड आर्टस,** प्रोप्राइटर तथा जमानीकर्ता : रवि शाक्य<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, ललितपुरमा प्रा.फ.द.प्र.प.नं. १६१९२/१३२/०७३/०७४, दर्ता मिति: २०७३/०५/०५, ठेगाना: जिल्ला ललितपुर, ल.पु.उ.म.न.पा. वडा नं. ९ |
| | **२) ऋणी: रवि शाक्य**<br>ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १६, बाबु: पंच राज शाक्य, बाजे: सप्त राज शाक्य |
| | **धितोको विवरण** |
| | १) सप्त राज शाक्यको नाति, पंच राज शाक्यको छोरा ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. १६ बस्ने रवि शाक्यको नाममा भूमिसुधार तथा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं.९ख (हाल ललितपुर म.न.पा. वडा नं. १०) स्थित कित्ता नं. ९८७, ९४१ र २९४ को क्षेत्रफल क्रमश: ०-१-२-०, ०-४-०-० र ०-२-०-३ (रोपनी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) आर.वि. ह्याण्डिक्राफ्ट एण्ड आर्टसको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| ९) | **ऋणी फर्म: अनमोल कृषि फार्म,** प्रोप्राइटर तथा जमानीकर्ता: नमराज जमकटेल<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, विदुर, नुवाकोटमा उद्योग दर्ता नं. १५८५/३२९४/०७१/०७२, दर्ता मिति: २०७१/१२/११, ठेगाना: जिल्ला नुवाकोट, बेलकोटगढी न.पा. वडा नं. १० |
| | **धितोको विवरण** |
| | १) यदु कुमार भट्टकी छोरी, इश्वरी प्रसादकी बुहारी, प्रेमनाथकी पत्नी, नुवाकोट जिल्ला, बेलकोट गा.प. वडा नं. १ बस्ने पार्वती देवी जमकटेलको नाममा मालपोत कार्यालय नुवाकोटको लगतमा दर्ता कायम रहेको नुवाकोट जिल्ला, बेलकोट गा.वि.स. वडा नं. १ (हाल बेलकोटगढी न.पा. वडा नं. १०) स्थित कित्ता नं. ३७१ को क्षेत्रफल ११-१-१-१ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) अनमोल कृषि फार्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| १०) | **१) ऋणी फर्म: श्री दाउन्ने ईलेक्ट्रीकल सेवा,** प्रोप्राईटर तथा जमानीकर्ता: ढुण्डी राज पुरी<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा प्रा.फ.र.नं. १४१८/७९२०/०७२ दर्ता मिति: २०७२/०२/०८, ठेगाना: नवलपरासी जिल्ला, तम्सरीया गा.वि.स. वडा नं. ७ |
| | **२) ऋणी: ढुण्डी राज पुरी**<br>स्थायी ठेगाना : नवलवरासी जिल्ला, नारायणी गा.वि.स. वडा नं. ९, हालको ठेगाना : नवलवरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं. ५, बाबु : तोयनाथ पुरी, बाजे : नारायण पुरी |
| | **धितोको विवरण** |
| | १) नारायण पुरीको नाति, तोयनाथ पुरीको छोरा, नवलवरासी जिल्ला, नारायणी गा.वि.स. वडा नं. ९ बस्ने ढुण्डीराज पुरीको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को लगतमा दर्ता कायम रहेको नवलवरासी जिल्ला, तम्सरीया गा.वि.स. वडा नं. ९ख स्थित कित्ता नं ५५५ को क्षेत्रफल ०-४-९-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) श्री दाउन्ने ईलेक्ट्रीकल सेवाको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| ११) | **१) ऋणी फर्म: एस.पि.एस कम्प्युटर सप्लायर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: अर्चना महतो<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरी प्र.फ.र.नं ६९८३/६५४/०७७/०७८, दर्ता मिति: २०७७/०९/०७, ठेगाना: जिल्ला महोत्तरी, बर्दिबास न.पा. वडा नं. १ |
| | **धितोको विवरण** |
| | १) अरुण कुमार महतोकी छोरी, प्रेम विलास साहकी बुहारी, रवि रंजनकी पत्नि, धनुषा जिल्ला, सोनीगामा गा.वि.स वडा नं २ बस्ने अर्चना महतोको नाममा मालपोत कार्यालय बर्दिबास, महोत्तरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, किसाननगर गा.वि.स. वडा नं. ३ क (हाल बर्दिबास न.पा. वडा नं. ६) स्थित कित्ता नं. ५३० को क्षेत्रफल ९१४.३३ (ब.मि) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) एस.पि.एस कम्प्युटर सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| | **२) ऋणी फर्म: एस.पि.एस कम्प्युटर ईन्सिच्युट एण्ड सर्विस सेन्टर,** प्रोप्राईटर तथा जमानीकर्ता: रवि रन्जन<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरी प्र.फ.र.नं ६९६१/६/०७२/०७३, दर्ता मिति २०७२/०४/१९, ठेगाना: जिल्ला महोत्तरी, बर्दिबास न.पा. वडा नं. १ |
| | **धितोको विवरण** |
| | १) सर्युग साहको नाति, प्रेम विलास साह सुडिको छोरा, धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ११ बस्ने रवि रंजनको नाममा भुमिसुधार तथा मालपोत कार्यालय सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, महिसोथा गा.वि.स. वडा नं ३ (हाल सिर हा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३८९७ को क्षेत्रफल १६९.३२ (ब.मि) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) एस.पि.एस कम्प्युटर ईन्सिच्युट एण्ड सर्विस सेन्टरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण। |
| १२) | **ऋणी: सुरेन सुब्बा**<br>स्थायी ठेगाना : सुनसरी जिल्ला, प्रकाशपुर गा.वि.स. वडा नं.५, हालको ठेगाना : सुनसरी जिल्ला, बराहक्षेत्र न.पा. वडा नं.९, बाबु : लाल बहादुर लिम्बु, बाजे : वम बहादुर लिम्बु |
| | **धितोको विवरण** |
| | उजाल लिम्बुकी छोरी, बम बहादुरकी बुहारी, लाल बहादुरकी पत्नि, सुनसरी जिल्ला, महेन्द्रनगर गा.वि.स. वडा नं. ९ बस्ने विष्णु माया लिम्बुको नाममा भूमिसुधार तथा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता कायम रहेको सुनसरी जिल्ला, महेन्द्रनगर गा.वि.स. वडा नं. ९ब (हाल बराहक्षेत्र न.पा. वडा नं. ९) स्थित कित्ता नं. १८९ को क्षेत्रफल ०-९-८-० (विगाहा) को घरजग्गा तथा सो घर जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । |
| १३) | **ऋणी: बिजय के.सी. खत्री**<br>ठेगाना: सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ८, बाबु: नर बहादुर के.सी खत्री, बाजे: डम्बर बहादुर खत्री<br>**तथा**<br>**नर बहादुर खत्री**<br>ठेगाना: सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ८, बाबु: डम्बर बहादुर खत्री, बाजे: लाल बहादुर खत्री |
| | **धितोको विवरण** |
| | लाल बहादुरको नाति, डम्बर बहादुरको छोरा, सुनसरी जिल्ला, इटहरी न.पा. वडा नं. ८ बस्ने नर बहादुर खत्रीको नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता कायम रहेको सुनसरी जिल्ला, इटहरी गा.वि.स./न.पा वडा नं. ८/ग (हाल इटहरी उ.म.न.पा. वडा नं. ८) स्थित कित्ता नं. १७४ को क्षेत्रफल ०-१-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । |
| १४) | **ऋणी: तारा बिक्रम पौडेल**<br>स्थायी ठेगाना : वर्दिया जिल्ला, गुलरीया न.पा वडा नं.८, हालको ठेगाना : नवलपरासी जिल्ला, गैंडाकोट न.पा. वडा नं.११,<br>बाबु : देवेन्द्र कुमार क्षेत्री, बाजे : टिकाराम पौडेल |
| | **धितोको विवरण** |
| | टिकारामको नाती, देवेन्द्र कुमार क्षेत्रीको छोरा, वर्दिया जिल्ला, गुलरीया न.पा वडा नं. ८ बस्ने तारा बिक्रम पौडेलको नाममा मालपोत कार्यालय नवलपरासी (वर्दघाट सुस्ता पूर्व) को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, सिसवार गा.वि.स. वडा नं. ६ ख स्थित कित्ता नं. १७८६, १७८४ र १७८८ को क्षेत्रफल क्रमश: १०१.५८, ३८.०९ र २९.६३ (व.मी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । |
| १५) | **ऋणी फर्म: स्टार इन्टरप्राइजेज,** प्रोप्राईटर तथा जमानीकर्ता: अमित कुमार गुप्ता<br>दर्ता नं.: वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, फर्म रजिष्ट्रेशन शाखामा प्रा.फ.र.नं. ९५५४१/०६७/६८,<br>दर्ता मिति: २०६७/०९/१३, ठेगाना: जिल्ला काठमाडौं,का.म.न.पा. वडा नं. ३४ |
| | **धितोको विवरण** |
| | सवारीको मोडल: TataXenon Yodha SC 4X2 \| च्यासिस नं.: MAT464602JSR09968<br>ईन्जिन नं.: 4SPCR10FRY634106 \| सवारी दर्ता नं.: बा २० च १४०९ |
| १६) | **ऋणी फर्म: बविता फेन्सी पसल,** प्रोप्राईटर तथा जमानीकर्ता: वविता घिमिरे<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर, झापामा प्रा.फ.र.नं. ३/९८६०/०७४/४/३, दर्ता मिति: २०७४/०४/०३,<br>ठेगाना: जिल्ला झापा, शिवसताक्षी न.पा. वडा नं. ८ |
| | **धितोको विवरण** |
| | १) चेतनाथ चापागाईकी छोरी, चुडामनी घिमिरेकी बुहारी, तिर्थ प्रसाद घिमिरेकी पत्नी, झापा जिल्ला, सतासीधाम गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ०८ मा बस्ने वविता घिमिरेको नाममा मालपोत कार्यालय दमक झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, शिवगंज गा.वि.स. वडा नं. ७ झ स्थित कित्ता नं. ४४८८ र ४४८६ को क्षेत्रफल क्रमश: ०-०-३-० र ०-०-३.७५-० (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) बविता फेन्सी पसलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| १७) | **ऋणी कम्पनी: एस.ए.एस. फर्माल्याब प्रा.लि.,** अध्यक्ष तथा जमानीकर्ता: सागर पौडेल<br>दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौंमा दर्ता नं. २४७९३९/०७७/०७८, दर्ता मिति: २०७७/०८/०९,<br>ठेगाना: जिल्ला काठमाण्डौं, का.म.न.पा. वडा नं. ३१ |
| | **धितोको विवरण** |
| | १) भैरव प्रसाद पौडेलको नाती, कपिल प्रसाद पौडेलको छोरासर्लाही जिल्ला, लालबन्दी गा.वि.स. वडा नं. १ बस्ने सागर पौडेलको नाममा मालपोत कार्यालय हरीवन, सर्लाहीको लगतमा दर्ता कायम रहेको, सर्लाही जिल्ला, जब्दी गा.वि.स. वडा नं. १ ग (हाल: लालबन्दी न.पा. वडा नं. ४) स्थित कित्ता नं. १२९८ को क्षेत्रफल ०-३-०-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापात समेत ।<br>२) एस.ए.एस. फर्माल्याब प्रा.लि.,को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| १८) | **१) ऋणी फर्म: सन्जीत कृषि फर्म,** प्रोप्राईटर तथा जमानीकर्ता: सन्जीत कुमार सरदार<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय इटहरी, सुनसरीमा प्रा.फ.र.नं. १६४८७/०७७/०७८, दर्ता मिति: २०७७/०८/२२, ठेगाना: जिल्ला सुनसरी, गढी गा.पा. वडा नं.५ |
| | **२) ऋणी : बहुरी सरदार**<br>स्थायी ठेगाना : सुनसरी जिल्ला, सत्तेरझोरा गा.वि.स वडा नं. ६, हालको ठेगाना : सुनसरी जिल्ला, गढी गा.पा. वडा नं. ५,<br>बाबु : सोनेलाल सरदार, बाजे : पलट सरदार |
| | **धितोको विवरण** |
| | १) पलट सरदारको नाति, सोनेलाल सरदारको छोरा, सुनसरी जिल्ला, सत्तेरझोरा गा.वि.स वडा नं. ६, स्थायी ठेगाना भइ हाल सुनसरी जिल्ला, गढी गा.पा. वडा नं. ५ बस्ने बहुरी सरदारको नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता कायम रहेको सुनसरी जिल्ला, सत्तेरझोरा गा.वि.स. वडा नं. ४/ग (हाल गढी गा.पा. वडा नं. ५), स्थित कित्ता नं. ५७४, ५७३, ५८० र ५७६, को क्षेत्रफल क्रमश: ०-१-८-०, ०-०-७-०, ०-१-३-० र ०-०-१-०, (विगाह) को जग्गा र सत्तेरझोरा गा.वि.स. वडा नं. ५/क (हाल गढी गा.पा. वडा नं. ५), स्थित कित्ता नं. ८२२ को क्षेत्रफल ०-२-०-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) सन्जीत कृषि फर्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण। |
| | **३) कर्जाको किसिम: व्यक्तिगत कर्जा**<br>**ऋणी: सन्जीत कुमार सरदार**<br>स्थायी ठेगाना: सुनसरी जिल्ला, सत्तेरझोरा गा.वि.स वडा नं. ६, हालको ठेगाना: सुनसरी जिल्ला, गढी गा.पा. वडा नं. ५, बाबु: बहुरी सरदार,बाजे: सोनेलाल सरदार |
| | **जमानीकर्ताहरु: १) बद्री सरदार,** स्थायी ठेगाना: सुनसरी जिल्ला, सत्तेरझोरा गा.वि.स वडा नं. ६, हालको ठेगाना: सुनसरी जिल्ला, गढी गा.पा. वडा नं. ५, बाबु: बहुरी सरदार, बाजे: सोनेलाल सरदार **२) सुनजित सरदार,** स्थायी ठेगाना: सुनसरी जिल्ला, सत्तेरझोरा गा.वि.स वडा नं. ६, हालको ठेगाना: सुनसरी जिल्ला, गढी गा.पा. वडा नं. ५, बाबु: बहुरी सरदार, बाजे: सोनेलाल सरदार, **३) बहुरी सरदार,** स्थायी ठेगाना: सुनसरी जिल्ला, सत्तेरझोरा गा.वि.स वडा नं. ६, हालको ठेगाना: सुनसरी जिल्ला, गढी गा.पा. वडा नं. ५, बाबु: सोनेलाल सरदार, बाजे: पलट सरदार, **४) लालीदेवी सरदार,** स्थायी ठेगाना: सुनसरी जिल्ला, सत्तेरझोरा गा.वि.स वडा नं. ६, हालको ठेगाना: सुनसरी जिल्ला, गढी गा.पा. वडा नं. ५, बाबु: घुरन बातर, ससुरा: सोनेलाल सरदार, पति: बहुरी सरदार |
| १९) | **ऋणी फर्म: एस एण्ड एस इन्टरप्राइजेज,** प्रोप्राईटर तथा जमानीकर्ता: सन्तोष कुमार दास<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, सप्तरी, राजविराजमा प्रा.फ.र. नं. ४९४५/०७३/०७४, दर्ता मिति: २०७३/१०/१२, ठेगाना: जिल्ला सप्तरी, राजविराज न.पा. वडा नं. ४ |
| | **धितोको विवरण** |
| | १) छोटेलाल दासको नाति, कुशेश्वर दासको छोरा, सप्तरी जिल्ला, राजविराज न. पा. वडा नं. ४ बस्ने सन्तोष कुमार दासको नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता कायम रहेको सुनसरी जिल्ला, ईनरुवा न.पा. वडा नं. ७ ख (हाल ईनरुवा न.पा. वडा नं. २) स्थित कित्ता नं. ३३७७ को क्षेत्रफल ०-१-१९.५-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) एस एण्ड एस इन्टरप्राइजेजको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| २०) | **ऋणी: रुप नारायण प्र. रस्तोगी**<br>स्थायी ठेगाना: रौतहट जिल्ला, स.धमौरा गा.वि.स. वडा नं. ५, हालको ठेगाना: रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ७<br>बाबु: राजेन्द प्रसाद रस्तोगी, बाजे: दिपक साह<br>तथा<br>**पशुराम साह बनिया**<br>स्थायी ठेगाना: रौतहट जिल्ला, स.धमौरा गा.प. वडा नं. ५, हालको ठेगाना: रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ७, बाबु: राजेन्द साह बानिया, बाजे: दिपक साह |
| | **धितोको विवरण** |
| | १) दिपक साहको नाति, राजेन्द साह बानियाको छोरा, रौतहट जिल्ला, स.धमौरा गा.प. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ७ बस्ने प्रशुराम साह बनियाको नाममा भूमिसुधार तथा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, स.धमौरा गा.वि.स. वडा नं. ५/ग (हाल वृन्दावन न.पा. वडा नं. ७) स्थित कित्ता नं. १८३ र १९८२ को क्षेत्रफल क्रमश: ०-१-१४ र ०-१०-१८ (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) दिपक साहको नाति, राजेन्द प्रसाद रस्तोगीको छोरा, रौतहट जिल्ला, स.धमौरा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ७ बस्ने रुप नारायण प्र. रस्तोगीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, स.धमौरा गा.वि.स. वडा नं. ४ (हाल वृन्दावन न.पा. वडा नं. ७) स्थित कित्ता नं. ६१७ को क्षेत्रफल ०-१०-१५१/४ (बिगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । |

» पृष्ठ ३ मा क्रमश:

■ रानीपौवा-त्रिशूली सडक ११ वर्षदेखि बेहाल

# पुरानो ठेक्का तोडिएको चार वर्ष बित्यो, नयाँ ठेक्का अझै अनिश्चित



● **विजय जैसी**
महानिर्देशक, सडक विभाग

भारतीय ऋण सहयोगमा ठेक्का लगाइएको थियो, तर ठेकेदारले काम नगरेपछि दुईवटै ठेक्का तोडियो। काठमाडौंतर्फबाट डम्पिङ साइट जोड्ने तीनपिप्लेसम्म कालोपत्रे भइसकेको छ, त्यसउता सडक बनेको छैन। रानीपौवादेखि त्रिशूली-गल्छी दोबाटोसम्म सडक अप्ठेरो छ, नयाँ ठेक्का लगाउनका लागि बजेट माग गरिरहेका छौं, भारतीय पक्षले नै ऋणलाई निरन्तरता दियो भने त्यही रकममा हुन्छ, तर दिएन भने नेपाल सरकारले छुट्याउनुपर्छ।



पासाङल्हामु सडकखण्डको दूरवस्था। तस्बिर : **संजिव योञ्जन/नयाँ पत्रिका**

**शिवहरि घिमिरे**/नयाँ पत्रिका

काठमाडौंलाई नुवाकोटसँग जोड्ने मुख्य पासाङल्हामु सडकखण्ड ११ वर्षदेखि अस्तव्यस्त छ। दुई खण्डमा सडक विस्तार र कालोपत्रेको काम थालिए पनि हाल एउटा खण्डमा मात्रै काम भएको छ। अर्को खण्ड भने बेहाल अवस्थामा छ।

सडक विभाग, सडक सुधार तथा विकास निर्देशनालयका डिभिजन इन्जिनियर क्षितिज जोशीले बालाजुदेखि रानीपौवासम्मको खण्डमा ठेक्का लागेर काम भइरहेको बताए। सो खण्डको पनि तीनपिप्लेसम्म सडक कालोपत्रे भइसकेको छ। यो खण्डमा तीन वर्षअघि नै ठेक्का लागेको थियो। यसमा अहिले सडक डिभिजन नुवाकोटले काम गरिरहेको छ। हालसम्म ६० प्रतिशतभन्दा बढी भौतिक प्रगति भइसकेको सडक डिभिजन नुवाकोटले जनाएको छ।

भारतीय ठेकेदार कम्पनीले जिम्मा लिएको रानीपौवादेखि त्रिशूलीसम्म ३२ किमि सडकखण्ड अस्तव्यस्त छ। यो सडकखण्ड निर्माणका लागि ४५ करोडमा ठेक्का लगाइएको थियो। तर, ठेकेदार कम्पनीको बदमासीकै कारण सडकखण्ड हिलाम्य र धुलाम्य छ। जसले गर्दा सर्वसाधारणले निकै सास्ती खेप्नुपरेको छ। सरकारले भारतीय सरकारको सहुलियत ऋणमा ०७१ जेठदेखि यो सडक विस्तार कार्य अघि बढाएको थियो। तर, कामै नगरेपछि ०७७ असारमा ठेक्का तोडिएको थियो। ठेक्का तोडेपछि ठेकेदार कम्पनी अदालती प्रक्रियामा गए पनि अदालतले ठेक्का तोड्नु उचित भन्ने फैसला गरेको थियो। त्यसपछि नयाँ ठेक्का लगाएर काम गर्ने बाटो खुलेको जोशीले बताए। भारतीय ऋणमा निर्माण हुने सडकमा भारतीय ठेकेदार नै हुनुपर्ने भएकाले पुनः भारतीय ठेकेदार नै हायर गरिने जोशीले जानकारी दिए।

'ठेकेदारले काम नगरेपछि तोडेका हौं, अब फेरि ठेक्का लगाउँछौं, तर त्यसको आर्थिक सुनिश्चितता गर्न र विगतको सम्झौताअनुसार सडक विस्तारमा ऋण सहयोगका लागि भारतीय पक्षलाई नै पुनः आग्रह गरेका छौं,' उनले भने, 'भारतीय सहयोग भएन भने यो सडक विस्तारको काम अघि बढ्ने अवस्था हुँदैन।' जोशीका अनुसार ११ वर्षअघि नै भारतीय ठेकेदारलाई सडक ठेक्का लगाइएको थियो। तर, तीनपटकसम्म पनि ठेक्का लगाउँदा काम नभएपछि तोडिएको थियो। ठेक्का तोड्ने वेलासम्म करिब ४६ प्रतिशत भौतिक प्रगति र ३० प्रतिशत आर्थिक खर्च भइसकेको थियो। भौतिक प्रगतितर्फ केही साइटमा चौडा गर्ने र ग्राभेलको काम भएको थियो। तर, लामो समयसम्म पनि कालोपत्रे नभएपछि ग्राभेल गरेको सडक खाल्डाखुल्डीमा परिणत भएको छ।

सडक विभागका महानिर्देशक विजय जैसीले सडक अस्तव्यस्त हुनुको कारण ठेकेदार नै रहेको दाबी गरे। पटकपटक अनुरोध गर्दा पनि ठेकेदार पक्षले काम अघि नबढाएको उनको भनाइ छ। जति आग्रह गर्दा पनि काम नगरेपछि सरकार ठेक्का तोड्न बाध्य भएको उनले जिकिर गरे। 'भारतीय ऋण सहयोगमा ठेक्का लगाइएको थियो, तर ठेकेदारले काम नगरेपछि दुईवटै ठेक्का तोडियो,' उनले भने, 'काठमाडौंतर्फबाट डम्पिङ साइट जोड्ने तीनपिप्लेसम्म कालोपत्रे भइसकेको छ, त्यसउता सडक बनेको छैन। रानीपौवादेखि त्रिशूली-गल्छी दोबाटोसम्म सडक अप्ठेरो छ, नयाँ ठेक्का लगाउनका लागि बजेट माग गरिरहेका छौं, भारतीय पक्षले नै ऋणलाई निरन्तरता दियो भने त्यही रकममा हुन्छ, तर दिएन भने नेपाल सरकारले छुट्याउनुपर्छ।'

जैसीका अनुसार सरकारले आगामी आर्थिक वर्षका लागि बजेट छुट्यायो भने बल्ल ठेक्का लगाइनेछ। स्रोत सुनिश्चितताविना ठेक्का लगाउन नसकिने महानिर्देशक जैसीले बताए। उनले काठमाडौं जोड्ने आसपासका सडक र राजमार्ग बन्द नहुने अवस्था बनाउने गरी विभागले काम गरिरहेको बताए। 'बर्खाको वेला ठुला सडकमा समस्या नआओस् भनेर त्यसमै केन्द्रित छौं, पहिरो गइहाले पनि तत्काल समाधान गर्ने तयारी तयारी अवस्थामा छौं,' उनले भने।

# वैदेशिक रोजगारका लागि दुबई पुऱ्याइएका नौ युवा १८ दिनदेखि अलपत्र

**टेकराज थामी**/नयाँ पत्रिका

प्रतिमहिना ३५ हजार ५७७ रुपैयाँ आम्दानी हुने भन्दै २३ जेठमा भारतको मुम्बईबाट दुबई उडाइएका नौ नेपाली युवा भनेअनुसार काम नपाएपछि १८ दिनदेखि अलपत्र परेका छन्। उनीहरूलाई कम्पनीभित्रै लोड-अनलोडको काम गर्नुपर्ने भन्दै सिनामंगलस्थित इसान इन्टरनेसनल मेनपावर कम्पनीले वर्किङ भिसामा पठाएको थियो। तर, दुबई पुगेपछि घरबाहिर गर्नुपर्ने 'बिल्डिङ लेबर'को काम लगाएपछि उनीहरूले इन्कार गरेकोमा कम्पनीले कामबाटै निकालिदिएको हो।

सम्पर्कमा आएका चितवन महानगरपालिका- १६, लालचोकका २५ वर्षीय विवेक छिनालकी श्रीमती मञ्जुकुमारी श्रेष्ठका अनुसार अहिले उनीहरू दुबई मुसाफास्थित प्रोफाइल कम्पनीमा अलपत्र अवस्थामा छन्। उनीहरूसँग अहिले बिहान-बेलुकाको छाक टार्ने रकमसमेत नभएको उनले बताइन्। 'इनडोरमा गर्नुपर्ने लोड अनलोडको काममा लगाउने भनिएको थियो। सोहीअनुसार तयार भएर गएपछि दुबई पुगेपछि बिल्डिङ लेबरको काम लगाएको छ। भनेअनुसारको काम नपाएपछि उहाँहरूले अर्को काम गर्न इन्कार गर्नुभयो। अहिले बिहान बेलुकाको छाक टार्नसमेत आर्थिक समस्या परेको बताउनुभएको छ,' उनले भनिन्।

श्रेष्ठका अनुसार रकम असुली नगर्दासम्म कम्पनीका एजेन्ट हिमाल कुमालले दुबईको मुसाफास्थित प्रतिष्ठित कम्पनीमा लोड-अनलोडको काम भनेका थिए। सबै काम 'इनडोर'को हुने भनेपछि सबै युवाहरू हौसिएका थिए। घरबाट ऋण गरेर रकम पनि बुझाए। जब हातमा कामदार सम्झौतापत्र थमाइयो, त्यहाँ त पद 'लोड-अनलोड' नभई 'बिल्डिङ लेबर' उल्लेख थियो। तर, म्यानपावर कम्पनीले सम्झौतामा यस्तो भए पनि काम लोड-अनलोडकै हुने भन्दै विश्वास दिलाएर उडाएको श्रेष्ठले बताइन्। 'पैसा नदिँदासम्म मेनपावर कम्पनीले अनेक प्रलोभन बाँड्यो। काम सजिलो रहेको आश्वासन दिए। जब पैसा दियौं, उनीहरूको नियत खुल्दै गयो। पछि उनीहरूको आदेश मान्नुको विकल्प नै भएन। किनकि सबैलाई उनीहरूले मुम्बई पुऱ्याइसकेका थिए,' उनले भनिन्।

श्रेष्ठका अनुसार सबै युवा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै दुबई जान तयार थिए। तर, मेनपावर कम्पनीले नेपालको विमानस्थलमा लफडा हुने र भाडा पनि महँगो हुने भन्दै सबैलाई मुम्बई पुऱ्याएका थिए। कम्पनीले उनीहरूलाई श्रम सम्झौताको पत्र पनि मुम्बईमा नै दिएको थियो। सम्झौतापत्रमा तलब प्रतिमहिना २९ हजार ९६० र काम पनि 'बिल्डिङ लेबर' को उल्लेख भएको देखिएपछि उनीहरूले हस्ताक्षर गर्न मानेका थिएनन्। पछि उनीहरू दबाबमा उत्रिएका थिए। त्यसपछि पनि युवाहरूले हस्ताक्षर नगरेपछि मेनपावर कम्पनीकै एजेन्टले सम्झौतापत्रमा किर्ते हस्ताक्षर गरेका थिए। 'मुम्बई लगेपछि बल्ल सम्झौतापत्रमा हस्ताक्षर गराए। तलबको दर र काम भनेअनुसारको नभएपछि उहाँहरूले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएन। पछि मेनपावरकै मान्छेले नै किर्ते हस्ताक्षर गरेर सबैलाई जबर्जस्ती दुबई पुऱ्याएछन्। अहिले उहाँहरू अलपत्र बन्नुभएको छ,' उनले भनिन्।

श्रेष्ठका अनुसार मेनपावरलाई उनका श्रीमान् छिनालले एक लाख ७० हजार, होमबहादुर रानाले



दुई लाख २५ हजार, खेमबहादुर घर्तीमगरले दुई लाख चार हजार, राजकुमार विकले एक लाख ९० हजार, दीपेन्द्र थिङले एक लाख ६० हजार, मीनबहादुर रानामगरले दुई लाख ५० हजार, जितबहादुर सुनारीमगरले दुई लाख ४० हजार ५००, प्रेमबहादुर रानामगरले दुई लाख ४० हजार र प्रेमबहादुर रानामगरले दुई लाख २५ हजार रुपैयाँ बुझाएका थिए।

इसान इन्टरनेसनलका एमडी दीप लामाले उनीहरू यहाँबाट लेबर काम नै भनेर गएको र त्यहाँ पनि सोही काम गर्न भनिएको बताए। उनले भने, 'हामीले उहाँहरूलाई यहाँ लेबर काम नै भनेका हौं। बिचमा एजेन्टले के भने त्यो हामीले जान्ने विषय भएन। त्यहाँ पनि लेबर काम नै गर्न भनिएको हो। उहाँहरूले गर्न मान्नुभएको छैन। हामी मिलाउने कोसिसमा छौं।'

## जापान जानयोग्य श्रमिकबाट रकम असुलेकोमा सर्वोच्चद्वारा लिखित जवाफ माग

**काठमाडौं**/ रोजगारीका लागि जापान जान भाषा प्रशिक्षणसहित अध्यागमनबाट योग्य ठहरिएका श्रमिकबाट मनपरी रकम असुलेको भन्दै दायर रिटमा लिखित जवाफ माग भएको छ। तीन सरकारी निकायसहित एक कन्सल्टेन्सीविरुद्ध सर्वोच्चमा दायर भएको रिटमा सर्वोच्च अदालतले सोमबार कारण देखाऊ आदेश जारी गरेको छ।

श्रमका लागि प्राविधिक प्रशिक्षार्थी कार्यक्रम (टिआइटिपी)अन्तर्गत रोजगारीका लागि योग्य भइसकेका नेपालीलाई अनेक बहानामा झुलाएर मोटो रकम असुलेको भन्दै सर्वोच्चमा रिट दायर भएको थियो। जसमाथि प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतको इजलासले कारण देखाऊ आदेश जारी गरेको हो। अदालतले दुवै पक्षलाई छलफलका लागि १६ असारमा बोलाएको छ।

## नेपाल-भारत दुईदिने बैठक
# रक्षा र सुरक्षा सुदृढ पार्ने सहमति

**काठमाडौं**/ सुरक्षासम्बन्धी नेपाल-भारत द्विपक्षीय परामर्श समूह (बिसिजिएसआई)को १६औं बैठक भारतको पुणेमा मंगलबार सकिएको छ। दुई दिन चलेको बैठकमा नेपाली सेनाका लागि रक्षा उपकरण आपूर्ति, तालिम, क्षमता विस्तार र सैन्य आदानप्रदानका क्षेत्रमा रक्षा र सुरक्षा सहकार्य सुदृढ पार्ने सहमति भएको छ। समूहको १५औं बैठक १८ असोज ०८० मा पोखरामा भएको थियो। पोखरा बैठकमा दुई पक्षबिच बैठकको माइन्युट पुस्तिकामा हस्ताक्षर भएको थिएन भने यसपटक माइन्युटमा हस्ताक्षर भएको एक अधिकारीले जानकारी दिए।

बैठकमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व परराष्ट्र मन्त्रालयका सहसचिव (दक्षिण एसिया) गेहेन्द्र राजभण्डारी तथा भारत सरकारको नेतृत्व विदेश मन्त्रालयका अतिरिक्त सचिव (उत्तर) मनु महावरले गरेका थिए। प्रतिनिधिमण्डलमा परराष्ट्र तथा रक्षा मन्त्रालयका अधिकारीहरू तथा नेपाली सेना र भारतीय सेनाका अधिकारीहरू सहभागी थिए।

'बैठकमा दुवै पक्षले सुरक्षा र रक्षा सहकार्यसँग सम्बन्धित विविध विषयजस्तै उपकरण आपूर्ति, तालिम, संयुक्त सैन्य अभ्यास, विपत् राहत कार्य र सैन्य आदानप्रदानबारे फलदायी छलफल गरेका छन्,' बैठकपछि मंगलबार भारतीय विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'प्रतिनिधिमण्डलले पारस्परिक रूपमा लाभदायक सहकार्यका सम्भावना खोज्ने क्रममा सार्वजनिक र निजी रक्षा क्षेत्रका उत्पादनस्थलको पनि भ्रमण गरेका छन्।' सन् २००३ मा स्थापित यो संयन्त्र द्विपक्षीय रक्षा र सुरक्षा सहकार्यका विषयमा समन्वय गर्ने एक संस्थागत छाता संयन्त्र हो।

# कानुनमन्त्रीमाथि छानबिनको माग

## कानुनमन्त्री अजय चौरसियाको व्यवहारले असुरक्षा र पेसागत नैतिकताको संकट सिर्जना गरेको राष्ट्रिय निजामती कर्मचारी संगठनको आरोप

नयाँ पत्रिका

नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठनले कानुनमन्त्री अजयकुमार चौरसियामाथि छानबिनको माग गरेका छन्। मंगलबार विज्ञप्ति जारी गर्दै उसले कानुनमन्त्रीमाथि उठेका प्रश्नहरूका विषयमा संगठनको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। न्यायपालिकामाथि कानुनमन्त्रीबाट गरिएको हस्तक्षेपको गहिरो छानबिनको माग गरिएको छ। 'कानुनमन्त्रीको कल डिटेल रेकर्डलगायत प्रमाणहरूको विश्लेषण गरियोस् र यदि दोषी हठर भएमा संविधान र कानुनअनुसार कारबाही अघि बढाइयोस्,' विज्ञप्तिमा छ।

संगठनले यस विषयमा सर्वोच्च अदालतको संस्थागत धारणासमेत माग गरेको छ भने राजनीतिक दल तथा नेताहरूबाट समेत प्रतिवाद हुनुपर्ने जनाएको छ। संस्थागत मर्यादा कायम राख्न प्रतिबद्धता देखाउनुपर्ने अध्यक्ष हरि भट्टराईद्वारा हस्ताक्षरित विज्ञप्तिमा छ। 'संविधानले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबिच स्पष्ट शक्ति पृथकीकरणको व्यवस्था गरेको छ। तर, कार्यपालिकाबाटै यति खुला ढंगमा न्यायिक स्वतन्त्रतामाथि हस्तक्षेप हुनु नेपालको लोकतान्त्रिक शासन प्रणालीका लागि गम्भीर खतरा हो। यस्ता गतिविधिले केवल न्यायाधीशहरूमा मात्रै भय र निराशा उत्पन्न गराउँदैन, न्यायिक सेवामा कार्यरत कर्मचारीको समेत असुरक्षा, दवाब र पेसागत नैतिकताको संकट पैदा गर्दछ,' विज्ञप्तिमा छ।



प्राप्त प्रमाण र विश्वसनीय सञ्चारमाध्यममा आएका समाचारहरूका आधारमा कानुनमन्त्रीले न्यायिक क्षेत्रमा असंवैधानिक हस्तक्षेप गरेकोमा ध्यानाकर्षण भएको संगठनको भनाइ छ। अदालतमा विचाराधीन मुद्दाहरू प्रभावित गराउन न्यायाधीशहरूलाई बारम्बार फोन गरेको, तारिख व्यवस्थापन र सरुवा तथा पदस्थापनमा अनावश्यक चासो देखाएको र फैसला प्रक्रियामा प्रत्यक्ष र परोक्ष हस्तक्षेप गर्न खोजेको भन्दै संगठनले विरोध गरेको हो। 'न्यायपरिषद्को हैसियतमा रहँदै यस्ता कार्य गर्नु संविधान, कानुनी शासन र स्वतन्त्र न्यायपालिकाको अवधारणाविपरीत अत्यन्त खेदजनक, आपत्तिजनक र खतरनाक व्यवहार हो,' संगठनले भनेको छ।

# नेपाल प्रवेश गरेका चार पूर्वभुटानी शरणार्थीलाई जनही पाँच हजार जरिवाना

झापामा **चिरञ्जीवी घिमिरे**

अमेरिकाले निष्कासन गरेका चारजना पूर्वभुटानी शरणार्थीलाई पाँच हजार जरिवाना गरिने भएको छ। अवैध रूपमा नेपाल प्रवेश गरेका आशिष सुवेदी, रोशन तामाङ, सन्तोष दर्जी र अशोक गुरुङलाई अध्यागमन विभागले पाँच-पाँच हजार रुपैयाँ जरिवाना गर्ने निर्णय गरेको हो।

नेपालबाट पुनर्वास भएर अमेरिका गई त्यहाँ विभिन्न मुद्दा लागेका १० पूर्वभुटानी शरणार्थीलाई २५ मार्चमा अमेरिकाले निष्कासन गर्दै भुटान पठाएको थियो। तीमध्ये चारजना अवैध रूपमा नेपाल प्रवेश गरेका थिए। चारमध्ये तीनजनालाई इलाका प्रहरी कार्यालय दमकले गत १६ चैतमा भुटानी शरणार्थी शिविर बेल्डाँगीबाट पक्राउ गरेको थियो। अशोक गुरुङ भने केही दिनपछि नेपाल-भारत सीमावर्ती क्षेत्रबाट पक्राउ परेका थिए। केही दिन हिरासतमा बसेपछि उनीहरूलाई सर्वोच्चको आदेशमा १२ वैशाखमा अध्यागमन विभागले बेल्डाँगी र पथरीशनिश्चरेस्थित शरणार्थी शिविरमा आफन्तको जिम्मा लगाइएको थियो। सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट हालेपछि उनीहरू छुटेका थिए। सर्वोच्चले ६० दिनभित्र मुद्दा सक्न निर्देशन पनि दिएको थियो।

उनीहरूलाई जरिवानासँगै अध्यागमनसम्बन्धी ऐन, २०४९ र नियमावली, २०५१ अनुसार हिरासतको बसाइबाहेक अन्य दिनको दैनिक आठ अमेरिकी डलर भिसा शुल्क र विलम्ब शुल्क लिने निर्णय भएको विभागका सूचना अधिकारी टीकाराम ढकालले जानकारी दिए। यस्तै, उनीहरूलाई कागजात माग गर्ने र कागजात नल्याएसम्म नेपालमै भिसा शुल्क तिरेर बस्ने दिने निर्णय भएको उनले बताए। 'उनीहरूलाई न्यूनतम जरिवाना गराइएको छ। अब जहाँको ड्राभल डकुमेन्ट वा राहदानी ल्याउँछन्, त्यही देश पठाउने निर्णय भएको छ,' उनले भने, 'कागजात नल्याएसम्म दैनिक आठ डलर भिसा र विलम्ब शुल्क लाग्छ। कागजात नल्याएसम्म उनीहरू उहिले बसेको ठाउँ भुटानी शरणार्थी शिविर बेल्डाँगी र पथरीशनिश्चरे नै बस्न पाउने निर्णय भएको छ।'



चारजनालाई भुटानी शरणार्थी शिविर बेल्डाँगीमा आफन्तको जिम्मा लगाइँदै।

उनीहरूलाई अमेरिका सरकारले न्युजर्सी विमानस्थलबाट २५ मार्चमा भारतको नयाँदिल्लीको विमानस्थल हुँदै भुटानको पारो विमानस्थलसम्म पुऱ्याएको थियो। भुटानको पारो पुनेबित्तिकै भुटान प्रहरीले पक्राउ गरी कागजात खोसेर नेपाल पठाएको थियो। भुटानका प्रहरीले खर्चसमेत दिएर नेपाल-भारत सीमावर्ती भारतीय सहर पानीट्यांकीमा ल्याएर छाडेको अनुसन्धानमा खुलेको थियो। त्यसपछि उनीहरू लुकीछिपी नेपाल प्रवेश गरेका थिए। उनीहरूसँग अहिले केही पनि कागजात छैन। तसर्थ, उनीहरूलाई जरिवाना गरेर कागजात लिएर आउनु भनेर निर्णय गर्नुले झनै अन्योलता थपेको भुटानी शरणार्थी बस्ती व्यवस्थापन समिति बेल्डाँगीका सचिव सञ्चहाङ सुब्बाले बताए। 'यो निर्णयले त अमेरिकाले निष्कासन गरेका चारजनाको भविष्य झनै अन्योल बनाएको छ। जरिवना गरेर काजगात ल्याउनु भन्नु त उनीहरूलाई मारेसरह हो,' उनले भने, 'भुटानमा सरकारले सबै कागजात खोसेको छ। अहिले उनीहरूसँग केही कागजात छैन। यो त घाउमा चुक छरेजस्तो भयो। कि त सरकारले भुटानसँग समन्वय गरेर उनीहरूको कागजात ल्याउनुपर्छ, कि त अमेरिकी दूतावाससँग समन्वय गरेर कागजात मगाएर कहाँ पठाउने हो निर्णय गर्नुपर्छ, नभए त समस्या समाधान कसरी हुन सक्छ ? हामी यस्ता समस्यामा दिगो समाधान चाहन्छौं।'

« पृष्ठ २ बाट क्रमशः

| | |
|---|---|
| २१) | **ऋणी: गजान देव चौधरी**<br>ठेगाना: महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स. वडा नं. ६, बाबु: पलटन चौधरी, बाजे: नारायण चौधरी<br>**धितोको विवरण**<br>नारायण चौधरीको नाति, पलटन चौधरीको छोरा, महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स. वडा नं. ६ बस्ने गजान देव चौधरीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय, जलेश्वर, महोत्तरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, खोपी गा.वि.स. वडा नं. ८/ग (हाल रामगोपालपुर न.पा. वडा नं. ९) स्थित कित्ता नं. ४१ को क्षेत्रफल ०-४-१४$^{१/२}$-० (विगाहा)को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। |
| २२) | **ऋणी: सुभाष चन्द्र मिश्र**<br>स्थायी ठेगाना: सर्लाही जिल्ला, सेखौना गा.वि.स. वडा नं. १, हालको ठेगाना : सर्लाही जिल्ला, धनकौल गा.पा. वडा नं. १<br>बाबु: राज किशोर मिश्र, बाजे : सुरत लाल मिश्र<br>**धितोको विवरण**<br>सुरत लाल मिश्रको नाती, राज किशोर मिश्रको छोरा, सर्लाही जिल्ला, सेखौना गा.वि.स. वडा नं. १ बस्ने सुभाष चन्द्र मिश्रको नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, सेखौना गा.वि.स. वडा नं. १/क (हाल धनकौल गा.पा. वडा. नं. १) स्थित कित्ता नं. ९५८, ९६७ र ९६४ को क्षेत्रफल क्रमशः ०-०-१३-६, ०-०-६-० र ०-०-६-० (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । |

नोट: ऋणी तथा प्रोप्राइटरबाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नाम ऋणी तथा प्रोप्राईटरको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-( रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

# विद्या–ओली संवादको अन्तर्य

## केपी ओली-विद्या भण्डारी भेट एमाले पार्टी र समग्र नेपालको राजनीतिक शक्ति संरचनाभित्र फेरि उब्जन लागेको हलचलको पूर्वसंकेत हो



● प्रकाश थापा

अग्रलेख

दक्षिण एसियाको समकालीन राजनीतिमा नेपाल यस्तो मोडमा उभिन आइपुगेको छ, जहाँ सत्ता, विचारधारा र नेतृत्वको बहस केवल सार्वजनिक मञ्चमा मात्र होइन, पार्टीभित्रका कक्षमा पनि उति नै सघन र निर्णायक बन्न थालेका छन् । यसै सन्दर्भमा एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओली र पार्टी नेतृ, पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीबिच केही समयअघि भएको भेटघाट र संवादलाई गम्भीर राजनीतिक धारणा, अन्तर्द्वन्द्व र सम्भावित भावी समीकरणका दृष्टिले बुझ्न आवश्यक छ । सतही रूपमा हेर्दा यो भेटघाट सामान्य औपचारिकताको निरन्तरता जस्तो देखिए पनि यसले गहिरो राजनीतिक संकेत र सम्भाव्य रणनीतिक पुनर्संरचनाको संकेत गरेको छ ।

नेकपा एमालेको राजनीतिमा विद्यादेवी भण्डारीको उपस्थिति जननेता मदन भण्डारीको पारिवारिक तथा वैचारिक विरासत पनि हो । जननेता मदन भण्डारीको रहस्यमय 'हत्या'पछि नेपाली राजनीतिमा आकस्मिक रूपमा उदाएकी विद्या भण्डारीले त्यसयता आफ्नो अलग्गै छवि पार्टी र राष्ट्रिय राजनीतिमा कायम गरेकी छिन् । राष्ट्रपतिको पदबाट मुक्त भएपछि पछिल्ला दिनमा भण्डारीले पूर्ण रूपले सक्रिय राजनीतिमा फर्किने संकेत दिइरहेकी छिन् । यसले एमालेभित्र नेतृत्वको नयाँ आयामको संकेत मात्र होइन, अध्यक्ष ओलीलाई चुनौती दिने जबजको वैकल्पिक र वैचारिक धारको 'पावर सेन्टर' निर्माणको सम्भावना पनि खोलिदिएको छ ।


विचारका आधारमा हेर्दा विद्या-ओली भेटलाई कसैले पनि अनौठो मान्नुपर्ने कारण छैन ।

यतिखेर प्रधानमन्त्री केपी ओली पार्टीभित्रका उहाँका केही अन्ध समर्थकबाहेक अन्यको मन्द आलोचना र असन्तोषको घेराभित्र हुनुहुन्छ । यद्यपि, उहाँ अझै पनि पार्टीको 'पावर सेन्टर'मै हुनुहुन्छ । तर, पछिल्लो समय उहाँको कार्यशैली, निर्णय र अभिव्यक्तिप्रतिको असन्तुष्टि क्रमशः बढ्दै गएको छ । जसले गर्दा भावी पार्टीभित्र उहाँको उत्तराधिकारी खोजी गर्नुपर्ने धारणाहरू घनीभूत हुँदै जान थालेका छन् । पार्टीभित्र अनवरत संघर्ष गर्दै आएका र जीवनमा कहिल्यै र कुनै अवसर नपाएर चेप्टिएर, खुम्चिएर बस्नुपर्ने भुइँतहका नेता, कार्यकता, जनताका भावनाको नेतृत्व एमालेभित्र अब कसले गर्ने ? यिनै मुद्दामा छलफल र बहस गर्ने नेताद्वय ओली र भण्डारीबिच घेटघाट भएको हुन सक्ने अनुमान गलत नहुन सक्छ । दुई नेताबिचको पछिल्लो संवादमा पार्टीको नेतृत्व संरचना, भावी राजनीतिक यात्रा, आगामी निर्वाचन एक्लै लड्ने या गठबन्धन गरेर जाने भन्ने सवालमा केही न केही मन्थन भएको अनुमान लगाउन कठिन छैन ।

उहाँहरूको यस भेटलाई मुख्यतः दुई सन्दर्भमा हेर्न सकिन्छ, पहिलो- शक्ति सन्तुलनका लागि गम्भीर संवाद र दोस्रो- भावी भूमिकाको विभाजन र समन्वयको सम्भावना । ७० वर्षे उमेर हदका कारण विद्या भण्डारीले आफैँ पार्टी अध्यक्ष बन्न चाहेको चर्चा पार्टीभित्र र बाहिर सबैतिर भइरहेकै हो । यसले अध्यक्ष ओलीलाई विकल्प तयार पार्न वा सहमति गर्न दबाब सिर्जना गर्न सक्छ । खासगरी अध्यक्ष ओलीको पछिल्लो कार्यकाल पार्टीको संस्थागत विकासभन्दा व्यक्तिकेन्द्रित नियन्त्रण प्रवृत्तिका आधारमा चिनिन्छ । विद्या भण्डारीजस्तो राजनीतिक रूपमा परिपक्व तर हालसम्म मुख्य कार्यकारी भूमिकाबाट टाढा रहेकी महिला नेतृले यस परिवेशमा पार्टीको नयाँ रूपान्तरणको प्रतीक बन्न सक्ने आकलन गर्नु अन्यथा होइन ।

अर्को महत्त्वपूर्ण पक्ष भनेको उहाँहरू दुवैले साझा शत्रु र साझा चुनौतीको सामना गरिरहनुभएको छ । माओवादी केन्द्र, कांग्रेसलगायत दलसँगको वैचारिक द्वन्द्व, वैदेशिक सम्बन्धको पुनर्सन्तुलन, विशेषतः भारतीय प्रभाव, अमेरिकी रणनीति (जस्तै एमसिसीलगायत) र चिनियाँ नीति (बिआरआई) को धारणासँगको सम्बन्ध व्यवस्थापनका सवालमा उहाँहरू दुवैको दृष्टिकोण मिल्न सक्ने सम्भावना पनि देखिन्छ ।

दुवै नेताको भेटमा युवापुस्ताको भूमिकाको पुनः मूल्यांकन र ओलीपछिको नेतृत्वका लागि नेतृ भण्डारीलाई वैकल्पिक अनुहारका रूपमा स्थापित गर्ने योजनासम्मका विषयमा छलफल भएको हुनुपर्छ ।





> भण्डारीको राजनीतिक सक्रियतालेएमालेभित्र नेतृत्वको नयाँ आयामको संकेत मात्र होइन, अध्यक्ष ओलीलाई चुनौती दिने जबजको वैकल्पिक र वैचारिक धारको 'पावर सेन्टर' निर्माणको सम्भावना पनि खोलिदिएको छ

प्रधानमन्त्री तथा पार्टी अध्यक्ष ओली स्वयं आफू बाँचुन्जेल आफ्नो अहिलेको हैसियतमा कुनै किसिमको कटौती गर्ने पक्षमा देखिनुहुन्न । किनकि, अघिल्लो महिना कुनै एउटा कार्यक्रममा आफू अझै १५-२० वर्ष बुढो नहुने र राजनीतिबाट विश्राम नलिने सार्वजनिक घोषणा गर्नुभएको छ, उहाँले ।

उहाँको वर्तमान कार्यशैली सत्ता संरक्षणमुखी देखिँदै आएको छ । वर्गीय दुस्मनसँगको सत्ता गठबन्धनका कारण भण्डारी-ओलीबिचको राजनीतिक सम्बन्ध र सहकार्यभन्दा बढी प्रतिस्पर्धात्मक बन्ने खतरा पनि छ । हिजो काग्रेसविरुद्ध सदनमा ५७ दिनसम्म सदन अवरुद्ध गरेको इतिहास बोकेको एमाले आज उसैको सत्तागठबन्धनको साझेदारका रूपमा उभिएको छ । अब एकजनालाई राष्ट्रपति बनाएको भए आज नेकपा एमालेको अवस्था यहाँसम्म आइपुगेको हो र ? त्यस्तो अवस्था भइदिएको भए पार्टी फुट्थ्यो होला त ? अघिल्लोपटकको निर्णय त ल एमाले एक्लैले गऱ्यो भनेर मान्न पनि सकियो । तर, दोस्रोपटक नेकपा थियो, फेरि पनि उनै भण्डारीको नाम जबर्जस्ती अघि सारियो किन ? किनकि, झलनाथ खनाल र अष्टलक्ष्मी शाक्यलाई पछि पारेर विद्यालाई 'टप फ्लोर'मा राख्दै आफू एमालेको अध्यक्ष बनेर मुलुकको प्रधानमन्त्री बन्ने केपी ओलीको उत्कट चाहना थियो । समयले साथ दियो । मुलुकको राजनीति र राज्यसत्ताको बागडोर उहाँकै हातमा आयो र हालसम्म त्यो कायमै छ । ओलीले त्यतिवेला यो चतुऱ्याइँ नगरेको भए नेतृ विद्या भण्डारी नेकपा (एमाले) को पार्टी अध्यक्ष उतिवेलै भइसक्नुहुन्थ्यो ।

अनि फेरि तिनै साथीहरू टाउको कन्याउँदै पार्टीभित्रको सेवा-सुविधा र नेतृत्वचाहिँ एउटैलाई मात्र सुम्पिनुहुन्न पनि भन्छन् । यो तर्क भन् असाध्यै ठिक लाग्छ मलाई त । ल त साथीहरू, यो तर्कका लागि कम्मर कसेर लागौँ त, परिणाम जे आउला । होइन भने कम्बल ओढेर घिउ खाने कुरोचाहिँ नगरेकै जाती होला । सबैको मिहिनेत र बलिदानबाट स्थापित पार्टीको माया तपाईं-हामी सबैलाई छ । अवसरको वितरण समान ढंगले हुनुपर्छ । त्यसकारण पूर्वराष्ट्रपति विद्या भण्डारीको अभिभावकीय आगमनले नेकपा (एमाले) पार्टीलाई घाटा होइन, फाइदा नै हुन्छ ।

एमालेभित्रको यो उच्चस्तरीय भेट दुईजना नेताबिचको सामञ्जस्य वा प्रतिस्पर्धाको संकेत मात्र होइन, नेपालको बहुपार्टी प्रणालीमा भावी शक्ति संरचना कुन दिशातर्फ मोडिन सक्ला भन्ने अनुमान गर्ने आधार पनि बन्न सक्छ । विद्या भण्डारीको राजनीतिक पुनरागमन पार्टीभित्र सन्तुलन ल्याउने अवसर पनि हो । त्यसैले यस भेटलाई गहिरो राजनीतिक समीकरण र वैचारिक पुनर्संरचनाको संकेतका रूपमा मनन गर्दा राम्रो होला ।

> नेताद्वयको भेट उनीहरूबिचको सामञ्जस्य वा प्रतिस्पर्धाको संकेत मात्र होइन, नेपालको बहुपार्टी प्रणालीमा भावी शक्ति संरचना कुन दिशातर्फ मोडिन सक्ला भन्ने अनुमान गर्ने आधार पनि बन्न सक्छ

नेकपा (एमाले) को वैचारिक र वर्गीय दुस्मन को हो ? यसको जवाफ अध्यक्ष ओली र उहाँका निकट सहयोगीले दिन सक्नुपर्छ । अब यहाँ प्रश्न उठ्छ, राष्ट्रको सम्मानित पदमा पुगिसक्नुभएको र जनताको साझा अभिभावक भइसक्नुभएको उहाँ जस्तो व्यक्ति फेरि खुला राजनीतिमा किन फर्किनुपऱ्यो ? हालसम्म उहाँले कमाएको राजनीतिक उचाइलाई किन आलोच्य बनाउने ?

एक प्रकारले यो तर्क गलत होइन । तर, हिजो उहाँलाई किन राष्ट्रपतिमा पठाइयो ? नेकपा एमालेभित्र राष्ट्रपति बन्न लायक उहाँभन्दा सिनियर अरू नेता थिएनन् र ? नेकपा एमालेको स्थायी कमिटीले राष्ट्रपतिका लागि नाम सिफारिस गर्ने वेलामा महिला नेतृ अष्टलक्ष्मी शाक्य र सिनियर नेता झलनाथ खनालमध्ये

एमालेको आन्तरिक रणनीति, नेताहरूको भूमिका र भावी निर्वाचन र सत्ता समीकरणलाई अझ गहिराइमा र आयामिक ढंगले बुझ्न यो भेट एक 'वाच टावर' अर्थात् (निगरानी स्तम्भ)जस्तै बन्न सक्नेछ । जहाँबाट आगामी राजनीतिक (रोड म्याप) मार्गचित्रको दिशा अनुमान गर्न सकिन्छ । त्यसैले, यो भेटलाई केवल दुई नेताको औपचारिक भेट भनेर बुझ्नु राजनीतिक दृष्टिले अपूरो, अधुरो हुनेछ । यो भेट एमाले पार्टी र समग्र नेपालको राजनीतिक शक्ति संरचनाभित्र फेरि उब्जन लागेको हलचलको पूर्वसंकेत हो । हिजो राष्ट्रपति बनाउँदा मदन भण्डारीको परिवारलाई अघि सारेकै हो । आज नेकपा एमालेको अध्यक्ष बन्न वा बनाउन किन हिच्किचाउँछन् नेताहरू ? मैले बुझ्न सकेको छैन ।

*(थापा एमाले सर्लाही जिल्ला कमिटीका पूर्वउपसचिव हुन्)*

---

**३ प्रश्न**

राष्ट्रिय कृषक समूह महासंघ नेपालका संस्थापक अध्यक्ष **उद्धव अधिकारी**लाई



**नेपालमा हरेक वर्ष खेतीको सिजनमा किन मल अभाव भइरहन्छ ?**

रासायनिक मलसम्बन्धी अलिक बलियो तथ्यांक हेर्दा नेपालमा वार्षिक सात लाख मेट्रिक टन मल आवश्यक पर्ने देखिन्छ । तर, सरकारले बजेट भने त्यसको आधाभन्दा कमलाई पुग्ने मात्र छुट्याउँछ । खुला मार्केटबाट अनौपचारिक रूपमा भित्रिने मलसमेतले आवश्यकता पूर्ति त गर्दै आएको भए पनि त्यसका लागि किसान 'ब्ल्याक मार्केट' मा चर्को मूल्य तिर्न बाध्य हुने गरेका छन् । फेरि मुख्य सिजनमै अभाव देखाएपछि किसानहरू चर्को मूल्य तिर्न पनि तयार हुने भएकाले जानाजान कृत्रिम अभाव अभाव सिर्जना गरिएको पनि हुन सक्छ ।

**कृषिमन्त्री त सरकारसित पर्याप्त मल मौज्दात छ भन्दै हुनुहुन्छ नि ?**

रासायनिक मल तोकिएका पालिकामा तोकिएका कृषि सहकारीमार्फत वितरण गरिन्छ । यसका लागि कृषि सामग्री संस्थानले पालिका र तिनै सहकारीमार्फत उनीहरूको आवश्यकताको तथ्यांक संकलन गर्छ र मागअनुसार सहकारीमार्फत मल वितरण गर्छ । यही वितरण प्रणालीमा समस्या हुँदा राज्यसित मल हुँदाहुँदै पनि अभाव देखिएको हुन सक्छ । यसका लागि सरकारले मल मौज्दात छ भनेर मात्र पुग्दैन, आफ्नो वितरण प्रणालीलाई चुस्त बनाउन सक्नुपर्छ ।

**कृषिका लागि रासायनिक मलको विकल्प हुँदैन ?**

किन नहुनु ? रासायनिक मलको अत्यधिक प्रयोगले हाम्रो माटो मृत घोषणानजिक पुगिसकेको छ । त्यसलाई जोगाउन पनि हामीले रासायनिक मलको विकल्प नखोजी धरै छैन । सबैभन्दा पहिले मल भनेकै रासायनिक मात्र हो भन्ने गलत 'माइन्डसेट' हट्नु जरुरी छ । हाम्रो देशमा प्राकृतिक रूपमै मलका लागि अथाह स्रोत छन् । त्यसका लागि ल्यान्डफिल साइटमा जथाभावी विसर्जन गरिने जैविक फोहोरबाट प्रांगारिक मल बनाउन सातै प्रदेशले ३०-३५ करोडका दरले लगानी गर्ने हो भने तत्कालका लागि सातवटा मल कारखाना सञ्चालन गर्न सकिन्छ । यसका साथै, सहरबजारका हरेक घरमा सेफ्टी ट्यांक बनाएर वरपरका जंगलबाट हरेक वर्ष डढेलो लागेर जल्ने बायोमासलाई सेफ्टी ट्यांकसित मिसाउन सके त्यसबाट ठुलो परिमाणमा प्रांगारिक मल प्राप्त गर्न सकिन्छ । यसले फोहोरमैलाको व्यवस्थापन र नदी सरसफाइ पनि एकसाथ हुन सक्छ । खोज्ने हो भने अरू पनि धेरै विकल्प छन् ।

---

प्रेरक प्रसंग

## कहिल्यै नमेटिने लेखाइ

धेरै पहिलेको घटना हो । दुई मित्र एउटा घना जंगलको बाटो हुँदै सहरतिर जाँदै थिए । गर्मी निकै थियो । बिचबिचमा रोकिँदै, आराम गर्दै, खोल्सामा भेटिएको पानीले प्यास मेटाउँदै उनीहरू अघि बढिरहे । लामो बाटो पार गर्नुपर्ने हुनाले दुवैले घरबाटै खाजा बनाएर साथमा ल्याएका थिए । भोक बढ्दै गएपछि दुवैले एउटा फराकिलो ढुंगामा बसेर खाजा खाने सहमति गरे ।

उनीहरू कुराकानी गर्दै खाजा खाँदै थिए । कुरैकुरामा कुनै विषयलाई लिएर दुवैबिच विवाद सुरु भयो । विवाद यति बढ्यो कि पहिलो साथीले जुरुक्क उठेर दोस्रो साथीको गालामा एक थप्पड लगायो । थप्पड खाएर पनि दोस्रो साथीले कुनै प्रतिक्रिया जनाएन । उसले केवल एउटा सानो छेस्को टिप्यो र माटामा लेख्यो- आज मेरो सबैभन्दा मिल्ने साथीले मलाई एक थप्पड हिर्कायो ।

यसैबिच दुवैले चुपचाप खाजा खाइसके । केही बेरपछि दुवैले सँगसँगै यात्रा सुरु गरे । तर, दुवैबिच आपसमा बोलचाल भने भएन । अघि बढ्दै जाँदा केही अघि थप्पड खाने साथी चिच्याएको आवाज आयो । भूलवश ऊ दलदलमा फसेको थियो । साथी त्यसरी दलदलमा फसेको देखेपछि पहिले थप्पड हिर्काउने साथीले अनेक प्रयत्न गरेर उसलाई दलदलबाट बाहिर निकाल्यो ।

दलदलबाट बाहिर निस्किसकेपछि दलदलमा फस्ने साथीले एउटा अलि कडा खालको ढुंगो टिप्यो र अर्को ढुंगामा घोटीघोटी लेख्यो- आज मेरो सबैभन्दा मिल्ने साथीले मेरो ज्यान बचायो ।

यो सब देखेपछि थप्पड हिर्काउने साथीले उसलाई सोध्यो- मैले थप्पड हिर्काएपछि तिमीले माटामा लेख्यौ, अहिले ढुंगामा लेखिरहेका छौ ? यसको कारण के हो ? अर्को साथीले ऊतिर हेर्दै जवाफ दियो- नराम्रो काम हावाको झोकासँगै मेटिएर जाओस् भनेर मैले माटामा लेखेको थिएँ भने राम्रो कामचाहिँ कहिल्यै नमेटियोस् भनेर यसरी ढुंगामा लेखेको हुँ । साथीको जवाफले थप्पड हिर्काउने साथीका आँखा रसाए ।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## जहिल्यै मल किन हाहाकार ?

कृषिप्रधान देश नेपालमा हरेक बर्खामा धान रोप्ने मौसम सुरु भएपछि मलको हाहाकार हुने गरेको छ । त्यो नियति यस वर्ष पनि दोहोरिएको सुन्नुपर्दा ज्यादै दुःख लाग्यो । हरेक वर्ष सरकारले अब मलको अभाव हुँदैन भन्ने गफ दिन्छ । हामी सोझासीधा जनता उसका गफ पत्याउँछौँ र मलको प्रतीक्षामा बस्छौँ । तर, जबजब हाम्रो बालीनाली लगाउने मुख्य सिजन सुरु हुन्छ, तबतब देशभर मलको चरम अभाव हुने गर्छ । तैपनि, हरेक असार १५ मा देशले धान दिवस मनाउँछ । प्रधानमन्त्रीदेखि कृषिमन्त्रीसम्मले कुर्लीकुर्ली कृषिको महत्त्वबारे गफ दिन्छन्, तर तिनले किसानलाई आवश्यक मल भने कहिल्यै दिन सक्दैनन् । आखिर मलको हाहाकार किन भइरहेको छ ?

● **रामकृष्ण गोले**, विदुर- ३, नुवाकोट

## जसपाको निष्कर्ष ठिक छ

जसपा नेपाललले वर्तमान ओली सरकार पूर्णतः असफल भएको निष्कर्ष निकालेको समाचार पढियो । धेरै पछि जसपा नेपाललले एउटा गतिलो निष्कर्ष निकालेको छ । ओली सरकार असफल भएको आज होइन, धेरै पहिल्यै हो । यो सरकारले जनतालाई रुवाएर उद्योगी व्यवसायीलाई खुला साँढेसरह छाड्न सुरु गरेदेखि नै यो सरकारको असफलताका दिन सुरु भएका हुन् । जनताको चिन्ता नगर्ने सरकार सफल हुने सक्दैन ।

● **अमृता साह**
कुलेश्वर, काठमाडौं

## मल छ भने छिटो देऊ

देशभर धान रोप्ने सिजन सुरु भइसकेको अवस्थामा किसानले मल नपाएको गुनासो गरिरहेका छन् भने कृषिमन्त्री रामनाथ अधिकारीचाहिँ ६४ मेट्रिक टन मल मौज्दात भएको दाबी गरिरहेका छन् । साँच्चै मन्त्रीले भनेको परिमाणमा मल मौज्दात छ भने मल पाइएन भन्ने किसानलाई सहज रूपमा उपलब्ध गराउन सरकारलाई केले रोक्यो ? के सरकारले आफूसित मौज्दात भएको मल पनि सहज रूपमा जनतासम्म पुऱ्याउन सक्दैन हो ?

● **सुनन्दा मुल्मी**
टाँडी, चितवन

## 'झोले' अभियान कहाँ पुग्यो ?

केहीअघि एमाले अध्यक्ष केपी ओलीले बोलेको सामाजिक सञ्जालमा गरेको 'म झोले हो' भन्ने पोस्ट भाइरल मात्र बनेन, निकै विवादितसमेत बन्यो । एमालेइतर पक्षले मात्र होइन, स्वयं एमालेकै नेता-कार्यकर्ताले समेत ओलीको यस पोस्टको विरोध गरे । पूर्वमन्त्री गोकुल बास्कोटालगायत धेरै एमाले नेताले 'म झोले होइनँ, एमालेको बफादार सदस्य मात्र हुँ' भनेर ओलीको पोस्ट र बोलीप्रति कडा विरोध जनाए ।

धेरै विश्लेषकले 'झोले' शब्दको व्याख्या गर्दै यो शब्द दासताको प्रतीक हो, एउटाले जे गऱ्यो, उसैको अनुसरण गर्ने, कुनै सोचविचार नगरी खाल्डामा हामफाल्ने भेडा प्रवृत्ति हो भने । तर, ओलीले जे बोल्यो, त्यसको आँखा चिम्लेर समर्थन गर्ने केही एमाले नेताले भने 'म पनि झोले हो' भनेर पोस्ट गरे । उनीहरूको बौद्धिक दिवालीयापन देख्दा आमजनता छक्क परेका छन् । के ओलीले बोलेका हरेक शब्द र अहिले सुरु गरेको यो झोले अभियान पार्टीको आधिकारिक अभियान हो ? पार्टीको केन्द्रीय कार्यसमितिमा यसबारे कुनै छलफल र निर्णय भएको छ ? छ भने यसबारे हामी जनतालाई जानकारी गराउनुपऱ्यो । अनि, यो झोले अभियान अहिले कहाँ पुग्यो ? यसलाई कसरी थप उचाइतिर लगिँदै छ ? अहिलेसम्म ककसले यसको समर्थन गरे ? ककसले विरोध गरे ? यसको पनि लेखाजोखा भएकै होला । त्यसको पनि जानकारी पाउन सके आभारी भइने थियो ।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

---

# इजरायल-इरान युद्धविरामको भविष्य

## युद्धविराम स्थायी शान्तिको संकेत हो वा अर्को युद्धअघिको एक छोटो विराम मात्र हो भन्ने प्रश्न उब्जेको छ



देश / विदेश

● अली मामौरी

१२ दिनको युद्धपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायल र इरानबिच युद्धविरामको घोषणा गरेका छन्, जसले दशकौं सबैभन्दा नाटकीय र प्रत्यक्ष द्वन्द्वलाई अन्त्य गर्नेछ । इजरायल र इरान दुवैले युद्धविरामको पालना गर्ने सहमति जनाएका छन्, यद्यपि दुवै पक्षले कुनै पनि किसिमको उल्लंघनमा कडा जवाफ दिने बताएका छन् । युद्धविराम स्थायी शान्तिको संकेत हो वा अर्को युद्धअघिको एक छोटो विराम मात्र हो भन्ने प्रश्न उब्जेको छ । आधुनिक युद्धको अध्ययनअनुसार शान्ति प्रायः दुई अवस्थामध्ये एकमा मात्र टिकाउ हुन्छ, अर्थात् कि त एक पक्षको पूर्ण पराजय वा आपसी प्रतिरोधात्मक शक्तिको स्थापना भए मात्रै शान्ति कायम हुन्छ । यसको अर्थ दुवै पक्ष आक्रमणबाट टाढा रहन्छन्, किनभने दुवैले प्रतिशोधको सम्भावित क्षति लाभभन्दा बढी हुने अनुमान गर्छन् ।

**दुवै पक्षले के पाए ?** : यो युद्ध इजरायलका लागि इरानसँगको दशकौँ लामो टकरावमा एक निर्णायक मोड बन्यो । पहिलोपटक इजरायलले लडाइँलाई सीधै इरानी भूमिमा पुऱ्याएर अप्रत्यक्ष भिडन्तलाई प्रत्यक्ष आक्रमणमा रूपान्तरण गऱ्यो । यो सफलता इजरायलले विगत दुई वर्षमा हेजबुल्लाह र सिरियाका सिया मिलिसियालाई कमजोर बनाएको कारण सम्भव भयो । गत दुई सातामा इजरायलले इरानका उच्चपदस्थ सैन्य र आणविक वैज्ञानिकलाई तारो बनाएर ठुलो क्षति पुऱ्यायो । सर्वसाधारणमा पनि ठुलो हताहती भयो । अमेरिकालाई युद्धमा तानेर इजरायलले फोर्दो, नतान्ज र इस्फहानमा आक्रमण गराउँदै एक प्रमुख रणनीतिक उपलब्धि पनि हासिल गऱ्यो । तर, इजरायलका सबै लक्ष्य प्राप्त भएनन् । नेतन्याहुले सत्ता परिवर्तनको आह्वान गरे पनि इरानको नेतृत्व यथावत् छ । मिसाइल कार्यक्रम पनि पूर्ण रूपमा नष्ट हुन सकेन, र तेहरानले युरेनियम प्रशोधन अन्त्य गर्ने ट्रम्पको माग पनि अस्वीकार गऱ्यो ।

इरान अमेरिकासँग आणविक वार्तामा संलग्न रहँदा इजरायलको अचानक आक्रमणले इरानलाई स्तब्ध तुल्याए पनि इरानले सयौँ मिसाइल इजरायलतर्फ प्रक्षेपण गऱ्यो । केही रोकिए पनि धेरै मिसाइलले इजरायली सुरक्षा प्रणाली चिर्दै प्रमुख सहरमा विनाश, दर्जनौँ हताहती र सयौँलाई घाइते बनायो । इजरायलले इरानका हवाई प्रतिरक्षा प्रणाली, मिसाइल यन्त्र र ऊर्जास्रोतमा प्रहार गरेर क्षति पुऱ्यायो, तर इरानले पनि आफ्नो प्रत्याक्रमण क्षमता देखायो । आक्रमण सुरु भएदेखि इरानले वार्ता पुनः सुरु गर्न पनि आह्वान गऱ्यो र युद्ध लम्बिँदा दुवै पक्षका लागि लागत बढ्ने र स्रोत घट्ने कुरा बुझेको देखियो । त्यसैले, इरानले लामो युद्ध फाइदाजनक नहुने निष्कर्ष निकालेको देखिन्छ ।

वास्तवमा युद्धमा विजय केवल क्षति पुऱ्याउने मात्र नभई रणनीतिक लक्ष्य प्राप्त गर्ने र शत्रुको इच्छाशक्ति कमजोर पार्नु पनि हो । इजरायलले अधिकांश लक्ष्य पूरा गरेको दाबी गरे पनि इरानको आणविक कार्यक्रम कति क्षतिग्रस्त भयो भन्ने अझै अस्पष्ट छ । त्यसैले, दुवै देश अझै संवेदनशील तनावमा छन् र द्वन्द्व पुनः चर्किने सम्भावना कायमै छ ।

**इरानको आणविक भविष्य, आशंका र सम्भावना** : युद्धपछि इरान गम्भीर चुनौतीको सामना गर्दै छ । नेतृत्व र आणविक पूर्वाधारमा क्षति पुगेपछि तेहरानले प्रतिरोध क्षमतालाई पुनः निर्माणमा प्राथमिकता दिने संकेत देखिएको छ, जसमा चीनबाट उन्नत वायु प्रतिरक्षा प्रणाली प्राप्त गर्नु र मिसाइल तथा आणविक कार्यक्रम पुनर्स्थापना गर्नु पर्छ । केही विशेषज्ञका अनुसार इरानले



तस्बिर : अमिर लेभी/गेटी इमेजेस

शक्तिशाली मिसाइल जानाजान प्रयोग गरेन, ताकि रणनीतिक क्षमताको आकलन जोगियोस् ।

इरानी अधिकारीले आक्रमणअघि ६० प्रतिशत शुद्धता भएको चार सय किलो युरेनियम सुरक्षित गरिएको दाबी गरेका छन्, जुन ९० प्रतिशत शुद्धतामा रूपान्तरण गरे करिब १० आणविक बम बनाउन सकिने सम्भावना छ । ट्रम्पले इरानको आणविक क्षमता 'पूर्ण रूपमा नष्ट' भएको दाबी गरेका छन्, र राष्ट्रसंघीय निरीक्षकले गम्भीर क्षतिको संकेत गरे पनि विश्लेषक इरानसँग अझै पर्याप्त प्राविधिक ज्ञान रहेको बताउँछन् । भूमिगत संरचनाको क्षतिमा भर पर्ने भए पनि इरान छिटै कार्यक्रम पुनः सुरु गर्न र तीव्र गतिमा अघि बढ्न सक्छ । र, आणविक वार्ता पुनः सुरु हुने सम्भावना भने अत्यन्तै क्षीण देखिएको छ ।

**भविष्यको प्रतिरोध रणनीति** : यो युद्धले इरान र इजरायल दुवैको प्रतिरोध बुझाइमा आधारभूत परिवर्तन ल्याएको छ । इरानका लागि यो द्वन्द्वले सत्ताको अस्तित्व नै संकटमा पर्न सक्छ भन्ने चेतावनी दिएको छ । युद्धमा 'सत्ता परिवर्तन'को कुरा उठेपछि इरान अब आणविक हतियार निर्माण क्षमता र चीन-रुससँग रणनीतिक साझेदारीलाई सुदृढ गर्नतर्फ उन्मुख हुन सक्छ । तेहरानले आफ्नो आणविक कार्यक्रम छिटै पुनः सुरु गर्न सक्नेछ र अब औपचारिक रूपमा हतियार निर्माणको दिशामा पनि अघि बढ्न सक्ने सम्भावना छ । त्यसैगरी चीन र रुससँग सैन्य-आर्थिक सहकार्यलाई तीव्र पार्दै अन्तर्राष्ट्रिय एक्लोपनको जोखिम घटाउन सक्नेछ ।

इजरायलको दृष्टिमा प्रतिरोध भनेको निरन्तर सतर्कता र प्रबल प्रतिशोधको तयारी हो । कूटनीतिक समाधान नआए इजरायलले इरानी आणविक गतिविधिमा सानो संकेत पाउनेबित्तिकै आक्रमणको नीति अपनाउन सक्छ । अहिलेको युद्धविराम अत्यन्तै नाजुक छ । इरानको आणविक क्षमताबारे वार्ता सुरु भएन भने यो विराम अस्थायी मात्र हुने सम्भावना छ । हालको आपसी प्रतिरोधले ठुलो युद्ध रोक्न सक्ला, तर सन्तुलन कमजोर छ र कमजोरीको झिनो संकेतले पनि पुनः द्वन्द्व भड्कन सक्छ ।

*(मामौरी डेकिन विश्वविद्यालयका मध्यपूर्व अध्ययनका अनुसन्धाता फेलो हुन्)*
*द कन्भर्सेसनबाट*

---

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

# युद्धविराम स्विकारेपछि पनि इरान र इजरायलले रोकेनन् मिसाइल आक्रमण

**तेल अभिभ**/ तेहरानले कतारस्थित अमेरिकी सैन्य आधारमा संयमित मिसाइल आक्रमणपछि इजरायल र इरानले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा प्रस्तावित युद्धविराम योजना स्वीकार गरेका छन्। ट्रम्पले आफ्नो ट्रुथ सोसलमा एक पोस्ट गर्दै 'युद्धविराम कार्यान्वयनमा आएको छ, कृपया यसको उल्लंघन नगर्नुहोला' लेखे। अप्रत्यासित रूपमा भएको यस युद्धविरामसँगै मध्यपूर्वमा उथलपुथल मच्चाएको १२ दिन चर्केको तनाव कम हुने आशा पलाएको छ।

मंगलबार दुवै पक्षले सम्झौता स्विकारेको बताइरहेकै समयमा एक-अर्कामाथि आक्रमण पनि जारी राखेको देखियो। तेहरानले इजरायलमाथि गरेको अन्तिम मिसाइल आक्रमणले पुनः तनावको स्थिति सिर्जना भयो। मंगलबार बिहान भएको इरानी आक्रमणमा कम्तीमा चारजनाको मृत्यु र आठजना घाइते भएको इजरायलको 'मागेन डेभिड आदोम (एमडिए)' उद्धार सेवाले बताएको छ। इरानले भने आफ्ना सरहमाथि बिहान भएको व्यापक इजरायली आक्रमणको बदलामा कारबाही चालेको बताएको छ। इरानमा बिहान ४ बजे (स्थानीय समय) सम्म इजरायलले आक्रमण गरिरहेको थियो।

युद्धविराम उल्लंघनप्रति ट्रम्प आफैंले पनि असन्तुष्टि जनाएका छन्। उनले इजरायल र इरान दुवैले युद्धविराम उल्लंघन गरेको बताउँदै आफू विशेषतः 'इरानसँग निकै बेखुस' भएको बताए। उनले इजरायललाई आफ्ना 'पाइलट अहिले फिर्ता गर्न' आह्वान गरेका थिए।

तथापि, इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले ट्रम्पसँगको समन्वयमा भएको युद्धविराममा सहमति जनाएका छन्। नेतन्याहुले सोमबार राति बसेको विशेष सुरक्षा क्याबिनेटमा १२ दिने अप्रेसनका क्रममा इजरायलले आफ्ना सबै युद्ध लक्ष्य हासिल गरेको जानकारी दिएका थिए। यस अवधिमा इजरायलले इरानका शीर्ष सैन्य नेतृत्व सफाया गरेको, अधिकांश सरकारी क्षेत्रमा क्षति पुऱ्याएको र तेहरानको आकाशमाथि पूर्ण नियन्त्रण हासिल गरेको उनले बताए।



इजरायली प्रधानमन्त्री नेतन्याहु | अमेरिकी राष्ट्रपति ट्रम्प | इरानी सर्वोच्च नेता खामेनी

## इजरायलविरुद्ध अमेरिकी राष्ट्रपतिको दुर्लभ सार्वजनिक आक्रोश

इजरायल-इरानबिच भएको युद्धविराम सहमतिको मध्यस्थता गरेका र त्यसको श्रेयसमेत लिएका ट्रम्प त्यतिबेला आक्रोशित भए, जब सम्झौता केही घण्टामै उल्लंघन भयो। उनले इजरायललाई आफ्ना युद्धकविमान बिचबाटै फर्काउन र इरानमाथिको बमबारी रद्द गर्न आदेश दिए। त्यसो नगरे इजरायलतर्फबाट 'ठुलो उल्लंघन' भएको मानिने उनले चेतावनी दिए। उता इजरायलले भने युद्धविरामको घोषणा भएको लगभग साढे दुई घण्टापछि पनि उत्तरी इजरायलतर्फ इरानी ब्यालिस्टिक क्षेप्यास्त्र हानिएको भन्दै युद्धविराम तोड्ने पहिलो राष्ट्र आफू नभएको दाबी गऱ्यो।

यद्यपि, युद्धविरामको घोषणा भएको लगभग साढे दुई घण्टापछि वासिंगटनमा ब्युँझिँदा ट्रम्पको रिसको मुख्य निसाना इजरायल देखियो। ट्रम्प इजरायलले इरानमाथि गर्न थालेको ठुलोस्तरको बमबारीबाट मात्र क्रुद्ध थिएनन्। सोमबार राति युद्धविराममा सहमति जनाएपछि र मंगलबार बिहान ५ बजे कार्यान्वयन हुँदाको बिचमा इजरायली विमानहरूले खसालेका बमहरूको विशाल परिणामबाट पनि रिसाएका थिए।

'सम्झौता गर्नेबित्तिकै इजरायलले ठुलो परिणाममा बम खसाल्यो। यत्रो परिणाम मैले पहिले कहिल्यै देखेको थिइनँ। हामीले देखेको सबैभन्दा ठुलो परिणामको बम,' ट्रम्पले अमेरिकी राष्ट्रपतिले इजरायलविरुद्ध सार्वजनिक रूपमा विरलै प्रयोग गर्ने निन्दाको भाषामा भने। त्यसपछि उनले आफ्नो निजी अनलाइन प्लेटफर्म ट्रुथ सोसलमा निर्देशनको भाकामा लेखे, 'इजरायल ! ती बमहरू नहान। यदि त्यसो गरिए यो ठूलो उल्लंघन हुनेछ। अब आफ्ना पाइलटहरूलाई घर फर्काऊ !'

त्यसपछि ट्रम्प र इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुबिच फोन वार्ता भयो। फोन वार्तापछि सोही प्लाटफर्ममा पुनः ट्रम्पले घोषणा गरे, 'इजरायलले इरानमाथि आक्रमण गर्नेछैन। (इरानतर्फ गएका) सबै विमान फर्किनेछन्। युद्धविराम लागू भएको छ !' तर, ट्रम्पको सो पोस्टको केही मिनेटपछि इरानको राजधानी र देशको उत्तरी भागमा विस्फोट सुनिएको थियो। अमेरिकी वेबसाइट 'एक्सियोस'का अनुसार नेतान्याहुले ट्रम्पसँगका फोनवार्तामा ठुलो स्तरको हमला रोकिए पनि 'एउटा मात्र लक्ष्यमा भए पनि प्रहार हुने' बताएका थिए। इजरायली मिडिया हारेट्जका अनुसार सो एकल लक्ष्य इरानी राडार थियो।

## युद्धविरामपछि तेलको मूल्यमा गिरावट

**टोकियो**/ इजरायलले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको इरानसँग द्विपक्षीय युद्धविरामको प्रस्तावमा सहमति जनाएको बताएपछि मंगलबार तेलको मूल्यमा पाँच प्रतिशतभन्दा बढीले गिरावट आएको छ। प्रतिद्वन्द्वी मुलुक इजरायल र इरानबिच १२ दिनदेखि जारी युद्ध रोकिएपछि तेलको मूल्य बढ्ने यसअघिको चिन्ता घटेको छ। मंगलबार बिहान करिब ग्रिनविच मिन टाइम (जिएमटी) ०६:५० मा ब्रेन्ट पाँच दशमलव दुई प्रतिशतले घटेर प्रतिब्यारेल ६७.७५ डलरमा झरेको थियो। मुख्य अमेरिकी कच्चा तेल सम्झौता डब्लुटिआई प्रतिब्यारेल पाँच दशमलव चार प्रतिशतले घटेर ६५.०१ डलर भएको थियो।


## Request for Proposals – Group Personal Accident Insurance of Customer

Nabil Bank Ltd. invites sealed proposals from interested firms/companies for insurance services for Group Personal Accident Insurance for coverage of NPR. 1,000K for each eligible account holder with worldwide insurance coverage of accidental death & permanent total disability due to accident including RSD & Terrorism.

**Terms and Conditions**

1. Bidders must submit following documents:
   a) PAN/VAT Certificate - notarized
   b) Audited Balance Sheet of Last Two years
   c) List of Prime Customers
   d) Firm/Company Registration (renewed)- notarized
   e) Tax clearance certificate (updated) - notarized
   f) Company profile with brief introduction of promoters and key management team
   g) Self- declaration not being black listed or under any legal prosecution.
2. The sealed quotation should be submitted in an envelope addressing Administration Department, Nabil Bank Ltd, with name of the bidder's firm and address. Sealed quotation should reach to the Bank's Head Office, Administration Department, Ghantaghar Building 4th floor, Kathmandu, Nepal, not later than **4:00 PM, 9th July 2025 (Asard 25th, 2082)**. Bid documents received after this deadline will not be accepted.
3. The bid shall be opened on **11:00 AM, 10th July 2025 (Asard 26th, 2082)** at Bank's Head Office, Administration Department, Ghantaghar Building, Kathmandu, Nepal.
4. In case the last day of bid submission/ opening falls on a government holiday, then the next working day shall be applicable for the same.
5. The bank reserves the right to accept or reject in part or whole of any sealed quotation without assigning any reason whatsoever and will not be compelled to accept the lowest bid.

NABIL BANK®
Administration Department, Ghantaghar, Kathmandu Contact No: - 01-5971871


## इतिहासमा आज




सन् १९५० : दोस्रो विश्वयुद्धपछि दुई भागमा विभाजित कोरियाली प्रायद्वीपको उत्तरी हिस्सा (हालको उत्तर कोरिया)ले दक्षिणी भागलाई गाभ्ने उद्देश्यले आक्रमण सुरु गरेसँगै कोरियाली युद्ध सुरु भयो। तीन वर्षपछि लाखौंको ज्यान गएपछि दुई भाग पहिलेकै अवस्थामा रहने गरी युद्धविरामसँगै युद्ध अन्त्य भयो।

**सन् १६७८** : 'युनिभर्सिटी अफ प्याड्युआ (इटली)' की ३२ वर्षीया विद्यार्थी एलिना कोरनारो पिस्कोपिया डक्टरेट उपाधि हासिल गर्ने विश्वकै पहिलो महिला बनिन्।

**सन् १८६८** : अमेरिकामा सरकारी कर्मचारीको काम गर्ने अवधि आठ घण्टा हुने कानुन लागू भयो।

**सन् १८६८** : अमेरिकी गृहयुद्धपछि लागू भएको पुनर्निर्माण नीतिअन्तर्गत छुट्टिएर गएका राज्यलाई पुनः समाहित गर्ने क्रममा आजको दिन 'फ्लोरिडा' राज्य फेरि अमेरिकाको हिस्सा बन्यो।

**सन् १९००** : विश्वमा अस्तित्वमा रहेकोमध्ये सबैभन्दा पुरानो मानिने 'डुनहुआङ पान्डुलिपि' ताओ भिक्षु वाङ यानलुले आजकै दिन चीनको मोगाओ गुफामा भेटेका थिए।

**सन् १९४७** : किशोरी एने फ्याङ्कको चर्चित डायरी आजकै दिन पहिलोपटक नेदरल्यान्डमा प्रकाशित भएको थियो।

**सन् १९६१** : कुवेत बेलायतबाट स्वतन्त्रको ६ दिनपछि आजको दिन इराकका प्रधानमन्त्री अब्दुल करिब कासिमले सो भूमि इराकको भएको दाबी गर्दै स्वतन्त्रता अस्वीकार गरे।

**सन् १९६२** : अमेरिकाको सर्वोच्च अदालतले 'एंगेल भर्सेस भिटाल' मुद्दाको सुनुवाइका क्रममा सरकारी अधिकारीले सर्वाजनिक विद्यालयमा प्रार्थनालाई प्रोत्साहन गर्न बन्देज लगायो। यही निर्णयले अमेरिकामा सार्वजनिक विद्यालयमा धार्मिक प्रार्थनामाथि प्रतिबन्ध लगाएको मानिन्छ।

**सन् १९७६** : युगान्डाको सुरक्षा परिषद्ले पाँच वर्षअघि राष्ट्रपति बनेका इदी अमिनलाई जीवनकालभरका लागि देशको राष्ट्रपति घोषणा गऱ्यो। तर, तीन वर्षभित्रै उनी विद्रोहमार्फत सत्ताच्युत भए।

**सन् १९७८** : समलिंगीहरूले हाल प्रयोग गर्ने इन्द्रेणी रंगको झन्डाको पहिलो प्रयोग सान फ्रान्सिस्कोमा आयोजित च्यालीमा भयो। झन्डाको डिजाइन गिलबर्ट बेकरले गरेका थिए।

**सन् १९९१** : स्लोभेनिया र क्रोएसियाले युगोस्लाभियाबाट अलग भएको घोषणा गरे।


नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**बैदेशिक रोजगार विभाग**
**बैदेशिक श्रम स्वीकृती शाखा**
ताहाचल, काठमाडौं ।

## बैदेशिक रोजगार सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८२/०३/११**

मलेशिया, कतार, साउदी अरब होस वा युरोप, जापान, कोरिया इजरायत होस यी मुलुकहरुमा बैदेशिक रोजगारीका नाममा बढदै गइरहेको ठगी सम्बन्धमा आम संचारका माध्यमवाट प्रचार प्रसार भएको कुराहरु प्रति नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, बैदेशिक रोजगार विभाग, बैदेशिक रोजगार श्रम स्वीकृति शाखाको गंम्भीर ध्यानाकर्षण भएको छ। ठगी नियन्त्रण गरि बैदेशिक रोजगारलाइ सुरक्षित, मर्यादित र व्यवस्थित गराउन नेपाल सरकारले अधिकतम प्रयास गरिरहेको छ यसमा सवै सरोकारवालाहरुको पनि उत्तिकै सक्रियता आवश्यक हुन्छ।

**बैदेशिक रोजगारी वा जाने सम्बन्धमा ध्यान दिनु पर्ने कुराहरु :**

१) सुरक्षित बैदेशिक रोजगारका लागि नेपाल सरकारवाट श्रम स्वीकृति लिएरमात्र जाऔं।
२) रोजगारको लागि जान लागेको देश, गर्ने काम र पाउने पारिश्रमिकको वारेमा पूर्ण जानकारी लिउ।
३) कसैको लहैलहैमा नलागौ र नेपालको विमानस्थल प्रयोग गरि मात्र जाउ।
४) दलालको लहैलहैमा नलागौ आधिकारीक संस्थामार्फत मात्र बैदेशिक रोजगारीको लागि जाऔं।
५) बैदेशिक रोजगारीको प्रयोजनको लागि तोकिएको सेवा शुल्क संस्थाको बैक खाता मार्फत मात्र बुझाउने गरौ।
६) नेपाल सरकारवाट श्रम स्वीकृति प्राप्त नगरी हवाइ टिकट नलिउ साथै कम्पनिवाट नै आतेजाते टिकटको प्रवन्ध भएको सन्दर्भमा समयमा नै श्रम स्वीकृति लिऔं।
७) कुनै पनि इजाजत प्राप्त संस्थाले बैदेशिक रोजगारको लागि पूर्व स्वीकृति लिए नलिएको जानकारी बैदेशिक रोजगार विभागको www.dofe.gov.np मार्फत एकिन गरौ।
८) नेपाल सरकारले तोकेभन्दा वढी रकम माग गरेमा बैदेशिक रोजगार विभाग वा सम्बन्धित निकायहरुमा खबर गरौ।
९) श्रम स्वीकृतिको लागि फारम भर्दा इमेल ठेगाना वा फोन नं आफ्नै प्रयोग गरौ ताकि श्रम स्वीकृतको जानकारी प्राप्त गर्नका साथै उल्लेखित विवरण हवाइ अड्डामा पेश गर्न सजिलो होस।
१०) बैदेशिक रोजगारको सम्बन्धमा आवश्यक सूचना, जानकारी, गुनासो र उजुरीका लागि श्रमाधान कल सेन्टर मार्फत वा प्रत्यक्ष श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वा मन्त्रालय अन्तर्गका निकायहरुमा सम्पर्क गरौ।



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मितिः २०८२/०३/११**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (सावित सिर्जना फाईनान्स लिमिटेड) को शाखा कार्यालय, राजविराज सप्तरीबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति २०८१/१०/२१ मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ, ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड, शाखा कार्यालय, राजविराजमा दिनको ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईएको छ।

**तपसिल**

**कर्जा शिर्षक : सिटिजन्स फास्ट ट्रयाक आवधिक कर्जा**

| ऋणको नाम र ठेगाना | | जमानीकर्ताको नाम र ठेगाना | |
|---|---|---|---|
| नाम | : कुमारी भावना गुप्ता | नाम | : क्यारिन गुप्ता |
| बुवा | : किसुन प्रसाद भगत | बुवा | : चन्द्र कान्त गुप्ता |
| पती | : चन्द्र कान्त गुप्ता | बाजे | : युगेश्वर प्रसाद गुप्ता |
| ससुरा | : युगेश्वर प्रसाद गुप्ता | ठेगाना | : शम्भुनाथ गाविस वडा नं. ०१, सप्तरी |
| ठेगाना | : शम्भुनाथ गाविस वडा नं. ०१, सप्तरी | हाल | : शम्भुनाथ न.पा.वडा नं.०३, सप्तरी |
| हाल | : शम्भुनाथ न.पा.वडा नं.०३, सप्तरी | ना.प्र.नं. | : १६-०१-७०-०१७३५ |
| ना.प्र.नं. | : ४४५ | जारी मिति | : २०७०/०३/१२ |
| जारी मिति | : २०५१/०८/२३ | जि.प्र.का. | : सप्तरी |
| जि.प्र.का. | : सप्तरी | | |

**धितो राखिएको सम्पत्ति विवरण**

**जग्गाधनीको नाम : कुमारी भावना गुप्ता**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं./नक्सा सिट | कि.नं. | क्षेत्रफल (वि.क.धु.) | कैफियत |
|---|---|---|---|---|---|
| सप्तरी | सखुवा कचन्दहा | ३क | १११३ | ०-१-० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत। |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा वढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनु हुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय वा शाखा कार्यालय राजविराजमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

**लिलाम खोलिने मिति :- २०८२/०३/२६ गते, विहीवार**
**समय :- दिनको ४:०० बजे**
**स्थान :-सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड, शाखा कार्यालय, राजविराज।**

Citizens Bank
**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८
THE BANKER BANK OF THE YEAR 2024 NEPAL



नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
**आन्तरिक राजस्व कार्यालय, ललितपुर-२**

## सफाइको सबुत/प्रमाण पेस गर्ने सम्बन्धी जरूरी सूचना

**(सूचना प्रकाशित मिति : २०८२/०३/११ गते)**

यस कार्यालय अन्तर्गत तपसिलमा उल्लेखित करदाताहरु पुर्ण कर परीक्षणका लागि छनौट भएको र करदाता दर्ता हुँदाको अवस्थामा उपलब्ध गराएको ठेगानामा हुलाकबाट पत्र रजिष्ट्री गरी पठाइएको तथा अभिलेखमा उल्लेखित टेलिफोन/मोबाईल नम्बरमा सम्पर्क स्थापित गर्ने प्रयास गरिएकोमा सम्पर्क हुन नसकेकोले कर परीक्षणको लागि तपसिलमा उल्लेखित आ.व. को कारोबारसंग सम्बन्धित सम्पूर्ण खाता, बही, बिल बीजक लगायतका कागजात सहित उपस्थितिको लागि मिति २०८१/१०/१५ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गरिएकोमा तोकिएको म्याद भित्र प्रमाण कागजात पेश नगरेको तथा सम्पर्कमा नआएको तथा पत्र बुझी कागजात पेश गरेका करदाताको उपलब्ध वित्तीय विवरण, आय विवरण लगायतका कार्यालयमा उपलब्ध सूचना तथा कागजातको आधारमा तपसिलका आ.व. को तपसिल बमोजिमको कर लाग्ने देखिएको हुँदा उल्लेखित कर निर्धारण गर्नु नपर्ने आधार र कारण भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रमाण सहित पेश गर्नुहुन आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा १०१(६) तथा मू.अ.कर ऐन, २०५२ (संशोधन सहित) को दफा २०(१) तथा मू.अ.कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र प्रमाण कागजात पेश नभएमा तपसिल बमोजिमको कर निर्धारण गरी सो रकममा कानून बमोजिम शुल्क, ब्याज तथा जरिवाना समेत गणना भइ जाने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

| सि. नं. | स्थायी लेखा नम्बर | करदाताको नाम | ठेगाना | प्रो/साझेदार/संचालक/प्रमुख नाम | आ.व. | आयकर कायम हुने संशोधित करयोग्य आय रु. |
|---|---|---|---|---|---|---|
| १. | ५००१९१०५३ | गोरखा सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड | ललितपुर म.न.पा. -१४, सातदोवाटो, ललितपुर | इमान सिं राई | २०७७/७८ | -१०१०४०७९७.०० |
| २. | ६०६८२३३२० | सुगल इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. | महालक्ष्मी न.पा. -५, टिकाथली, ललितपुर | पुष्प अधिकारी/सुष्मिता शर्मा | २०७७/७८ | १८६६०८८३.०० |
| ३. | ६०२४७१०१३ | स्टार वर्ल्ड ट्रेड एण्ड सप्लायर्स | ललितपुर म.न.पा. -०९, ग्वार्को, ललितपुर | अमृत प्रसाद शर्मा भट्टराई | २०७७/७८ | २०००९१.०० |
| ४. | ६१५८४०६१३ | भ्याली जे जे पी एम के जे भी | ललितपुर म.न.पा. -०६, लगनखेल, ललितपुर | सुजन भट्ट | २०७७/७८ | ३९०७०५०.०० |

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार ११ असार ०८२

# उपत्यकाका अधिकांश स्थानीय तहले ल्याए बजेट

## मेयर बालेन शाह, उपमेयरसहितका अन्य प्रतिनिधि र कर्मचारीबिच विवाद हुँदा काठमाडौं महानगर नीति-कार्यक्रम र बजेटविहीन

**शिवहरि घिमिरे**/नयाँ पत्रिका

काठमाडौं उपत्यकाका अधिकांश स्थानीय तहले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट ल्याएका छन्। कानुनअनुसार मंगलबार नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्नुपर्ने हुन्छ। काठमाडौं महानगरपालिका तथा कागेश्वरी मनोहरा र गोकर्णेश्वर नगरपालिकाले भने बजेट ल्याउन सकेनन्। कागेश्वरी मनोहरा र गोकर्णेश्वरमा मंगलबार नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ।

ललितपुरको ललितपुर महानगरपालिका, गोदावरी र महालक्ष्मी नगरपालिका तथा बागमती, कोन्ज्योसोम र महांकाल गाउँपालिकाले बजेट ल्याएका छन्। काठमाडौंका टोखा, दक्षिणकाली, कीर्तिपुर, नागार्जुन, चन्द्रागिरि, बुढानीलकण्ठ र शंखरापुरा नगरपालिकाले पनि बजेट ल्याएका छन्। भक्तपुर, सूर्यविनायक, चाँगुनारायण र मध्यपुरथिमि नगरपालिकाले बजेट ल्याएका छन्। भक्तपुर नगरपालिकाले ८ असारमै दुई अर्ब ४७ करोडको बजेट ल्याएको हो। मध्यपुरथिमि नगरपालिका तीन अर्ब ३५ करोड, सूर्यविनायक नगरपालिकाले दुई अर्ब २५ करोड, चाँगुनारायण नगरपालिकाले एक अर्ब ८४ करोड ५६ लाख बजेट प्रस्तुत गरेको छ।

काठमाडौंको चन्द्रागिरि नगरपालिकाले शिक्षा, स्वास्थ्य, पूर्वाधार, सम्पदालाई प्राथमिकतामा राख्दै दुई अर्ब ९३ करोड ल्याएको छ। कागेश्वरी मनोहराले मंगलबार नीति तथा कार्यक्रम मात्रै पेस गरेको छ। वडामा दिने बजेटमा विवाद भएको भन्दै मंगलबार बजेट प्रस्तुत हुन सकेन। शंखरापुर नगरपालिकाले एक अर्ब ५२ करोड र टोखा नगरपालिकाले एक अर्ब ८० करोडको बजेट ल्याएको छ। टोखाले शिक्षा, स्वास्थ्य, पूर्वाधार, खानेपानी, खेलकुदलगायतलाई प्राथमिकता राखेको छ।

दक्षिणकाली नगरपालिकाले ८९ करोडको बजेट ल्याएको छ। आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरिएको हो। नगरपालिकाले स्वास्थ्य, शिक्षालगायत एक वडा एक पार्क कार्यक्रम, प्रशासनिक भवन निर्माणलाई प्राथमिकतामा राखेको उपप्रमुख वसन्ती तामाङ डंगोलले बताइन्।

### ५४ करोडदेखि सात अर्ब ४७ करोडसम्म उपत्यकाको बजेट

| काठमाडौंका स्थानीय तह | बजेट |
|---|---|
| बुढानीलकण्ठ नगरपालिका | ३ अर्ब ४५ करोड |
| चन्द्रागिरि नगरपालिका | २ अर्ब ९२ करोड |
| नागार्जुन नगरपालिका | २ अर्ब ३९.७१ करोड |
| टोखा नगरपालिका | १ अर्ब ८० करोड |
| शंकरापुर नगरपालिका | १ अर्ब ५२ करोड |
| दक्षिणकाली नगरपालिका | ८९ करोड |

| ललितपुरका स्थानीय तह | बजेट |
|---|---|
| ललितपुर महानगर | ७ अर्ब ४७.४१ करोड |
| गोदावरी नगरपालिका | २ अर्ब सात करोड |
| महालक्ष्मी नगरपालिका | १ अर्ब ८१ करोड |
| बागमती गाउँपालिका | ६२ करोड ७३ लाख |
| कोन्ज्योसोम गाउँपालिका | ४५ करोड ५९ लाख |
| महांकाल गाउँपालिका | ५४ करोड |

| भक्तपुरका स्थानीय तह | बजेट |
|---|---|
| मध्यपुर थिमि नगरपालिका | ३ अर्ब ३५ करोड |
| भक्तपुर नगरपालिका | २ अर्ब ४७ करोड |
| सूर्यविनायक नगरपालिका | २ अर्ब २५ करोड |
| चाँगुनारायण नगरपालिका | १ अर्ब ८४ करोड |

### ■ काठमाडौंको बजेट र नीति तथा कार्यक्रम अन्योल




काठमाडौं महानगरपालिकामा भने नीति तथा कार्यक्रम र बजेट कहिले पेस गर्ने अझै टुंगो लागेको छैन। मेयर बालेन्द्र शाह बालेन र अन्य जनप्रतिनिधिबिच सम्बन्ध चिसिएका कारण बजेट मंगलबार आउन नसकेको हो। महानगरका प्रवक्ता नवीन मानन्धरले नीति तथा कार्यक्रम र बजेट तयारी पूरा भइनसकेको बताए। 'हामीले नीति तथा कार्यक्रम कहिले ल्याउँछौं, अझै पत्तो छैन। हरेक विभाग र शाखा-महाशाखाहरूले तयारी गरिरहेका छन्, तर बजेट र नीति तथा कार्यक्रम कसरी र कहिले पेस हुन्छ पत्तो छैन,' उनले भने, 'मेयरसाबले यसबारे बैठकसमेत बोलाउनुभएको छैन, एक्लै तयारी गरेको भए थाहा भएन।'

नागार्जुन नगरपालिकाले दुई अर्ब ३९ करोड ७१ लाख ६८ हजारको बजेट ल्याएको छ। बजेटले शिक्षा, स्वास्थ्य, रोजगार, कृषिलगायतलाई प्राथमिकतामा राखेको नगरपालिकाले जनाएको छ। बजेटमध्ये चालूतर्फ ९१ करोड र अन्य पुँजीगत बजेट रहेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवप्रसाद रिजालले बताए।

ललितपुर महानगरपालिकाले आगामी वर्षका लागि सात अर्ब ४७ करोड ४१ लाख ४७ हजारको बजेट ल्याएको छ। मंगलबार महानगरको सातौं नगरसभामा उपप्रमुख मञ्जली शाक्य बज्राचार्यले शिक्षा, स्वास्थ्य, सम्पदा, रोजगारलगायत क्षेत्रलाई प्राथमिकता दिइएको आगामी आर्थिक वर्षका लागि बजेट प्रस्तुत गरिन्।

गोदावरी नगरपालिकाले दुई अर्ब सात करोडको बजेट ल्याएको छ। बजेटमा कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्य र बाढी पहिरो न्यूनीकरण र राहतलाई प्राथमिकता राखेको मेयर गजेन्द्र महर्जनले जानकारी दिए। बागमती गाउँपालिकाले ६२ करोड ७३ लाख, कोन्ज्योसोम गाउँपालिकाले ४५ करोड ५९ लाख र महांकाल गाउँपालिकाले ५४ करोड बजेट ल्याएको छ।

### ■ ललितपुर महानगरमा उधारो बजेट

ललितपुर महानगरपालिकाले आगामी वर्षका लागि सात अर्ब ४७ करोड ४१ लाख ४७ हजारको बजेट ल्याएको छ। तर, बजेटको स्रोत भने उधारो रहेको पाइएको छ। महानगरले हचुवाका भरमा बजेटको आकार ठुलो बनाएको छ। तर, स्रोत सुनिश्चितता भने गरेको छैन। बजेट थप परिपक्व नबनाई पेस भएको उपप्रमुख मञ्जली शाक्य बज्राचार्यले बताइन्। उनले शिक्षा, स्वास्थ्य, सम्पदा, रोजगारलगायत क्षेत्रलाई प्राथमिकता दिइएको बताइन्। बजेटको स्रोत व्यवस्थापनतर्फ संघीय सरकारबाट एक अर्ब ४१ करोड २७ लाख ९४ हजार र बागमती प्रदेश सरकारबाट १८ करोड २७ लाख ७२ हजार अनुदान प्राप्त हुने उपप्रमुख शाक्यले बताइन्। तर, यसमा कति अनुदान आउने हो, निर्क्योल हुन सकेको छैन।

महानगरले आगामी वर्ष आन्तरिक राजस्व, मालपोत रजिस्ट्रेसन शुल्क, मनोरञ्जन कर आदिबाट तीन अर्ब ७१ करोड ४६ लाख ९१ हजार संकलन गर्ने लक्ष्य राखेको छ। तर, लक्ष्य राखिएको अंक बजेटमा जोडेर ठुलो आकार देखाउन खोजिएको हो। विकास निर्माणमा जनसहभागिताबापत आठ करोड ५० लाख प्राप्त हुने अपेक्षा गरिएको छ। आगामी आर्थिक वर्षमा महानगरलाई अन्तरसरकारी अख्तियारीबाट ९५ करोड १५ लाख प्राप्त हुने अपेक्षा लिइएको उपप्रमुख शाक्यले बताइन्। त्यस्तै, विनियोजन बजेटका लागि नपुग हुने एक अर्ब १२ करोड ७३ लाख ९० हजार नगद मौज्दातबाट व्यहोरिने बताइएको छ। बजेटको स्रोत सुनिश्चितताबारे वडाध्यक्षहरूले समेतले विमति जनाएका छन्।

### ■ भक्तपुरको बजेटमा शिक्षा, स्वास्थ्य र सम्पदालाई प्राथमिकता

भक्तपुर नगरपालिकाले ८ असारमै दुई अर्ब ४७ करोडको बजेट ल्याएको हो। यसपटकको बजेटमा शिक्षा, स्वास्थ्य र सम्पदालाई प्राथमिकतामा राखिएको मेयर सुनील प्रजापतिले बताए। उनका अनुसार आगामी आर्थिक वर्षका लागि पुँजीगततर्फ ८० करोड ४८ लाख र चालूतर्फ एक अर्ब ५२ करोड बजेट विनियोजन भएको छ।

### ■ गोदावरीको प्राथमिकतामा बाढीपहिरो न्यूनीकरण र राहत

ललितपुरको गोदावरी नगरपालिकाले दुई अर्ब सात करोडको बजेट ल्याएको हो। बजेटमा कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्य र बाढीपहिरो न्यूनीकरण र राहतलाई प्राथमिकता राखेको मेयर गजेन्द्र महर्जनले बताए। 'यस क्षेत्रमा गत वर्ष बाढीले क्षति पारेको थियो, त्यसैले हामीले बजेटमा यसपटक बाढी पहिरो र रातहको विषयलाई पनि ध्यानमा राखेका छौं,' उनले भने, 'शिक्षा, स्वास्थ्य र पूर्वाधार पनि हाम्रो प्राथमिकतामा छ।'

### ■ टोखाको दुई करोड बजेट घट्यो

टोखा नगरपालिकाले एक अर्ब ८० करोडको बजेट ल्याएको छ। नगरपालिकाले शिक्षा, स्वास्थ्य, पूर्वाधार, खानेपानी, खेलकुदलगायतलाई प्राथमिकता राखेको छ। तर चालू वर्षभन्दा आगामी वर्ष दुई करोड बजेट घटेको नगरपालिकाका प्रवक्ता बच्चुराज बस्यालले बताए। उनका अनुसार केन्द्र र प्रदेशबाट आउने अनुदान घटेपछि बजेटको आकार पनि स्वतः घटेको हो।

### ■ दक्षिणकालीको कमजोर बजेट

दक्षिणकाली नगरपालिकाले ८९ करोडको बजेट ल्याएको छ। बजेटमा स्वास्थ्य, शिक्षालगायत एक वडा एक पार्क कार्यक्रम, प्रशासनिक भवन निर्माणलाई प्राथमिकतामा राखेको उपप्रमुख बसन्ती तामाङ डंगोलले बताइन्। उनका अनुसार हाल नगरपालिका चारवटा भाडाको घरमा बसेको छ।

एसजेवीएन अरूण-3 पॉवर डवलपमेंट कंपनी प्रा. लि.
SJVN Arun-3 Power Development Company Pvt. Ltd.
(एसजेवीएन की पूर्ण स्वामित्व वाली अधीनस्थ कंपनी)
(A wholly owned subsidiary of SJVN)
900 मेगावाट अरूण-3 जलविद्युत परियोजना
900 MW Arun-3 Hydro Power Project
Regd. No.: 111808/69/070
एसएपीडीसी SAPDC

PRESS NOTICE

**SJVN Arun-3 Power Development Company (P) Ltd. (SAPDC)** invites sealed open tender enquiries from the eligible bidders/contractors of Nepal as per the following details:

| Contract No. | Description of Work | Publishing date on websites | Last date for Submission/ Opening of bid Proposals |
|---|---|---|---|
| PCD-276/2025 | Annual Contract for Operation and Maintenance of HT/LT System, DG Sets, Street Lights, electrical Installation (EI) and IT Installation of Offices & Residential Buildings and any additional alternations & new works related to Electrical & IT System of SAPDC Office Complex at Tumlingtar, PH Site, (Pukhuwa) & DAM Site (Phaksinda) for a period of Two (02) Years. | 24.06.2025 | **Submission:** at (Tumlingtar Office) 15.07.2025 upto 1530 Hrs. **Opening:** at (Tumlingtar Office) 15.07.2025 at 1600 Hrs. |

Bids are to be submitted either by post/Courier or physically in the SAPDC office at **Tumlingtar**, Distt. Sankhuwasabha, Nepal. The Tender Documents can be downloaded from websites: **https://sapdc.com.np & http://sjvn.nic.in/tender.htm**
**Further, Amendment(s) / Notification(s) etc. shall be issued on above websites only.**

**Sd/-**
**Chief Engineer (P&C),**
Arun-3 HEP, Tumlingtar.
Tel.: +977-29-575154
e-mail: **pnc.sapdc@sjvn.nic.in**

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
**आन्तरिक राजस्व कार्यालय लहान**
सिरहा

**जवाफ तथा प्रमाण पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

**सूचना प्रकाशन मिति : २०८२/०३/११**

आयकर ऐन, २०५८ को दफा १०१ को उपदफा (३) तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (४) बमोजिम कर परीक्षण गर्न आन्तरिक राजस्व विभागबाट छनौट भएका यस कार्यालय अन्तर्गत रहेका तपशील बमोजिमका करदाताहरुलाई कागजात तथा फाँटवारी पेश गर्न मिति २०८१/११/०९ गतेको गोरखापत्र दैनिकमा सूचना प्रकाशित गरिएकोमा ऐनद्धारा निर्धारीत समयावधि भित्र करदाताबाट यस कार्यालयमा कागजात फाँटवारी पेश हुन नआएकोले आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम संशोधित कर निर्धारणको सूचना, ऐ.ऐनको दफा ९०(८) बमोजिमको अग्रीम कर कट्टी दाखिला आदेश तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९ को उपनियम (१) बमोजिम प्रारम्भिक कर निर्धारण आदेश यस कार्यालयको अभिलेखमा रहेको करदाताको कारोबारको ठेगानामा हुलाक मार्फत पठाइएको छ। उक्त सूचना/आदेश पत्र तथा जानकारी प्राप्त नभएमा यसै सूचनालाई आधार मानि कर निर्धारण हुनु नपर्ने कुनै ठोस प्रमाण तथा कागजात भए सो समेत संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ। तोकिएको समयया जवाफ तथा प्रमाण प्राप्त नभएमा आयकर ऐन, २०५८ एवं आयकर नियमावली, २०५९ र मुल्य अभिवृद्धि कर ऐन, २०५२ एवं मूल्य अभिवृद्धि नियमावली, २०५३ बमोजिम कर निर्धारण गरिने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**तपशील**

| क्र. सं. | स्थायी लेखा नं. | फर्म/कम्पनीको नाम | फर्म/कम्पनीको ठेगाना | प्रोपाईटर/संचालक/ साझेदारको नाम | छनौट मिति | आर्थिक वर्ष |
|---|---|---|---|---|---|---|
| १. | ६०६६१०३१९ | मकालु कान्जिरोवा अटो लिंक | कटारी न.पा.-४ सिम्ले,उदयपुर। | राजेन्द्र अधिकारी, सविता अधिकारी तथा नितेश कार्की | २०७८/०८/२९ | २०७७/०७८ |
| २. | ६०९५५०८२५ | तुवाचुङ आयल ट्रेड एण्ड सप्लायर्स | दिक्तेल रुपाकोट मझुवागढी-१,खोटाङ्ग। | निर्मल राई, सुवास राई, मधुकर बस्नेत तथा राम बहादुर राना मगर | २०७८/०८/२९ | २०७७/०७८ |
| ३. | ३०३०५९८५९ | फ्रेण्डस ट्रेड सेन्टर | राजविराज-६,सप्तरी | सुरेन्द्र विमल | २०७८/०८/२९ | २०७७/०७८ |

# बजेटमा राखिएको जलविद्युत्को 'टेक एन्ड पे'सम्बन्धी बुँदा संशोधन

## १५ जेठमा बजेटमार्फत ल्याइएको 'टेक एन्ड पे' नीतिले ऊर्जा क्षेत्र तहसनहस हुने दाबी गर्दै उद्योगीले निरन्तर विरोध गरेपछि सत्तासाझेदार कांग्रेसले पनि संशोधनका लागि दबाब दिएको थियो



**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

ऊर्जा प्रवर्द्धकको विरोध र सत्तापक्ष दल नेपाली कांग्रेसको दबाबबिच अर्थमन्त्री विष्णु पौडेलले आगामी आर्थिक वर्ष ०८२/८३ को बजेट भाषणबाट नदी प्रवाहमा आधारित जलविद्युत् परियोजनासँग 'टेक एन्ड पे' मोडेलमा विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) गर्ने नीति हटाएका छन्। उक्त व्यवस्था हटाएर संसद्ले बजेट पारित पनि गरेको छ।

'वित्तीय जोखिम मूल्यांकनका आधारमा ऊर्जा खपत तथा निर्यात हुने यकिन भएका र नेपाल विद्युत् प्राधिरकणले दायित्व भुक्तानी गर्न सक्ने सुनिश्चित भएका आयोजनाको विद्युत् खरिद सम्झौता गर्न सकिनेछ,' मंगलबार संसद्मा संशोधित बुँदाबारे अर्थमन्त्री पौडेलले भने। अर्थमन्त्री पौडेलले यसरी गरेको संशोधन पछि बहुमतले बजेट पारित भयो।

बजेट वक्तव्यमा रहेको टेक एन्ड पेमा पिपिए गर्ने व्यवस्था हटाइए पनि विभिन्न सर्त तोकिने संकेत गरिएको छ। यद्यपि, विद्युत् प्राधिकरणले आउँदा दिनमा सबै जलविद्युत्का उत्पादन टेक अर पे (लेउ वा तिर) मोडेलमै गर्नेछ।

राजनीतिक सहमतिमा बजेट वक्तव्य संशोधन गर्न मिल्ने हो वा होइन भन्ने विषयमा पनि प्रश्न उठेको छ। पूर्वमुख्यसचिव वैकुण्ठ अर्यालले एउटा बुँदालाई मात्रै संशोधन गर्नुलाई बजेट (विनियोजन विधेयकलगायत) नै संशोधन भएको अर्थमा बुझ्न नहुने बताए।

'टेक एन्ड पेमा पिपिए गर्ने कुरा विनियोजन विधेयकमा थिएन। मंगलबार प्रतिनिधिसभाबाट विनियोजन विधेयक जस्ताको त्यस्तै पारित भएको देखिन्छ,' उनले भने, 'बजेट वक्तव्यको एउटा बुँदालाई भने संशोधन गरेर स्पष्ट पार्न खोजेको देखिन्छ। बजेट वक्तव्य विनियोजन विधेयकको एउटा हिस्सा मात्रै हो।'

संसद्मा अर्थमन्त्री पौडेलले राम्रो उद्देश्यका लागि 'टेक एन्ड पे' नीति लिए पनि पछिल्लो परिस्थितिका कारण संशोधन गर्नुपरेको बताए। 'यसको आशय के थियो भने, विद्युत् खेर जान नदिने, विद्युत् सुनिश्चितता भएको प्रतिफलयुक्त आयोजनामा लगानी आकर्षित गर्ने, निजी र बैंकिङ क्षेत्रको लगानीको जोखिम न्यूनीकरण गर्ने भन्ने थियो,' उनले संसद्मा भने, 'ऊर्जा विकास मार्गचित्रमा २०३५ सम्म २८ हजार पाँच सय मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्य लिएकोमा आरओआरतर्फ १२ हजार मेगावाट विद्युत् उत्पादन गर्ने भनिएको छ। त्यसै तथ्यहरूलाई ख्याल गर्दै बुँदा २२७ लाई स्पष्ट पारिएको छ।'

**दफा २२७ मा गरिएको हेरफेर**

| पहिलेको बुँदा | अहिलेको बुँदा |
|---|---|
| जलविद्युत् आयोजना सम्पन्न हुने समय तालिकासँग संगति मिल्ने गरी सबस्टेसन र प्रसारणलाइन निर्माण गरिनेछ। विद्युत् उत्पादन र खपतबिच सन्तुलन कायम हुने गरी विद्युत् खरिद सम्झौता गर्ने नीति लिइनेछ। रन अफ रिभर आयोजनाको टेक एन्ड पे अवधारणाअनुरूप विद्युत् खरिद सम्झौता गरिनेछ। | वित्तीय जोखिम मूल्यांकनका आधारमा ऊर्जा खपत तथा निर्यात हुने यकिन भएका र नेपाल विद्युत् प्राधिरकणले दायित्व भुक्तानी गर्न सक्ने सुनिश्चित भएका आयोजनाहरूको विद्युत् खरिद सम्झौता गर्न सकिनेछ। |




### बजेट होइन, बजेट भाषण संशोधन



**वैकुण्ठ अर्याल**
पूर्वमुख्यसचिव

सिंगो बजेट नभएर बजेट वक्तव्य मात्रै संशोधन भएको हो। बजेट वक्तव्य एउटा नीतिगत दस्तावेज मात्रै हो। टेक एन्ड पेमा पिपिए गर्ने विषय बजेट भाषणमा मात्रै आएको थियो। विनियोजन विधेयक, आर्थिक विधेयक र राष्ट्र ऋण उठाउने विधेयकमा उल्लेख थिएन। त्योअनुसार बजेट भाषण मात्रै संशोधन भएको छ। बजेट भने प्रतिनिधिसभाबाट जस्ताको त्यस्तै पारित भएको छ। बजेट वक्तव्यको एउटा बुँदालाई भने संशोधन गरेर स्पष्ट पार्न खोजेको देखिन्छ।

### ■ प्रतिनिधिसभाबाट बजेट पारित

प्रतिनिधिसभाले आगामी आर्थिक वर्ष ०८२/८३ का लागि प्रस्तुत विनियोजन विधेयक पारित गरेको छ। मंगलबार बसेको बैठकले मन्त्रालयगत शीर्षकमा छलफलपछि विधेयक बहुमतले पारित गरेको हो। १५ जेठमा संसद्मा दर्ता भएको विधेयकमाथि २ असारमा सैद्धान्तिक छलफल भएको थियो। त्यस क्रममा विनियोजन विधेयकमा २३ वटा खर्च कटौती प्रस्ताव परेका थिए, जसलाई बहुमतले अस्वीकृत गरेको छ। विनियोजन विधेयकमा सत्तापक्षकै सांसदहरूको समेत असन्तुष्टि थियो।

५-८ असारसम्म मन्त्रालयगत शीर्षकमा व्यापक छलफल गरिएको थियो भने ९ र १० असारमा सम्बन्धित मन्त्रीहरूले जवाफ दिएका थिए। त्यसपछि विधेयक पारित गरिएको हो। प्रतिनिधिसभाले मंगलबारै बजेटसँग सम्बन्धित आर्थिक विधेयक र राष्ट्र ऋण उठाउने विधेयकमा सैद्धान्तिक छलफलसमेत सकाएको छ। यी दुवै विधेयकमाथि १४ असारमा दफावार छलफल गरी पारित गर्ने तयारी छ। अब विनियोजन विधेयक सन्देशसहित राष्ट्रिय सभामा पठाइनेछ। तीनवटै बजेटसम्बन्धी विधेयक असार मसान्तभित्र पारित भएपछि मात्र बजेट कार्यान्वयनमा जान सक्नेछ।

### ■ जलविद्युत् प्रवर्द्धकको स्वागत, आन्दोलनका कार्यक्रम स्थगित

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपालका उपमहासचिव प्रकाश दुलालले बजेटमा गरिएको संशोधन स्वागतयोग्य भएको बताए। 'हाम्रो मागलाई सरकारले सम्बोधन गरेको, यसमा सरकारलाई धन्यवाद दिनुपर्छ,' उनले भने, 'यसैगरी पिपिएमा अझ स्पष्ट पार्न खोजिएको छ। आन्तरिक खपत तथा निर्यात हुने यकिन भएका र विद्युत् प्राधिरकणले दायित्व भुक्तानी गर्न सक्ने सुनिश्चित भएका, प्रसारणलाइनलगायतका पूर्वाधार बनेका आयोजनाको पिपिए गर्न खोजेको देखिन्छ। यसलाई हामीले सकारात्मक ढंगले लिएका छौं।'

प्रसारणलाइनलगायतका पूर्वाधारको अभाव हुदाँ पिपिए भएका आयोजना पनि बन्न नसकेकोतर्फ सरकार सजग भएको उनको भनाइ छ।




सरकार आफैंले 'निर्माण, स्वामित्व, सञ्चालन र हस्तान्तरण' अर्थात् बुट मोडेलमा जलविद्युत् परियोजनालाई लाइसेन्स दिन्छ। साथै, हाल परियोजनाको विद्युत् खरिद गरेर ग्राहकलाई बिक्री गर्ने र व्यापार गर्ने अधिकार शतप्रतिशत सरकारी स्वामित्वको नेपाल विद्युत् प्राधिकरणलाई मात्रै छ। प्राधिकरणले खरिद नगरेको अवस्थामा परियोजनालाई बिजुली बिक्री गर्न अर्को बजार नै छैन। त्यस अवस्थामा हालसम्म कोटा प्रणालीमै भए पनि परियोजनासँग 'टेक अर पे' (लेउ वा तिर) मोडेलमा पिपिए गर्दै आइएको थियो। अर्थात्, पिपिए गरेपछि प्राधिकरणले परियोजनाको विद्युत् खरिद गर्नैपर्छ। खरिद गर्न नसकेपछि त्यसबापतको क्षतिपूर्ति दिनुपर्छ। विद्युत् बिक्री गर्न अर्को बजार नभएको अवस्थामा यो मोडेल ठिक मानिन्छ। यसले जलविद्युत् आयोजनाको बजार सुनिश्चितसँगै ऊर्जा क्षेत्रमा लगानी आर्कषण पनि भएको थियो। तर, सरकारले बजेट वक्तव्यमार्फत 'टेक एन्ड पे'मा पिपिए गर्ने नीति ल्याउने घोषणा गरेको थियो। त्यसपछि ऊर्जा व्यवसायीले यसको चर्को आलोचना गरेका थिए। आन्दोलनसमेत सुरु गरिसकेको अवस्था थियो।

# विशेष अदालतका कर्मचारीले नै हाले दृष्टि अनलाइनमाथि अवहेलना मुद्दा, तीन दिनभित्र उपस्थित हुन आदेश

## प्रेस स्वन्त्रतामाथिको हमला भयो : समाजवादी प्रेस संगठन

**काठमाडौं**/ विशेष अदालतमा दृष्टि न्युज अनलाइनविरुद्ध अदालतको अवहेलना मुद्दा दायर भएको छ। मुद्दामा तीन दिनभित्र उपस्थित हुन अदालतले आदेश दिएको छ।

विशेषका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यहरू तेजनारायणसिंह राई, रामबहादुर थापा, मुरारीबाबु श्रेष्ठ, रितेन्द्र थापा र विदुर कोइरालाको इजलासले म्याद जारी गर्ने आदेश गरेको हो। पहिलोपटक विशेषमा रहेका सबै न्यायाधीश सम्मिलित इजलासले कुनै मुद्दामा सुनुवाइ गरेको हो।

विशेषका कर्मचारीहरू नवराज सापकोटा, सागर भण्डारी, यज्ञराज रेग्मी, प्रमिला काफ्ले र गरिशा भट्टराईको प्रतिवेदनका आधारमा मुद्दा चलेको हो। 'यस अदालतको अवहेलनामा कारबाही र सजाय हुनु नपर्ने भए सोको आधार, कारण र प्रमाणसहित यो आदेश र समाह्वान म्याद प्राप्त भएको मिति समयबाट बाटोको म्यादबाहेक तीन दिनभित्र र सो म्याद थाम्न थमाउनसमेत नपाउने गरी विपक्षी दृष्टि मिडिया प्रालिको हकमा कानुनबमोजिमको प्रतिनिधि र विपक्षीहरू शम्भुलाल श्रेष्ठ, एमपी सुब्बा तथा सम्बन्धित संवाददाताको हकमा आफैं यस अदालतसमक्ष बयान गर्न उपस्थित हुनू,' आदेशमा भनिएको छ। उक्त साप्ताहिकमा विशेषमा सेटिङका मुद्दामा धमाधम फैसला भएको समाचार प्रकाशित भएको थियो। जसमा दृष्टि न्युज अनलाइनका साथै उक्त मिडिया कम्पनी, श्रेष्ठ र एमपी सुब्बालाई प्रतिवादी बनाइएको छ। 'यस अदालतबाट अर्को आदेश नभएसम्म दृष्टि न्युज अनलाइनमा मिति २०८२/३/८ मा 'विशेष अदालतमा बिचौलियाको चलखेल हटेन, सेटिङका मुद्दामा तीन महिनामै सफाइ' शीर्षकमा प्रकाशित र प्रसारित गरिएको समाचार सामग्री जे जुन अवस्थामा छ, सोही अवस्थामा राख्नू, सो सामग्री नहटाउनू, परिवर्तन, परिमार्जन इत्यादि केही पनि नगर्नू, नगराउनू,' आदेशमा भनिएको छ।

उता सञ्चारकर्मीले भने अदालतको यस्तो आदेशले प्रेस स्वतन्त्रताको हमला भएको टिप्पणी गरेका छन्। समाजवादी प्रेस संगठन, नेपालले विज्ञप्ति जारी गरी विशेष अदालतको सो आदेशले 'नेपालको न्यायालयले नेपाली पत्रकारिता क्षेत्रलाई शंका र प्रतिशोधको दृष्टिकोणले हेर्छ भन्ने बुझाइलाई थप प्रस्ट पारेको' उल्लेख गरेको छ। सो आदेश प्रेस काउन्सिल नेपालको कार्यक्षेत्रमाथि ठाडो अतिक्रमण भएको समाजवादी प्रेस संगठनको ठहर छ।

महासचिव रोहित दाहालद्वारा जारी विज्ञप्तिमा हालै अन्य सञ्चारमाध्यममाथि अदालतबाट भएका आदेशको विषयसमेत समेट्दै भनिएको छ, 'यसरी समाचार लेखेकै भरमा पत्रकारलाई अदालतमा तान्नु, सामग्री हटाउन बाध्य पार्नु र पत्रकारको कलम बन्द गर्ने प्रयत्न हुनु अभिव्यक्ति स्वतन्त्रताको कुठाराघात हो।' अदालतको आदेश फिर्ता लिनसमेत संगठनले माग गरेको छ।

## अनुसन्धानको...

पृष्ठ १ बाट क्रमशः

समितिका संयोजक बैरागी आफैं छानबिनको 'राडार'मा रहेको बताएको छ भने पाँचौं दल राप्रपाले मानव तस्करीमा आरोपित गृहमन्त्रीसहितलाई चोख्याउने प्रपञ्चसहिति समिति बनाइएको बताएको छ।

सरकारले बनाएको समितिलाई अध्यागमन प्रणाली सुधारका लागि आवश्यक कार्यहरूबारे सुझाव दिन नौबुँदे कार्यादेश दिइएको छ। अख्तियारले छानबिन गरिरहेको भन्दै समितिलाई भिजिट भिसाको नाममा भइरहेको मानव तस्करीको छानबिनको जिम्मेवारीबाट अलग राखिएको छ। कार्य प्रारम्भ गरेको मितिले तीन महिनाभित्र प्रतिवेदन सरकारलाई पेस गर्न समितिलाई समयसीमा दिइएको छ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले गठन गरेको समितिको नाम 'अध्यागमन र भिजिट भिसा सम्बन्धमा विगतदेखि देखिएका समस्या समाधान गर्न उच्चस्तरीय अध्ययन तथा छानबिन समिति' दिइएको छ। गृहमन्त्री लेखकले मंगलबार प्रतिनिधिसभामा विशेष समय लिएर आफ्नो प्रस्तावमा मन्त्रिपरिषद्ले पूर्वमुख्यसचिव बैरागीको अध्यक्षतामा सातसदस्यीय समिति गठन गरेको बताए।

'अध्यागमन र भिजिट भिसाका सम्बन्धमा विगतदेखि नै देखिएका सबै समस्याको समग्रतामा कसरी समाधान हुन सक्छ भन्नेतर्फ सरकारले गम्भीर रूपले ध्यानाकर्षण गरेर सम्मानित सदनमा उठेका विषयलाई समावेश गरेर हिजो नेपाल सरकारले मैले नै प्रस्ताव गरेर एउटा निर्णय गरेका छौं,' गृहमन्त्री लेखकले भने, 'अध्यागमन र भिजिट भिसासँग सम्बन्धित विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट हाल भइरहेको अनुसन्धानको कार्यमा असर नपर्ने गरी मन्त्रिपरिषद्को निर्णयअनुसार उच्चस्तरीय अध्ययन एवं छानबिन समिति गठन गरिएको छ।'

मन्त्री लेखकका अनुसार समितिको सदस्यमा अर्थ मन्त्रालयका सहसचिव तीर्थराज चिलवाल, कानुन सहसचिव अरुणा जोशी, पर्यटन सहसचिव रामकृष्ण लामिछाने, पराराष्ट्र सहसचिव मणिरत्न शर्मा, श्रम सहसचिव प्रदीप कोइराला र गृह मन्त्रालयका सहसचिव आनन्द काफ्ले छन्।

मन्त्री लेखकले समितिको संसद्मा समितिका नौवटा कार्यादेश रहेका बताए। तर, छानबिन गर्ने भनिएको समितिको कार्यादेशमा भिजिट भिसा ठगीमा संलग्नको अनुसन्धान र कारबाहीका सम्बन्धमा केही उल्लेख छैन।

समितिको पहिलो कार्यादेशमा अध्यागमन व्यवस्थापन, भिजिट भिसालगायत सबै प्रयोजनका लागि विदेश जाने-आउने व्यक्तिको यात्रा सहजीकरण सम्बन्धमा अध्ययन विश्लेषण तथा तथ्यगत छानबिन गरी देखिने समस्या समाधान गर्न नीतिगत, कानुनी एवं संरचनागत सुधारको तत्कालीन र दीर्घकालीन कार्ययोजना प्रस्तुत गर्नेछ।

दोस्रोमा अध्यागमन व्यवस्थापन, भिजिट भिसालगायत सबै प्रयोजनका लागि विदेश जाने तथा नेपाल भित्रिने व्यक्तिको यात्रालाई सहजीकरण गर्न प्रचलित ऐन, नियमावली, कार्यविधि, मापदण्डलगायत नीतिगत र कानुनी व्यवस्थामा संशोधन वा पुनरावलोकन आवश्यक भए सोको मस्यौदासहितको सुझाव पेस गर्ने कार्यादेश छ।

तेस्रोमा अध्यागमन व्यवस्थापनमा विद्यमान संरचनागत व्यवस्था कर्मचारी व्यवस्थापनमा सुधारका लागि प्रस्तावसहितको सुझाव पेस गर्ने कार्यादेश छ। चौथोमा अध्यागमन व्यवस्थापन र नागरिकको आवतजावतमा समस्या सिर्जना हुन नदिन सम्बद्ध निकायबिचको समन्वय र सहकार्यमा गर्नुपर्ने सुधार एवं व्यवस्थाबारेमा सुझाव पेस गर्ने समितिको कार्यादेश छ।

यस्तै, पाँचौं कार्यादेशमा अध्यागमन व्यवस्थापन र नागरिकको यात्रा सहजीकरण सम्बन्धमा अन्तर्राष्ट्रिय असल अभ्यासको अध्ययन गरी नेपालको परिवेशअनुरूप कार्यान्वयन गर्न सकिने सुझाव पेस गर्ने कार्यादेश छ। छैटौंमा भिजिट भिसा, श्रम भिसालगायत अन्य भिसा प्रयोग गरी यात्रा गर्ने व्यक्तिहरू समस्यामा पर्ने तथा विदेशमा अवैध रूपमा बस्दा उत्पन्न हुने समस्याका सम्बन्धमा आवश्यक अध्ययन गरी सोको रोकथाम गर्न अपनाउनुपर्ने उपायका सम्बन्धमा सुझाव पेस गर्ने कार्यादेश छ।

यस्तै, सातौंमा अध्यागमन प्रणालीलाई प्रविधिमैत्री, सरल, सहज, छिटो छरितो बनाई सेवा प्रवाह प्रभावकारी बनाउन आवश्यक सुझाव दिने र आठौंमा विदेश आवतजावत गर्ने विषयसँग सम्बन्धित सरोकारवाला निकाय वा संस्थाहरूको भूमिका व्यवस्थित गर्न आवश्यक सुझाव पेस गर्ने कार्यादेश छ। समितिको नवौं कार्यादेशमा अध्यागमनको आवतजावतको अभिलेख सुरक्षित र दुरुस्त राख्न अपनाउनुपर्ने उपायबारे सुझाव दिने उल्लेख छ।

### 'संदिग्ध व्यक्ति'को नेतृत्वमा बनेको समिति रास्वपाद्वारा अस्वीकार, खारेजको माग

संदिग्ध व्यक्तिलाई भिजिट भिसा प्रकरणको छानबिनको जिम्मा दिइएको समिति रास्वपाले अस्वीकार गरेको छ। निष्पक्ष छानबिनको मर्मविपरीत, कर्मकाण्डी र नागरिकको आँखामा छारो हाल्ने षड्यन्त्रको निरन्तरतामा गठित समिति खारेज गर्नुपर्ने रास्वपाको माग छ।

पूर्वमुख्यसचिव बैरागीलाई भिजिट भिसामा जोडिएका गृहमन्त्रीले छानबिनको जिम्मेवारी दिनु स्वार्थको द्वन्द्व भएको रास्वपाको भनाइ छ। रास्वपा भिजिट भिसा दुरुपयोग र मानव तस्करी प्रकरणमा उच्चस्तरीय संसदीय छानबिन समिति वा जाँचबुझ आयोग ऐनअनुसार न्यायिक समिति र गृहमन्त्री रमेश लेखकको राजीनामा माग्दै १३ जेठदेखि सदनमा आन्दोलनरत छ।

प्रतिनिधिसभामा गृहमन्त्री लेखकले समितिबारे जानकारी गराएलगत्तै रास्वपा उपसभापति स्वर्णिम वाग्लेले आकस्मिक समयमा बोल्दै प्रश्नको घेरामा रहेका गृहमन्त्रीले समितिको नाममा आफ्नै अनुसन्धान अधिकृत छानेको बताए। वाग्लेले छानबिन समितिका संयोजक आफैं संदिग्ध व्यक्ति भएको र उनलाई भिजिट भिसामा जोडिएका गृहमन्त्रीले छानबिनको जिम्मेवारी दिनु स्वार्थको द्वन्द्व भएको दाबी गरे।

'शंकरदास बैरागीप्रति कुनै व्यक्तिगत आग्रह छैन। तर, विगत १० वर्षदेखि उहाँ सत्ताको प्रिय पात्र हुनुहुन्छ। सात वर्ष परराष्ट्रसचिव बन्नुभयो। र, तीन वर्ष मुख्यसचिव बन्नुभयो। मुख्यसचिवबाट उहाँको रहस्यमयी ढंगले बहिर्गमन हुन्छ। अनि राष्ट्रिय सुरक्षा सल्लाहकार बन्नुहुन्छ। त्यसपछि उहाँ एक-दुई दिनमा निवृत्त हुन लागेका वेला अर्का मुख्यसचिव आउनुहुन्छ,' वाग्लेले भने, 'त्यो पिरियडमा टेलिकम माफियाद्वारा रचिएको अर्बौंका घोटालाहरू भएका छन्। त्यसैले, शंकरदास बैरागी अहिलेका निगाह प्राप्त नेताहरूको गुडबुक्समा रहनुपर्ने र स्वार्थको द्वन्द्वबाट झेलिएका पात्र हुनुहुन्छ। त्यसैले, उहाँले यो जिम्मेवारी लिनुहुन्न भन्ने हाम्रो मत छ।'

सांसद वाग्लेले तत्कालीन सञ्चारसचिव बैकुण्ठ अर्याल, सुनील पौडेल, विकल पौडलहरू जोडिएको टेलिकमसँग सम्बन्धित घोटालामा कतै न कतै बैरागीको साइनो देखिएको टिप्पणी गरे। 'उहाँ (बैरागी) स्वयं सक्षम निकायहरू (अख्तियार) को राडरमा हुनुहुन्छ। राडरमा भएका व्यक्तिले कसको छानबिन गर्छ ?' उनले प्रश्न गरे।

वाग्लेले गृहमन्त्री स्वयं सन्देहको घेरामा रहेको र उनले आरोपितले नै अनुसन्धान अधिकृत छान्नु अनौठो रहेको बताए। 'व्यक्तिगत रूपमा गृहमन्त्रीप्रति कुनै आग्रह छैन। तर, यस प्रकरणमा उहाँको परोक्ष संलग्नता देखिइसकेको छ। प्रत्यक्ष संरक्षण देखिइसकेको छ,' वाग्लेले भने, 'अब गृहमन्त्रीले गर्वका साथ मेरै प्रस्तावमा यो कमिटी गठन गरेको भन्नुभयो। आरोपीले नै आफ्नै अनुसन्धान अधिकृत छान्दै जाने हामी गलत सिस्टममा गयौं। यही हुन्छ भन्ने हामीलाई तीन हप्ताअघि नै थाहा थियो, त्यसैले हामी नयाँ हौं, बेबकुफ होइनौं भनेको हो।'

त्यसैले, संसदीय छानबिन समिति मागेको उनको भनाइ थियो। 'जसले सहकारी समितिकै मोडलमा नीतिगत, प्रणालीगत सुधारमा गहिरो काम गर्न सकोस्,' उनले भने, 'वा जाँचबुझ आयोग ऐन, २०२६ अन्तर्गत बहालवाला वा पूर्वन्यायाधीशको अध्यक्षतामा छानबिन समिति बन्नुपर्छ भनेको कारण यही हो। यसरी आफ्नो गोजीबाट मान्छे टिपेर ल्याउन नसकियोस् भनेर हो।'

वाग्लेले गृहमन्त्रीको संलग्नताको परीक्षण कसरी हुन्छ भनेर प्रश्न उठाए। 'उहाँ (लेखक)को परोक्ष संलग्नता, प्रत्यक्ष संरक्षणको सम्बोधन कसरी हुन्छ ? तीर्थ भट्टराई त अर्किट कोलोनीमा उहाँको मर्निङ वाक गर्ने पार्टनर हो। कसरी गर्नुहुन्छ छानबिन ?' उनले सोधे।

वाग्लेले झारा टार्ने समिति रास्वपालाई स्वीकार्य नभएको बताए। 'यो झारा टार्ने समिति कुनै शंकरदासको अध्यक्षतामा किन बनाउँछौं, आरोपित तीर्थ भट्टराईकै अध्यक्षतामा बनाएर सुनपानी छर्के भइगो नि,' उनले व्यंग्य गरे, 'टालटुल समिति बनाएर फासफुस गर्ने रणनीतिमा सरकार गएको देखिन्छ। सुनपानी छर्कने, जोगाउने र चोख्याने खराब नियतले जन्मेको कर्मकाण्डी समिति रास्वपालाई स्वीकार्य छैन।'

वाग्लेले पेन्सन खाइरहेको कर्मचारीको समिति कसरी उच्चस्तरीय भनेर पनि प्रश्न गरे। 'जोमाथि आरोप छ, उसैले प्रस्ताव लगेको छ र उसैले समितिको अध्यक्ष गोजीबाट तोकेको छ। उसैको मातहत रहेका सहसचिव समितिको सदस्य छन्,' उनले भने, 'एउटा कर्मचारीले नेतृत्व गरेको समिति न निष्पक्ष हो, न उच्चस्तरीय हो।'

रास्वपाले समिति पूर्ण रूपमा अस्वीकार गर्दै खारेजको माग गरेको छ। भिजिट भिसा प्रकरणमा ठुला भनिएका नेता र उच्चपदस्थ कर्मचारीसमेत तानिन सक्ने सम्भावनाका कारण स्वार्थवश कमजोर समिति बनाएर छानबिन ढिसमिस पार्ने सरकारको उद्देश्य रहेको भन्दै रास्वपाले समिति तत्काल खारेज गर्न माग गरेको हो।

प्रवक्ता मनीष झाले मंगलबार साँझ विज्ञप्ति जारी गरेर 'गृहमन्त्रीसमेत मुछिएको पछिल्लो प्रकरण छानबिनको कार्यादेशसमेत नदिई सरकारको बफादार आदेशपालक र शक्तिका सदावहार समर्थकको नेतृत्व र छानबिन गरिनुपर्ने मन्त्रालयहरूकै उच्चपदस्थ कर्मचारीको संलग्नतामा समिति बनाइनु सम्भावित दोषी उम्काउने प्रयास' भनेका छन्। 'सरकारको यो निर्णयले न दोषी पहिचान हुन्छन्, न पीडितले न्याय पाउँछन्। न त पद्धतिमा नै सुधार हुन्छ,' झाले भनेका छन्।

रास्वपाले वैदेशिक रोजगार ऐन, २०६४ लागू भएयताका सबै गृहमन्त्री र गृहसचिव तथा अध्यागमन विभागका महानिर्देशक र त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयका प्रमुखसहित सम्बद्ध उच्च कर्मचारीउपर छानबिन गर्न सक्ने संसदीय विशेष समिति वा उच्चस्तरीय आयोग गठनको माग गरेको छ। माग पूरा नभएसम्म विरोध र खबरदारी निरन्तर रहने विज्ञप्तिमा उल्लेख छ।

### समिति 'दुधको साक्षी बिरालो' : राप्रपा

राप्रपाले कर्मचारीको नेतृत्वमा बनाइएको समिति 'दुधको साक्षी बिरालो' भएको टिप्पणी गरेको छ। रास्वपा प्रमुख सचेतक ज्ञानबहादुर शाहीले आकस्मिक समयमा बोल्दै भिजिट भिसामार्फत नेपाली नागरिक बेच्ने अपराधमा शंकाको घेरामा रहेका गृहमन्त्रीलाई अनुसन्धानको घेरामा ल्याउन माग गरिरहेका वेला कर्मचारीको समिति बनाउनु आपत्तिजनक भएको बताए। 'दुधको साक्षी बिरालो राखेर समस्याको समाधान हुन्छ त ?' उनले प्रश्न गरे, 'जसका विरुद्धमा छानबिन हुनुपर्ने हो, उनीहरूले नै कर्मचारी राखेर जुन छानबिन समिति बनाए, यसले विधिको शासन स्थापित गर्दैन। यो समितिले न्याय दिन सक्दैन।'

शाहीले कर्मचारी राखेर उच्चस्तरीय छानबिन समिति हुन नसक्ने बताए। 'गृहमन्त्रीले बनाएको समितिमा हाम्रो आपत्ति छ। यो निगाहमा बनेको समिति हो। जसका उपर छानबिन गर्नुपर्ने उसकै प्रस्तावमा समिति बन्यो। यसले न्याय दिँदैन। बरु छानबिन प्रभावित पार्छ। अपराधीलाई उन्मुक्ति दिन्छ,' उनले भने, 'यो त अपराध ढाकछोप गर्न र गृहमन्त्रीलाई उन्मुक्ति दिन ल्याइएको नयाँ प्रपोगान्डा हो। यसविरुद्ध राप्रपाले सदन र सडकमा आन्दोलन गर्छ,' उनले भने।

## छानबिन हुन्छ...

पृष्ठ १ बाट क्रमशः

देखाउनुपर्ने १७ बुँदे मापदण्ड लागू गरियो। श्रम मन्त्रालय, परराष्ट्र मन्त्रालय, नेपाल प्रहरी र अध्यागमन विभागका प्रतिनिधि रहेको समितिले यस्तो सिफारिस गरेको थियो। जसले झन् नक्कली प्रमाणपत्र र बैंक स्टेटमेन्ट बनाउने प्रवृत्ति बढायो। भिजिट भिसामा हुने अध्यागमनको असुली भने रोकिएन।

०८० कात्तिकमा गृहमन्त्री नारायणकाजी श्रेष्ठले पूर्वमुख्यसचिव लीलामणि पौडेलको नेतृत्वमा गृह मन्त्रालय र अध्यागमन सुधारका लागि समिति बनाए। पूर्वसचिव तथा नेपाल प्रहरी र सशस्त्र प्रहरीका पूर्वआइजिपीसमेत सदस्य रहेको सो समितिले पनि अध्यागमनमा सुदृढीकरणका लागि प्रतिवेदन बुझायो। समितिले अध्यागमन सुधारका लागि प्रतिवेदन बुझाए पनि त्यसलाई पनि दराजमै थन्क्याइयो। अध्यागमनको बेथिति चली नै रह्यो।

अहिले अध्यागमन सेटिङ र असुली काण्डमा घेरिएका गृहमन्त्री रमेश लेखकले पनि सुधारको नारा दिँदै सहसचिव छवि रिजालको नेतृत्वमा समिति गठन गरे। समितिले इमानदार र राम्रो ट्र्याक रेकर्ड भएका कर्मचारीलाई मात्र अध्यागमनमा पठाउन सिफारिस गर्‍यो। तर, उक्त प्रतिवेदन बेवास्ता गर्दै विगतमा बदनाम कर्मचारीलाई पुनः जिम्मेवारी दिइयो।

भ्रष्टाचार मुद्दामा मुछिएका सहसचिव तीर्थराज भट्टराई मन्त्री लेखकको निकट बनेपछि भिजिट भिसा सेटिङमा व्यापक असुली सुरु भयो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अहिले अन्डरकभर अप्रेसन चलाएर विस्तृत छानबिन गरिरहेको छ।

प्रतिपक्षी दलहरूले गृहमन्त्री लेखककै संरक्षण रहेको आरोप लगाउँदै राजीनामासमेत माग गरेका छन्। लेखकले भने जिम्मेवारी अस्विकार्दै विगतदेखिको समस्या भन्दै सामान्यीकरण गर्न खोजिरहेका छन्। उनले अध्यागमन सुधारका लागि ठोस कदम चाल्ने प्रयाससमेत गरेका छैनन्।

नेपाल प्रहरीका पूर्वएआइजी विज्ञानराज शर्मा पनि पूर्वमुख्यसचिवको अध्यक्षतामा बनेको समितिले अध्यागमनको सेटिङबारे छानबिन गर्न सक्नेमा शंका व्यक्त गर्छन्। 'अध्यागमनका सबै कर्मचारीको सम्पत्ति छानबिन गर्न सक्ने खालको न्यायाधीश वा पूर्वन्यायाधीशको अध्यक्षतामा आयोग गठन गर्नुपर्छ,' उनी भन्छन्, 'अहिले गठन गरेको समितिले केही पत्ता लगाउन सक्छ भन्ने लाग्दैन।' समितिमा अध्यक्षबाहेक सबै विभिन्न मन्त्रालयका पदेन सदस्य छन्। त्यसकारण पनि यसले स्वतन्त्रतापूर्वक छानबिन गर्न सक्ने झिनो सम्भावना छ।

०७८ मा अध्यागमन सुधारका लागि अध्ययन समितिका संयोजक बनेका गृह मन्त्रालयका पूर्वसहसचिव फणीन्द्रमणि पोखरेल अध्यागमनमा जाने कर्मचारीको प्रस्ट मापदण्ड बनाएर लागू गर्ने र गल्ती गर्नेलाई कारबाही गर्ने प्रणाली नभएसम्म विकृती नरोकिने बताउँछन्। अध्यागमनमा कर्मचारी पठाउँदा पृष्ठभूमी हेरेर राम्रो आचरणका पठाउने र गलत गर्नेलाई माथिल्लो निकायबाट संरक्षण नहुने हो भने भिजिट भिसामा हुने सेटिङको समस्या त्यतीकै समाधान हुने बताउँछन्। 'अन्य मन्त्रालयबाट आएका कर्मचारीहरू सिधैं अध्यागमन जान्छन्, उनीहरूलाई गृह प्रशासनको अनुभव नै हुँदैन,' उनी भन्छन्,'अध्यागमनमा सुधारका लागि नियम कडा बनाएर हुँदैन। इमान्दार कर्मचारी त्यहाँ पठाइयो भने धेरै समस्या समाधान हुन्छ। नत्र जति छानविन र अध्ययन समिति बनाए पनि केही हुने देखिदन।' वैदेशिक रोजगार विभागमा बसेका कर्मचारी नै पहुँचका आधारमा अध्यागमन जाने प्रवृत्ति रहेको उनी सुनाउँछन्।

गलत गर्ने कर्मचारीलाई तुरुन्त हटाएर निलम्बन गरी कारबाही गर्ने प्रवृत्ति विकास गर्नु जरुरी रहेको उनको सुझाव छ। अध्यागमन कार्यालय जानेहरूलाई माथिबाट संरक्षण भएसम्म अध्यागमनमा जति समिति बने पनि सुधार नहुने उनको टिप्पणी छ।

पूर्वएआइजी शर्मा अध्यागमनको अहिलेको प्रणालीले देशको राष्ट्रिय सुरक्षामै गम्भीर प्रश्न उठाएको अध्यागमन सुरक्षाकर्मी खटाउनु अत्यावश्यक भइसकेको बताउँछन्। 'अध्यागमन भनेको अन्तर्राष्ट्रिय सीमा हो। सीमामा सिभिलियन अथोरिटी राख्ने नै होइन। यहाँ सुरक्षा निकायको उपस्थिती अनिवार्य हुन्छ,' उनी भन्छन्,' मानवतस्करी नियन्त्रणदेखि अपराध नियन्त्रणसम्मका विषय अध्यागमनमा पर्दछन्। अपराधका सूचनाहरू प्रहरीसँग हुन्छ। त्यसकारण अध्यागमनमा कर्मचारी रहेसम्म घटनाको हल हुँदैन। धेरै देशमा अध्यागमन सुरक्षाकर्मीकै कमाण्डमा हुन्छ।'

सामरिक दृष्टिकोणले नेपालको अध्यागमनमा सुरक्षाकर्मी राख्नु अत्यावश्यक रहेको उनको विश्लेषण छ। भन्छन्, 'हाम्रो जून भूरणनीतिक अवस्थिती छ, त्यसको आधारमा पनि अध्यागमनको सुरक्षाको विषय झन् संवेदनशील छ।'

यसरी कर्मचारीको हातमा अध्यागमन छाड्ने हो भने देशकै अस्थित्वका लागि जोखिम हुने उनको चेतावनी छ। 'अहिले जसरी गतिछाडा पाराले अध्यागमन चलेको छ, यसरी छाडिदिने हो भने देशको अस्तित्वमै संकट नआउँदा भन्न सकिन्न। सेटिङमा आतंकवादी छिरे भने त्यसले निम्त्याउने अवस्था कति भयाभव हुन सक्छ ? यसमा संवेदनशील हुनुपर्छ,' शर्माको सुझाव छ।

## रिजाल...

पृष्ठ १ बाट क्रमशः

तथा गरिबी निवारण मन्त्रालयले ०७२ मा छानबिन समिति गठन गरेको थियो। भू-सूचना तथा अभिलेख विभागका तत्कालीन निर्देशक गुरुप्रसाद रेग्मीको अध्यक्षतामा गठित समितिले कम्पनीले हदबन्दीको मापदण्डअनुसार उद्योग सञ्चालन नगरेको निष्कर्ष निकाल्दै सो जग्गा जफत गर्नुपर्ने प्रतिवेदन सरकारलाई बुझाएको थियो।

समितिमा सुनसरीका प्रमुख मालपोत अधिकृत विनोदकुमार पोखरेल, मोरङका भूमिसुधार अधिकारी नरेन्द्र पौडेल, सुनसरीका प्रमुख नापी अधिकृत शशिकान्त झा र भूमिसुधार तथा व्यवस्थापन विभागका शाखा अधिकृत पवनराज कोइराला सदस्यसचिव थिए। यो समितिको प्रतिवेदन भूमि व्यवस्था मन्त्रालयमै अलपत्र छ।

सो प्रतिवेदनको सारांशमा भनिएको छ, '... सर्वोच्च अदालतको उपरोक्त आधार, भावना, मर्म, भूमिसम्बन्धी ऐन तथा नियमावलीको उल्लेखित विवेचना गरिएको व्यवस्था एवं स्थलगत अवलोकनलगायत भूमिसुधार कार्यालय, मालपोत कार्यालय र नापी कार्यालयहरूमा भेटिएसम्मका कागज प्रमाणहरूका आधारमा रिजाल क्यानिङ एन्ड कम्पनी प्रालिले मिति २०३२/०२/१९ को निर्णयबमोजिम हदबन्दीमा छुट पाएको जग्गा सर्तबमोजिमको काममा प्रयोग नगरेको हुँदा भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२ (ङ) बमोजिम नै छुट कायम रहिरहन सक्ने अवस्था नभएकाले कम्पनीका नामका जग्गाहरू दफा (७) ले तोकिएको अधिकतम हदभन्दा बढी देखिई सोही ऐनको दफा १० (१) को तोकिएको अधिकतम हदभन्दा बढी देखिई सोही ऐनको दफा १० (१) को अवस्था सिर्जना भएको देखियो। दफा ७ मा तोकिएको अधिकतम हदमा बढ्ने गरी जग्गा प्राप्त भएको खण्डमा ऐनको दफा ११ (२) बमोजिम तोकिएको भूमिसुधार अधिकारीले रु. एक हजारसम्म जरिवाना गरी प्राप्त गरेको जग्गमध्ये दफा ७ बमाजिम निजले राख्न पाउने हदभन्दा बढी जति जग्गा जफतको कारबाही गर्नुपर्ने देखिन्छ।'

कम्पनीको जग्गामध्ये केही स्थानीयले अतिक्रमण गरेका छन्। धेरै जग्गा अलपत्र अवस्थामा छ। थोरै जग्गामा मात्रै उद्योग छ। भूमि व्यवस्था मन्त्रालयका प्रवक्ता गणेशदत्त भट्टले पुरानो विषय आफ्नो जानकारीमा नभएको बताए।

### ०४८ मै सरकारले गरेको थियो जफतको निर्णय

भूमिसम्बन्धी ऐन, २०२१ को प्रावधानअनुसार रिजाल क्यानिङ कम्पनीले फलफूल खेतीका लागि भनेर १५ जेठ ०३२ मा सुनसरी र मोरङमा ५९ बिघा नौ कट्ठा १२ धुर जग्गा हदबन्दी छुट लिएको देखिन्छ। सो जग्गा उद्देश्यअनुसार कम्पनीले भोगचलन नगरेको सूचनाका आधारमा २२ असार ०४८ मा सरकारले एक उच्चस्तरीय हदबन्दी छानबिन समिति गठन गरेको थियो। समितिले स्थलगत छानबिन गरी जग्गा उद्देश्यअनुसार प्रयोग नगरेको प्रतिवेदनका आधारमा १८ कात्तिक ०४८ मा मन्त्रिपरिषद्ले जफत गर्ने निर्णय गरेको थियो।

मन्त्रिपरिषद्को जफतसम्बन्धी निर्णयविरुद्ध परेको रिटमा सर्वोच्च अदालतले उत्प्रेरण आदेशबाट बदर गरेको थियो। भूमिसुधार अधिकारीमार्फत जफतको निर्णय हुनुपर्नेमा मन्त्रिपरिषद्बाट भएको तथा जग्गाधनीलाई सुनुवाइको मौकासमेत नदिई निर्णय गरिएको भन्दै सर्वोच्चले बदर गरेको थियो।

भूमि व्यवस्था मन्त्रालयको छानबिन प्रतिवेदनअनुसार त्यसमध्ये हदबन्दी छल्न पञ्चायतकालमै १० बिघा १७ कट्ठा जग्गा रिजाल टासी इन्डस्ट्रिजको नाममा नामसारी भइसकेको छ। ४ साउन ०४१ मा सो जग्गा बिक्री भएको थियो। त्यस्तै, एक बिघा तीन कट्ठा साढे दुई धुर मोही लक्ष्मीप्रसाद घिमिरेलाई दिएको देखिन्छ। जसअनुसार अहिले सो कम्पनीका नाममा ३८ बिघा १० कट्ठा जग्गा छ। हदबन्दी छुट लिइएकोमध्ये तीन बिघा ६ कट्ठा जग्गा कहाँ पुग्यो भन्ने त मन्त्रालयले समेत पत्ता लगाउन सकेको छैन।

## बलात्कार मुद्दामा...

पृष्ठ १ बाट क्रमशः

भन्दै पार्टी आयोजना गरिएको थियो। जसमा डिएसपी बस्नेत, प्रहरी निरीक्षक श्रेष्ठ, अर्का प्रहरी निरीक्षक उदयकुमार राई तथा एक दिनअघि सफाइ पाएका आकाश आदर्शसहित सहभागी थिए।

आदर्शले सञ्चालन गरेको राजविराजको तन्दुरी रेस्टुरेन्टमा काम गर्ने एक महिलाले उनीमाथि जबर्जस्ती करणी गरी भिडियो बनाई सार्वजनिक गरिदिन्छु भन्दै धम्क्याएको भन्दै ०८१ असोजमा जिल्ला प्रहरी कार्यालय सप्तरीमा जाहेरी दिएकी थिइन्। सोही जाहेरीका आधारमा प्रहरीले आदर्शलाई राजविराजबाट नियन्त्रणमा लिएर प्रहरी निरीक्षक मनीष श्रेष्ठलाई अनुसन्धान अधिकृत तोक्दै अनुसन्धान सुरु गरेको थियो। जिल्ला सरकारी वकिल कार्यालयमार्फत सप्तरी जिल्ला अदालतमा पेस गर्दा थुनछेक बहसका क्रममा आदर्श पाँच लाख धरौटीमा छुटेका थिए।

प्रहरी निरीक्षक श्रेष्ठले मुद्दाको अनुसन्धान टुंग्याएपछि गत २० कात्तिकमा सप्तरी जिल्ला अदालतमा आरोपपत्र दायर गरिएको थियो। मुद्दाको दसौं पेसीअन्तर्गत ४ जेठमा सप्तरी जिल्ला अदालतका न्यायाधीश रोमनाथ अधिकारीको इजलासले अभियोग दाबी नपुग्ने फैसला गरेको थियो। जिल्ला अदालतबाट सफाइ पाएका आदर्शले ५ जेठमा जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी जितेन्द्रकुमार बस्नेतको निवासभित्र मुद्दाको अनुसन्धान अधिकृत रहेका प्रहरी निरीक्षक श्रेष्ठको बर्थ डे सेलेब्रेसन पार्टी गरेका हुन्।

सप्तरीका डिएसपी बस्नेतले आफ्नो निवासभित्र पार्टी भएको स्वीकार गरेका छन्। 'प्रहरी निरीक्षक मनीष श्रेष्ठ जन्मदिन मनाउन मेरै निवासमा आउनुभयो, आकाश आदर्श पनि थिए,' उनले भने, 'आकाश आदर्शमाथिको मुद्दा र सफाइबारे थाहै भएन।'

प्रहरी निरीक्षक श्रेष्ठले पनि आफ्नो जन्मदिन मनाउन डिएसपी बस्नेतको निवासमा आयोजित कार्यक्रममा आकाश आदर्शसमेत सहभागी रहेको स्विकारे।

यो मुद्दामा पीडित पक्ष अझै दुई तहको अदालत जान सक्ने प्रावधान कायमै छ। 'एक तहको अदालतले सफाइ दिएपछि त्यसको भोलिपल्टै प्रहरी नेतृत्व र अनुसन्धान अधिकारी सोही व्यक्तिसँग डिएसपीको निवासमा पार्टी गर्नुलाई जायज मान्न सकिन्न,' वरिष्ठ अधिवक्ता शैलेन्द्र अम्बेडकरले भने, 'प्रहरीको केन्द्रीय नेतृत्व यस विषयमा गम्भीर बन्नुपर्छ।'

मधेस प्रदेशका प्रहरी प्रमुख डिआईजी उमाप्रसाद चतुर्वेदी यस विषयमा छानविन भइरहेको बताउँछन्। 'तपाईंले चासो राख्नुभएको विषयबारे म जानकार छु। यस विषयमा छानविन भइरहेको छ,' उनले भने।

## अधिवक्ता...

पृष्ठ १ बाट क्रमशः

खुला विश्वविद्यालयबाट एलएलबी तह उत्तीर्ण गरी कानुन व्यवसायीको लाइसेन्सको तयारी गरिरहेका नरेन्द्र सिजापतीले सरकारकै विश्वविद्यालयलाई सरकारकै निकाय काउन्सिलले मान्दिनँ भन्नु लाजमर्दो भएको बताए। 'म खुला विश्वविद्यालयको पासआउट विद्यार्थी हुँ, अधिवक्ताको लाइसेन्सको तयारी पनि गरिरहेको छु, तर काउन्सिलले मान्दैन,' उनले भने, 'विश्वविद्यालयको शिक्षा बार काउन्सिलले मानेन, अहिले बार काउन्सिलले अधिवक्ताको ३३औं लाइसेन्सको परीक्षा गर्दै छ, फारम भर्ने मिति २१ असारसम्म मात्रै छ, तर समस्या समाधान भएको छैन, विश्वविद्यालयले पढाएको विषय सरकारकै निकायले मान्दैनौं भन्न मिल्दैन।' उनले निजी ल कलेजहरूको चलखेलका कारण खुला विश्वविद्यालयका विद्यार्थीलाई अधिवक्ताको परीक्षाबाट वञ्चित गर्न लागिएको आरोप लगाए। निजी ल कलेजहरूले सरकारी क्याम्पसमा विद्यार्थी घटाउन यस्तो खेल खेलेको उनको भनाइ छ।

खुला विश्वविद्यालयका रजिस्ट्रार डा. गोविन्दसिंह विष्टले काउन्सिलले हरेक वर्ष निहुँ खोज्दै आएको तथा अदालतको आदेशको समेत अवज्ञा गरेको बताए। 'एक वर्षअघि नै सर्वोच्चले खुला विश्वविद्यालयका विद्यार्थीलाई काउन्सिलको परीक्षामा सामेल गराउन स्टे अर्डर दिएको थियो, गत वर्ष अदालतको आदेशपछि बल्ल विद्यार्थीले जाँच दिन पाए,' उनले भने, 'तर फेरि यसपटक सूचना निकाल्दा काउन्सिलको परीक्षामा खुला विश्वविद्यालयका विद्यार्थीलाई सहभागी नगराउने भनिएको छ, यो राम्रो भएन, अनलाइनको जमानामा अनलाइन कक्षा पढेको भनेर इस्यु बनाउनु नाजायज हो।' रजिस्ट्रार विष्टका अनुसार काउन्सिलले खुला विश्वविद्यालयले अनलाइनमार्फत पढाउने गरेको र गुणस्तरीय नभएको भन्दै परीक्षामा सामेल गराउन मानेको छैन। तर, गत वर्ष अदालतको स्टे अर्डरपछि परीक्षामा सामेल हुँदा खुला विश्वविद्यालयका विद्यार्थीले उत्कृष्ट अंकसमेत ल्याएका थिए।

खुला विश्वविद्यालय व्यवस्थापन तथा कानुन संकायका डिन अरहन स्थापितले नेपाल बार काउन्सिलले जबर्जस्ती अकुंश लगाउन खोजेको बताए। 'हाम्रो विश्वविद्यालय स्वायत्त हो, यो कानुन र नीति-नियमले चलेको छ, सरकारी एउटा विश्वविद्यालयमाथि काउन्सिलले यसरी अविश्वास गर्नु र विद्यार्थीलाई परीक्षामै सामेल नगराउनु भनेको गलत हो,' स्थापितले भने, 'काउन्सिलले यसरी पढाउनुपर्ने भन्दै ०७४ मा एउटा कार्यविधि दिएको थियो, तर एउटा विश्वविद्यालयले डिजाइन गरेको कोर्स पर्याप्त हुन्छ, काउन्सिलले विश्वविद्यालयलाई मान्यता नदिनु भनेको कानुनविपरीत हो।' उनका अनुसार खुला विश्वविद्यालय 'नेपाल खुला विश्वविद्यालय ऐन, २०७३' अन्तर्गत सञ्चालन भइरहेको छ भने ०७५ देखि औपचारिक रूपमा कक्षा सञ्चालन गरेको छ। विश्वविद्यालयमा कानुन, व्यवस्थापन, समाजशास्त्र तथा शिक्षा, विज्ञान, प्रविधि तथा स्वास्थ्य संकायका कार्यक्रम सञ्चालन हुने गरेका छन्। बार काउन्सिलका सचिव श्रीराम खनाल भने खुला विश्वविद्यालयले काउन्सिलले जारी गरेको कार्यविधिको अटेर गरेकाले काउन्सिलको परीक्षामा सामेल गराउन नसकेको बताए। 'हामीले कोर्स, भौतिक संरचना, पठनपाठनलगायतबारे कार्यविधि बनाएका थियौं, तर कार्यविधि पालना नगरेको पाइएपछि परीक्षामा सामेल गराउन नसकिएको हो, यसको निकास अदालत नै हो,' उनले भने, 'अझै पनि निकास खोज्न सक्ने समय छ, २१ असारसम्म फारम भर्ने समयसीमा छ।' उनले सर्वोच्चको यसअघिको आदेश र फैसलाको पूर्णपाठ माग गरेको र त्यसका आधारमा पनि यो समस्याको गाँठो फुकाउन सकिने बताए।

**परामर्श सेवा खरिद सम्बन्धि कारबाही रद्ध गरिएको सूचना**

मिति : २०८२/०३/११ (25th June 2025)

यस कार्यालयबाट मिति २०८२/०१/१७ (30th April 2025) मा Geophysical Survey (ERT/VES) for Deep Tubewell Projects at Gorkha District कार्य (ठेक्का न. GWRIO/Nawalpur/CS/RFP-01/081-82) को नयाँ पत्रिका राष्ट्रिय दैनिक, सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) र यस कार्यालयको वेबसाइट मा Request for Expression of Interest (EOI) सम्बन्धि प्रकाशन भएको सूचना बमोजिमको सम्पूर्ण खरिद कारबाही प्राविधिक कारणले गर्दा सार्वजनिक खरिद ऐन २०६३ को दफा ३६ को व्यवस्था बमोजिम रद्ध गर्ने भनि यस कार्यालय बाट मिति २०८२/०३/१० गते निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

कार्यालय प्रमुख
**भूमिगत जलश्रोत तथा सिंचाई कार्यालय**
नवलपरासी (वर्दघाट सुस्ता पूर्व)

**Karnali Province Government**
**Ministry of Physical Infrastructure and Urban Development**
**Provincial and Local Road Improvement Program (PLRIP)**
**Provincial Project Management Unit (PPMU)**
**Birendranagar, Surkhet**

**Letter of Intent (LOI)**

**Date of Publication: 2082/03/11 (25th June, 2025)**

**As per section 27 (2) of Public Procurement Act, 2063,** this is notify to all concerned bidders that, it is our intention to award the contract for the IFB no. **03/PLRIP/KR/2081/082** published on The Naya Patrika dated **2081/12/21 (3rd April, 2025)** to the following bidder selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S. N. | Contract ID No | Description of Works | Name and Address of the Successful Bidder | Accepted Bid Amount Including VAT and PS (NRs.) |
|---|---|---|---|---|
| 1 | PLRIP-KR-W-NCB-UG-01-080/081 | Upgrading of Galfagad to Thadakate Road (Galfagad- Shreenagar Section) Adanchuli Rural Municipality, (Chainage 0+000-9+990) Humla | Oasis Engineers & Builders Pvt. Ltd. Bharatpur-2, Chitwan | 28,17,64,468.93 |

**Office Chief**

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७७

## एसिसी यू-१६ इस्ट जोन कप

# नेपालको लगातार दोस्रो जित

**नयाँ पत्रिका**

नेपाली युवा टोलीले एसिसी पुरुष यू-१६ इस्ट जोन क्रिकेट प्रतियोगितामा लगातार दोस्रो जित निकालेको छ। मलेसियाको क्वालालम्पुरस्थित कलेज तुअन्कु जाफ ओभलमा मंगलबार भएको खेलमा नेपालले जापानलाई नौ विकेटले हराएको हो। यसअघि पहिलो खेलमा नेपालले सिंगापुरलाई पाँच विकेटले सहजै पाखा लगाएको थियो। सहभागी टोलीमध्ये नेपालपछि बलियो जापानले ब्याटिङ र बलिङमा प्रभावशाली प्रदर्शन गर्न सकेन।

एसियाली राष्ट्रमा उदाउँदो क्रिकेट राष्ट्र जापानले नेपालविरुद्ध पहिलो ब्याटिङ गऱ्यो। फर्ममा रहेको नेपाली बलरसामु जापानले लामो समय ब्याटिङ गर्न सकेन। जापान ३४.३ ओभरमा ८० रनमै समेटियो। जापान कम योगफलमा समेटिँदा नेपालका शुभम खनालले घातक बलिङ गरेका थिए। उनले १० ओभरमा १५ रन खर्चेर पाँच विकेट हात पारे। यसैगरी, अभय यादवले दुई विकेट लिए। सुशील रावल र विपिनप्रसाद शर्माले समान जापानका एक ब्याट्सम्यानलाई पेभेलियन पठाए।

### नेपालको बलियो ब्याटिङ

नेपालले ८१ रन लक्ष्य पछ्याएको थियो। जोय थापा र प्रसिद्ध जैशीले पहिलो विकेटका लागि ओपनिङ गरेका थिए। तर, नेपालको सुरुवात राम्रो भएन। इनिङ्सको २.५ ओभरमा नेपालले पहिलो विकेट गुमायो। ओपनर जोयलाई केसई कावायासीले गावाबाट क्याचआउट पारे। जोयले सात बलमा एक रन मात्र बनाए। नेपालले पहिलो विकेट गुमाउँदा स्कोर बोर्डमा पाँच रन मात्र थियो। सुरुवात धमम्राएको ब्याटिङमा प्रसिद्ध र शिवांश बजगाईंले दोस्रो विकेटका लागि ७६ रनको साझेदारी गर्दै सानदार नौ विकेटको जित दिलाए।

नेपालले केवल १४.२ ओभरमा लक्ष्य पूरा गरेको थियो। नेपालको ब्याटिङ इनिङ्सको रनरेट ५.६५ रहेको थियो। नेपालको जितमा प्रसिद्धले पुनः एकपटक उत्कृष्ट ब्याटिङ प्रदर्शन गरेका थिए। उनले ३७ बलमा तीन चौकाको सहयोगमा ३३ रनको योगदान दिए। उनले सिंगापुरविरुद्ध अर्धशतकीय इनिङ्स खेलेका थिए। शिवांशले ४२ बलमा सात चौका प्रहार गरी ३८ रन बटुले। नेपालको ब्याटिङमा एक छक्का पनि प्रहार भएन।

जापानका सात बलरले नेपालविरुद्ध बलिङ गरेका थिए। केसईबाहेक अन्य कुनै पनि बलरले विकेट हात पार्न सकेनन्। इरिक ह्यारिसन सबैभन्दा खर्चिलो बलर बने। उनले २ ओभरमा २१ रन खर्चेका थिए। यसैगरी, ईशान लालले दुई ओभरमा १० रन दिए। हुगोले दुई ओभर बलिङ गरी चार रन मात्र खर्चेका थिए। नेपालका प्रसिद्ध र शिवांशले ६९ बलमा विजी साझेदारी गरेका थिए।

### शुभमको घातक बलिङ

जापानले नेपालविरुद्ध बलियो योगफल बनाउने उद्देश्यका साथ पहिलो ब्याटिङ गऱ्यो। तर, बायाँहाते बलर शुभमले आफ्नो पूरै १० ओभरको स्पेलमा जापानको ब्याटिङ अर्डर ध्वस्त पारे। उनले जापानका मध्य तथा पुछार ब्याट्सम्यानलाई आउट पारे। जापानले सुभमका तीन ओभरमा रनै लिन सकेन। शुभमले आफ्नो बलिङ स्पेलमा १.५ रनरेट राखेका थिए। जापानको ब्याटिङ कमजोर बनाउनमा कप्तान विपिनप्रसाद शर्माले पनि कसिलो बलिङ गरे। उनले ८.३ ओभरमा दुई मेडन राखी १७ रन खर्चेर एक विकेट हात पारे। अभयले दुई विकेट लिन प्रतिओभर ४.१५ औसतमा बलिङ गरे। नेपालका बलरले समग्रमा आठ ओभर मेडन फ्याँकेका थिए। सुसील बहादुर रावल, विपिन, सुभम र सचिन भट्टले मेडन ओभर गरेका हुन्।



शुभम खनाल

> जापानले दिएको ८१ रनको लक्ष्य १४.२ ओभरमा एक विकेट गुमाएर नेपालले पूरा गऱ्यो। जापानलाई कम योगफलमा सीमित बनाउन शुभम खनालले १५ रन खर्चेर पाँच विकेट लिए।

### जापानले गुमायो नौ रनभित्र चार विकेट

नेपाली बलरले अनुशासित रूपमा बलिङ गरे पछि जापानको ब्याटिङ सोचे जस्तो भएन। इनिङ्सको १०.४ ओभरमा जापानले चार विकेट गुमाइसकेको थियो। जापानले स्कोर बोर्डमा ३६ रन मात्र जोडेको थियो। त्यसपछि गाबी हराजिन्जे र चार्लिएबिच छैटौँ विकेटका लागि ५२ बलमा २९ रनको साझेदारी भयो। चार्लिए इनिङ्सको २१.४ ओभरमा आउट भए। उनी आउट हुँदा जापान ७१-६ को स्थितिमा रह्यो। त्यसपछि जापानले स्कोर बोर्डमा थप नौ रन बनाउँदा बाँकी चार विकेट पनि गुमायो। जापानको ब्याटिङमा कप्तान चार्लिएले सर्वाधिक ३६ रनको योगदान दिए। उनले ४८ बलमा चार चौका प्रहार गरे। गावीले ३० बलमा १३ रन जोडे। जापानका नौ खेलाडीले दोहोरो रनै बनाएनन्। यसमध्ये तीन खेलाडी सुन्य रनमा सीमित भए।

### शीर्ष स्थानमा नेपाल

लगातार दोस्रो जितपछि नेपालले दुई खेलमा चार अंक जोडेको छ। नेपाल समूह 'ए'को शीर्ष स्थानमा छ। पहिलो हार व्यहोरेको जापान दुई खेलबाट २ अंकसहित दोस्रोमा छ। नेपालले अब तेस्रो खेलमा २९ जुनमा इन्डोनेसियासँग खेल्नेछ। यू-१६ इस्ट जोन कपमा नेपालसहित १० टोलीको सहभागिता छ। नेपालको समूहमा सिंगापुर, इन्डोनेसिया, जापान र भुटान छन्। प्रतियोगिताको साबिक विजेता नेपाल हो।

**समूह 'ए'**

| राष्ट्र | खेल | जित | हार | अंक | रनरेट |
|---|---|---|---|---|---|
| नेपाल | २ | २ | ० | ४ | २.४१ |
| जापान | २ | १ | १ | २ | १.१५ |
| सिंगापुर | १ | ० | १ | ० | -१.३८ |
| भुटान | १ | ० | १ | ० | -४.३० |

# बंगलादेशसँग नेपालको मैत्रीपूर्ण खेलको प्रस्ताव



फाइल तस्बिर

**नयाँ पत्रिका**

नेपालले बंगलादेशसँग एक अन्तर्राष्ट्रिय मैत्रीपूर्ण फुटबल प्रतियोगिताका लागि प्रस्ताव राखेको छ। बंगलादेश फुटबल महासंघ (बिएफएफ)का उपाध्यक्ष फहाद करिमले अन्तर्राष्ट्रिय मिडियालाई नेपालले सेप्टेम्बर फिफा विन्डोमा मैत्रीपूर्ण खेलको प्रस्ताव गरेको जानकारी दिएका छन्। 'आगामी सेप्टेम्बरमा नेपालले एक मैत्रीपूर्ण खेलको प्रस्ताव आएको छ,' करिमले भने।

अखिल नेपाल फुटबल संघ (एन्फा)ले एएफसी एसियन कपअन्तर्गत तेस्रो चरणको खेलअगाडि बंगलादेशसमक्ष मैत्रीपूर्ण खेलको प्रस्ताव गरेको छ। नेपालले एसियन छनोटमा दुवै खेल गुमाएको छ। नेपाल पहिलो खेलमा मलेसियासँग २-० र दोस्रो खेलमा लाओससँग एक गोलको अन्तरले पराजित भएको थियो।

> आगामी सेप्टेम्बरमा एसियन कप छनोटअन्तर्गत भियतनामसँग प्रतिस्पर्धा गर्नुअघि नेपालले बंगलादेशसँग फिफा डेमा एक मैत्रीपूर्ण खेलको प्रस्ताव राखेको छ

इतिहासमै पहिलोपटक नेपाल लाओससँग २-१ ले पराजित भएको थियो। यसअघिका सात खेलमा नेपालले लाओससँग अपराजित प्रदर्शन गरेको थियो। नेपालले आउँदो अक्टोबरमा हुने भियतनामविरुद्धको एएफसी एसियन कप छनोट खेल्नेछ। तर, बंगलादेशले नेपालभन्दा माथिल्लोस्तरका टोलीसँग खेल्ने तयारी गरिरहेको छ। प्रिमियर लिग खेल्ने हम्जा चौधरी भित्र्याएसँगै बंगलादेशी फुटबल टोली चर्चामा आएको छ।

### बंगलादेशको योजना युरोपियन राष्ट्रसँग खेल्ने

बंगलादेशले भने मैत्रीपूर्ण खेलका लागि सात युरोपेली राष्ट्रसँग प्रस्ताव राखेको थियो। तर, युरोपियन खेल तालिकाको कारण बंगलादेशको योजना सफल भएन। युरोपियन राष्ट्रमा लुथिनियाले मात्र बंगलदेशको मैत्रीपूर्ण खेलको प्रस्ताव स्विकारेको थियो। त्यसपछि बंगलादेशले नेपालको प्रस्तावमाथि छलफल थालेको हो। बंगलादेशले अफगानिस्तान, यमन र चाइनिज ताइपेईसँग पनि मैत्रीपूर्ण खेलका लागि प्रस्ताव राखेको छ। श्रीलंकाले आयोजना गर्न लागेको चारदेशीय फुटबल प्रतियोगिता खेल्ने योजनामा पनि बंगलादेश रहेको छ। एसियन कपको छनोटमा लगातार दुई खेल गुमाउँदा नेपाल लगभग प्रतियोगिताबाट बाहिरिसकेको छ।

### हङकङसँगको मैत्रीपूर्ण खेल

फिफा वरीयता सुधार गर्न र भियतनामविरुद्धको खेलमा जित निकाल्नका लागि मैत्रीपूर्ण फुटबल प्रस्ताव राखेको हो। एन्फा र मुख्य प्रशिक्षक रोस म्याटले खेलाडीलाई अन्तर्राष्ट्रिय खेलको एक्सपोज दिलाउन अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा ध्यान दिएका छन्।

यसअघि लाओससँगको खेलअगाडि नेपालले सन् १९८७ पछि हङकङसँग मैत्रीपूर्ण खेल खेलेको थियो। नेपालले हङकङलाई गोलरहित बराबरी रोकेको थियो।

## खेल संक्षेप

### वारियर्सलाई एसडब्लुएससी कप



**काठमाडौं**/ मनास्लु र वारियर्सले एसडब्लुएससी एसइई श्री बाई श्री बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन्। प्रतियोगिताको मंगलबार भएको फाइनल खेलमा मनास्लु पुरुष र वारियर्स महिलातर्फ च्याम्पियन बनेका हुन्। पुरुषतर्फको उपाधि भिडन्तमा मनास्लुले बिएमकेलाई १८-१७ ले पराजित गऱ्यो। महिलाको फाइनलमा वारियर्सले भ्याली पब्लिकलाई १३-१२ ले हरायो। दुवै विजेताले १५ हजार र उपविजेताले १० हजार रुपैयाँ पाए। विजेता टोलीका प्रत्येक खेलाडी र 'मोस्ट भ्यालुएबल प्लेयर'ले ५० प्रतिशत छात्रवृत्ति पनि पाउनेछन्। उपविजेतालाई ४० प्रतिशत तथा सहभागी टिमका खेलाडीलाई २० प्रतिशत छात्रवृत्ति प्रदान गरिनेछ।

मनास्लु र वारियर्सको यो दोस्रो उपाधि हो। यसअघि मनास्लु र वारियर्सले प्रथम एलएनए एसइई कप श्री बाई श्री बास्केटबल प्रतियोगिताको उपाधि जितेका थिए। पुरुषमा मनास्लुका शुभम सैँजू र महिलामा वारियर्सकी दिव्यान्शा कार्की 'मोस्ट भ्यालुएबल प्लेयर' घोषित भए। दुई दिनसम्म चलेको प्रतियोगिताको पुरुषमा ३२ तथा महिलामा १८ टोलीले लिग कम नकआउट आधारमा प्रतिस्पर्धा गरेका थिए।

### नेपालले एसियन युथ टेबुलटेनिसमा भाग लिने

**काठमाडौं**/ एसियाली युथ टेबुलटेनिस च्याम्पियनसिपको २९औँ संस्करणमा नेपालले प्रतिस्पर्धा गर्ने भएको छ। प्रतियोगितामा सहभागी हुन नेपालका ६ खेलाडीसहित आठ सदस्यीय टोली बुधबार उज्वेकिस्तान जाँदै छ। १२ देखि १८ असारसम्म हुने प्रतियोगितामा समान तीन पुरुष महिला खेलाडीले प्रतिस्पर्धा गर्नेछन्।

पुरुषमा प्रवेश बस्नेत, हिमाल विष्ट र गनञ्जय दाहाल छन्। महिलामा योंगी पौडेल, वियंका राई र इभाना थापाले प्रतिस्पर्धा गर्ने छन्। नेपाली टोलीको प्रमुखमा ज्याकी महर्जन तथा प्रशिक्षकमा मोहनदास वासुकला रहेका छन्। टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले बिदाइ गरे।

### युरोपमा सहभागी हुँदै भूपेन्द्र

**काठमाडौं**/ उमा कुङफु खेलाडी भूपेन्द्र गुरुङ र सुदेन गुरुङ वर्ल्ड युनाइटेड मार्सल आर्ट्स (उमा) युरोपियन च्याम्पियनसिपमा सहभागी हुने भएका छन्। बेलायतको चेल्टेनह्याममा २९ जुनमा हुने प्रतियोगितामा भूपेन्द्र र सुदेनले समान दुई स्पर्धामा प्रतिस्पर्धा गर्ने छन्।

भुपेन्द्रले चाइनिज ट्रेडिसनल फम र सफ्ट स्टायलमा प्रतिस्पर्धा गर्ने छन्। अन्तर्राष्ट्रिय प्रतियोगिता 'डेब्यु' गर्न लागेका सुदेनले चाइनिज क्रिएटिभ फम र चाइनिज ट्रेडिसनल फममा सहभागिता जनाउनेछन्। बेलायतमा भूपेन्द्रले वर्ल्ड मार्सल आर्ट्स कमिटी (डब्लुएमएसी) को आयोजनामा हुने अन्तर्राष्ट्रिय डब्लुएमएसी जर्मन ओपन प्रतियोगितामा सहभागी हुनेछन्।

### ओलम्पिक सोलिडारिटी कोर्स सुरु

**काठमाडौं**/ नेपाल गल्फ संघ (एनजिए)को आयोजनामा गल्फ ओलम्पिक सोलिडारिटी कोर्स सुरु भएको छ। अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी), अन्तर्राष्ट्रिय गल्फ महासंघ (आइजेएफ) र नेपाल ओलम्पिक कमिटी (एनओसी)को सहयोगमा तीन दिनसम्म गल्फको सोलिडारिटी कोर्स आयोजना हुन लागेको हो। कोर्समा गल्फ खेलको प्रशिक्षण सम्बन्धित विभिन्न पक्षलाई समेटिनेछ। कोर्समा देशभरका विभिन्न गल्फ क्लबबाट प्रशिक्षक तथा खेलाडी गरी कुल २५ जनाको सहभागिता रहेको छ।

# इन्टर मियामीको कमजोर डिफेन्स



**एजेन्सी**/ लियोनल मेसी आबद्ध इन्टर मियामी दुई गोलको अग्रता रक्षा गर्न नसक्दा क्लब फिफा विश्वकप फुटबल प्रतियोगितामा ब्राजिलियन टोली पाल्मिरससँग २-२ को बराबरीमा रोकिएको छ। मियामीले अन्तिम समयमा रक्षात्मक खेल खेल्यो। पाल्मिरसले मियामीको रक्षात्मक रणनीतिको फाइदा लिँदै बराबरी गोल फर्कायो। पाल्मिरसले खेलको ८०औँ र ८७औँ मिनेटमा गोल गरी इन्टर मियामीलाई बराबरीमा रोकेको हो। बराबरीसँगै समूह 'ए'मा तीन खेलबाट ५ अंक जोड्दै इन्टर मियामी र पाल्मिरस प्रिक्वार्टरफाइनलमा पुगेका छन्। गोलअन्तरका आधारमा पाल्मिरस समूह विजेता बन्यो। इन्टर मियामीले फ्रेन्च क्लब पेरिस सेन्ट जर्मन (पिएसजी)को सामना गर्नेछ। पाल्मिरस ब्राजिलकै बोटाफोगोसँग भिड्नेछ।

# उपाधिका लागि एपिएफ र न्यु डाइमन्ड भिड्ने

**मकवानपुरमा** पोष्टराज अधिकारी

हेटौँडामा चलिरहेको नेकोस कप राष्ट्रिय महिला भलिबल प्रतियोगिताको उपाधिका लागि विभागीय टोली नेपाल एपिएफ र न्यु डाइमन्ड क्लबबिच भिडन्त हुने भएको छ। प्रतियोगिताको मंगलबार सम्पन्न सेमिफाइनलमा जित निकाली एपिएफ र न्यु डाइमन्ड फाइनलमा पुगेका हुन्। एपिएफले नेपाल पुलिस क्लबलाई ३-० को सहज सेटमा हरायो।



हुप्रचौरको भलिबल कोर्टमा एपिएफ २५-२१, २५-१८ र २५-२१ ले विजयी भयो। दोस्रो सेमिफाइनलमा न्यु डाइमन्डले गण्डकी प्रदेशमाथि २५-१५, २५-११ र २५-१६ को जित निकाल्यो। एपिएफ र न्यु डाइमन्डबिच प्रतियोगिताको उद्घाटन खेलमा आमनेसामने भएको थियो। जसमा न्यु डाइमन्डले एपिएफलाई २७-२५, २५-१५ र २५-२२ को सोझो सेटमा पराजित गरेको थियो।

समूह चरणमा समूह 'क'बाट पुलिस विजेता र गण्डकी उपविजेता बनेका थिए। समूह 'ख'बाट न्यु डाइमन्ड विजेता र एपिएफ उपविजेता बन्दै सेमिफाइनलमा प्रवेश गरेका थिए। ६ टोली सहभागी प्रतियोगिताको फाइनल खेल बुधबार हुनेछ।

प्रतियोगिताको विजेताले पाँच लाख रुपैयाँ, उपविजेताले तीन लाख रुपैयाँ, तेस्रो हुनेले एक लाख रुपैयाँ पाउने आयोजकले जनाएको छ। चौथो हुनेले ५१ हजार रुपैयाँ पाउनेछ। यसैगरी, विधागत उत्कृष्ट खेलाडीले जनही पाँच हजार रुपैयाँ पाउनेछन्।

# भारतका ऋषभलाई आइसिसीको चेतावनी

**एजेन्सी**

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले भारतीय क्रिकेट टोलीका विकेटकिपर ब्याट्सम्यान ऋषभ पन्तलाई चेतावनी दिएको छ। लिड्समा इंग्ल्यान्डविरुद्ध पहिलो टेस्टको दौरान आइसिसीको आचार संहिताको लेभल १ उल्लंघन गरेको भनी ऋषभलाई दोषी ठहर गर्दै चेतावनी दिएको हो। इंग्ल्यान्डविरुद्धको पहिलो टेस्टमा उनले उत्कृष्ट ब्याटिङ गरेका थिए। पहिलो तथा दोस्रो इनिङ्समा उनले शतकीय योगदान दिए। ऋषभले पहिलो इनिङ्समा १३४ रन र दोस्रो इनिङ्समा ११८ रन जोडे।

इंग्ल्यान्डको पहिलो ब्याटिङ इनिङ्सको दौरान मैदानमा देखाएको अभद्र व्यवहारका लागि ऋषभले चेतावनी पाएको आइसिसीको भनाइ छ। आइसिसी आचार संहिताको धारा २.८ उल्लंघन गरेकोमा उनी दोषी पाइएको छ। यो धाराअनुसार अन्तर्राष्ट्रिय खेल सञ्चालन गरिरहेका अम्पायरको निर्णयविरुद्ध जान नपाउने उल्लेख छ। इंग्ल्यान्डको इनिङ्सको ६१औँ ओभरमा ह्यारी ब्रुक र बेन स्टोक्स ब्याटिङ गरिरहेका थिए। त्यसवेला ऋषभले बलको अवस्थाबारे अम्पायरसँग छलफल गर्न पुगे। उनको मनसाय नयाँ बल प्रयोग गर्नु थियो। अम्पायरहरूले बल परीक्षण गरेपछि बल बदल्न अस्वीकार गरे। तर, विकेटकिपर ब्याट्सम्यान ऋषभले अम्पायरको निर्णयमा सहमति जनाएनन्। उनले अम्पायरको अगाडि भुइँमा बल फालेर रिस पोखेका थिए।



> इंग्ल्यान्डको पहिलो ब्याटिङ इनिङ्सको ६१औँ ओभरमा अम्पायरको निर्णयविरुद्ध असहमति जनाउँदै भारतका विकेटकिपर ऋषभ पन्तले बल मैदानमा फ्याँकेका थिए। आइसिसीले यसलाई आचारसंहिताको धारा २.८ विरुद्ध मानेको छ।

### ५० प्रतिशत म्याच फी जरिवाना

दिनको समाप्तिपछि ऋषभले आफ्नो गल्ती सच्याए। उनले प्रस्तावित सजाय मानेका कारण आइसिसीले थप अनुशासनात्मक सुनुवाइको आवश्यकता नपरेको जनाएको छ। 'जब अम्पायरले बल परिवर्तन गर्न चाहेनन् भारतका विकेटकिपर ऋषभ मान्न तयार देखिएनन्,' आइसिसीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'उनले बल मैदानमै फ्याँक्दै आफ्नो असहमति जनाए, यो भनेको आइसिसीको आचार संहिता धारा २.८ विरुद्ध जानु हो।' अनफिल्ड अम्पायरमा क्रिस गफाने र पल राइफल छन्। थर्ड अम्पायर सरफुद्दौला साहिद र फोर्थ अफिसियल माइक बर्न्सले छन्।

लेभल १ को उल्लंघनमा न्यूनतम सजाय आधिकारिक चेतावनी तथा अधिकतम सजाय खेलाडीको म्याच शुल्कको ५० प्रतिशत जरिवाना हो। यसबाहेक खेलाडीले र एक वा दुई डिमेरिट अंक हुन्छ। अनुशासनात्मक रेकर्डमा एक डिमेरिट अंक पनि ऋषभको थपिएको छ। यो एक वर्षमा उनका पहिलो गल्ती हो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com